# गाउँपालिकाको
# शिक्षा क्षेत्रको आवधिक योजना

(२०८३/०८४ - २०८७/०८८)



प्रकाशक

## मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत



# गाँउ शिक्षा योजना

## मोदी गाँउपालिका

(२०८३/२०८४—२०८७/२०८८)

<u>प्रकाशक</u>

**मोदी गाँउपालिका**

गाँउ कार्यपालिकाको कार्यालय

# अध्यक्षको शुभकामना

शिक्षा समृद्ध समाज निर्माणको आधारशीला हो। गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षाको विकास बिना दिगो सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरण सम्भव हुँदैन। नेपालको संविधानले शिक्षालाई नागरीकको मौलिक हकका रूपमा सुनिश्चित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन र विकासको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यही संवैधानिक व्यवस्था, स्थानीय आवश्यकता तथा समयानुकूल शैक्षिक चुनौतीलाई आत्मसात गर्दै मोदी गाउँपालिका, पर्वतले "गाउँ शिक्षा योजना (२०८३/०८४-२०८७/०८८)" तर्जुमा गरेको हो। मोदी गाउँपालिकामा पछिल्ला वर्षहरूमा शैक्षिक पहुँच विस्तार, विद्यालय पूर्वाधार विकास तथा विद्यार्थी भर्ना दरमा उल्लेखनीय प्रगति भएको भए तापनि सिकाइ उपलब्धि अभिवृद्धि, शिक्षण-सिकाइको गुणस्तर सुधार, प्रविधिमैत्री शिक्षाको विकास, शिक्षकको पेशागत क्षमता अभिवृद्धि तथा विद्यालय व्यवस्थापनका क्षेत्रमा अझै योजनाबद्ध सुधार आवश्यक रहेको छ। विशेष गरी भौगोलिक विकटता, सामाजिक-आर्थिक असमानता, लैङ्गिक विभेद तथा अपाङ्गतासम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समान अवसरसहित गुणस्तरीय शिक्षा प्राप्त गर्न नसकेको यथार्थलाई यस योजनाले गम्भीरतापूर्वक आत्मसात गरेको छ।

प्रस्तुत गाउँ शिक्षा योजना स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन, सम्भावना तथा समुदायको अपेक्षालाई आधार मानी तयार गरीएको दीर्घकालीन मार्गदर्शक दस्तावेज हो। यस योजनाले विद्यालय शिक्षा क्षेत्र योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय शिक्षा नीति तथा स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानसँग समन्वय कायम गर्दै गाउँपालिकाको शिक्षा प्रणालीलाई थप व्यवस्थित, समावेशी, उत्तरदायी तथा परिणाममुखी बनाउने लक्ष्य लिएको छ। हाम्रो विश्वास छ'शिक्षा केवल विद्यालयको औपचारिक सीमाभित्र सीमित विषय होइन, यो सभ्य, सक्षम र जिम्मेवार नागरीक निर्माण गर्ने निरन्तर प्रक्रिया हो। त्यसैले बालमैत्री, समावेशी, सुरक्षित तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षक तथा कर्मचारीको क्षमता विकास, अभिभावक र समुदायको सक्रिय सहभागीता तथा सुशासनयुक्त शैक्षिक व्यवस्थापनमार्फत शिक्षा क्षेत्रमा दिगो सुधार हासिल गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं।

यस योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय, निजी क्षेत्र तथा विकास साझेदार सबै पक्षको सक्रिय सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य रहनेछ। सामूहिक प्रयास, प्रभावकारी कार्यान्वयन र निरन्तर अनुगमनमार्फत मोदी गाउँपालिकालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा सिकाइमैत्री शिक्षाको नमुना स्थानीय तहका रूपमा स्थापित गर्ने दृढ संकल्प व्यक्त गर्दछु।

**हिरादेवी शर्मा**
**अध्यक्ष**
**मोदी गाउँपालिका, पर्वत**

# उपाध्यक्षको शुभकामना

हामी गाँउपालिकाको शिक्षा क्षेत्र योजना (२०८३/०८४-२०८७/०८८) निर्माण गरी कार्यान्वयनको पूर्वसन्ध्याको महत्वपूर्ण समयमा छौं। यस योजनाले गुणस्तरीय शिक्षामा नागरीकको सहज पहुँच स्थापना गर्न सफल हुनेछ। शिक्षाको माध्यमबाट बजारको माग र हाम्रा आवस्यकतालाई जोड्ने गरी मानव संसाधनको विकासमा यस योजनाले टेवा पुर्याउने छ। योजना सफल हुन योजना कार्यान्वयनमा आउन सक्ने समस्या र चुनैतिहरुलाई हामी सबैको पहलकदमीबाट किनारा लगाउन सामूहिक प्रयास गर्नु अत्यावस्यक छ। जसका लागि हामी सबैको सक्रिय सहभागीता र सरोकारवालाहरुको वीचमा हातेमालो गर्नु पर्ने छ।

शिक्षा क्षेत्र सदैव गाँउपालिकाको प्राथमिकताको क्षेत्र रहदैं आएको छ। यद्यपि योजनावद्ध प्रयासहरुलाई व्यबस्थित तवरले अगाडि लैजानका लागि यो शिक्षा क्षेत्रको आवधिक योजना तयार पारिएको छ। मलाई विश्वास छ कि यस योजनाले गाँउपालिकाको शिक्षा क्षेत्रलाई थप स्पष्ट रुपमा मार्गदर्शन प्रदान गर्नेछ। हाम्रा प्राथमिकता र कार्यनीतिहरुलाई हृदयंगम गरी हामी एउटा व्यवस्थित प्रयासमा जुट्ने छौं। अन्त्यमा म एकपटक यस योजनाको शुभारम्भका अवसरमा सरोकारवाला सबैमा हार्दिक बधाई व्यक्त गर्दै यसको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

**विमल लामिछाने**
**उपाध्यक्ष**
**मोदी गाँउपालिका, पर्वत**

# प्रमुख प्रशासकीय अधिकृतको शुभकामना

समाज विकासको मेरुदण्ड मानवीय संसाधनको समूचित विकास हो। सभ्य र व्यबस्थित समाजको परिकल्पना मानव संसाधन विकास मार्फत मात्र सम्भव छ। मानव संसाधन विकासको माध्यम शिक्षा हो भने शिक्षाको मूख्य आधार विद्यालय शिक्षा नै हो। शिक्षाको विस्तार र विकास मार्फत अपेक्षित आकांक्षाहरु पूरा गर्ने व्यबस्थित खाका वा योजना जरुरी छ। योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिका लागि प्राथमिकताहरुमा लगानी गर्दै उच्चतम् परिणाम प्राप्त गर्न हामीहरुले व्यबस्थित प्रयास गर्नै पर्दछ। मोदी गाँउपालिका आफ्नो समृद्धको महत्वकाङ्क्षालाई आधार तयार गर्नका लागि शिक्षा क्षेत्रलाई व्यबस्थित तथा योजनाबद्ध रुपमा अगाडि वढाउन चाहन्छौं। यसै सन्दर्भमा सरोकारवालाहरुको सहभागीतात्मक प्रयासलाई व्यबस्थित एवम् लगानीलाई प्रतिफलमुखि वनाउन मोदी गाँउपालिकाको शिक्षा क्षेत्र योजना तयार पारिएको हो।

योजनावद्ध प्रयासलाई कार्यान्वयनको कसिमा सफलता पूर्वक लागू गरी अधिकतम् प्रतिफल प्राप्त गर्न आआफ्नो स्थानबाट सरोकारवाला सबै पक्षहरुले सामूहिक तथा सहभागीतात्मक प्रयास गर्न सबैमा हार्दिक अनुरोध गर्दै कार्यालयको तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु। साथै योजना तर्जुमा प्रकृयामा सहभागी सबैका प्रति विशेष आभारसहित विशेष धन्यवाद दिन चाहन्छु।

बाबुराम पुरी
**प्रमुख प्रशासकीय अधिकृत**
**मोदी गाँउपालिका, पर्वत**

# एकाइ प्रमुखको शुभकामना

गुणस्तरीय, समतामूलक, समावेशी तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता आजको आवश्यकता मात्र नभइ समृद्ध समाज निर्माणको आधार पनि हो। नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा दिगो विकास लक्ष्यले परिकल्पना गरेका शैक्षिक उद्देश्यहरूलाई स्थानीय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न दीर्घकालीन शिक्षा योजना अपरिहार्य हुन्छ। यस सन्दर्भमा मोदी गाउँपालिकाले स्थानीय आवश्यकता, सम्भावना, चुनौती तथा सरोकारवालाहरूको सक्रिय सहभागीतामा तयार गरेको **"गाउँ शिक्षा योजना, आर्थिक वर्ष २०८३/०८४-२०८७/०८८"** प्रकाशन हुनु अत्यन्तै हर्ष र गौरवको विषय हो।

यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको यथार्थ विश्लेषण गर्दै आगामी पाँच वर्षका लागि स्पष्ट लक्ष्य, रणनीति, कार्यक्रम तथा उपलब्धिका सूचकहरू निर्धारण गरेको छ। यसले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षा, शिक्षक व्यावसायिक विकास, सिकाइ उपलब्धि अभिवृद्धि, सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षा, समावेशी तथा लैङ्गिक समानतामा आधारित शिक्षाको प्रवर्द्धन, विद्यालय सुशासन, विपद् तथा जलवायु उत्थानशील शिक्षा, प्राविधिक तथा सीपमूलक शिक्षा लगायतका महत्वपूर्ण पक्षहरूलाई समेट्दै स्थानीय शिक्षाको समग्र विकासका लागि स्पष्ट मार्गनिर्देशन प्रदान गर्ने विश्वास लिएको छु।शिक्षा विकास तथा समन्वय इकाइ, पर्वतको तर्फबाट यस योजनाको सफल कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण, प्राविधिक सहयोग तथा सहकार्यमा सदैव प्रतिबद्ध रहने विश्वास दिलाउन चाहन्छु। योजना निर्माणको उद्देश्य यसको प्रकाशनमा मात्र सीमित नरही प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन, तथ्यमा आधारित मूल्याङ्कन तथा प्राप्त उपलब्धिको निरन्तर समिक्षा मार्फत अपेक्षित नतिजा हासिल गर्नु हो। त्यसका लागि गाउँपालिका, विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाबीचको सहकार्य अझ सुदृढ हुन आवश्यक छ।

अन्त्यमा, यस गाउँ शिक्षा योजनाले मोदी गाउँपालिकामा गुणस्तरीय, प्रविधिमैत्री, समावेशी, उत्तरदायी तथा परिणाममुखी शिक्षा प्रणालीको विकास गर्दै सक्षम, सिर्जनशील, नैतिक तथा प्रतिस्पर्धी मानव पूँजी निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दछु। यस योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षबाट पूर्ण प्रतिबद्धता, सक्रिय सहभागीता र निरन्तर सहकार्य रहने अपेक्षासहित हार्दिक शुभकामना व्यक्त गर्दछु। **धन्यवाद**

**मतिलाल चपाईं**
**प्रमुख**
**शिक्षा विकास तथा समन्वय एकाइ, पर्वत**

# शिक्षा अधिकृतको भनाइ

मोदी गाँउपालिका पर्वतको प्रथम आवधिक योजनामा मूख्य आधारित भइ शिक्षाको राष्ट्रिय नीति २०७६ सोचपत्र, २०७९ विद्यालय शिक्षा क्षेत्र योजनाको मर्म समेतलाई मध्यनजर गर्दै गाँउपालिका शिक्षा क्षेत्रको योजना (२०८३/०८४-२०८८/०८९) तयार पारी लागू गर्ने चरणमा हामी छौं। समाजको समूचित विकास मानवीय पक्षको उपयुक्त विकासबाट मात्र दिगो हुन सक्छ। विकासको प्रतिफल प्राप्त गर्न उपयुक्त योजना, उचित लगानी र व्यस्थित प्रयासको जरुरी हुन्छ। यसै सन्दर्भमा मोदी गाँउपालिका पर्वतले शिक्षा क्षेत्रको व्यवस्थित प्रयासलाई उचित आकार दिन गाँउशिक्षा क्षेत्र योजनालाई तयार गरी सोही अनुरुप अगाडि जाने संकल्प गर्नु सम्बन्धित क्षेत्रमा कार्यरत जनशक्ति र शाखाको लागि स्वयम् महत्वपूर्ण उपलब्धी हो। यसको सफल कार्यान्वयनका लागि सरोकारवालाहरुसँग हातेमालो गर्दै अघि वढ्नका लागि हामीले अधिकतम् प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

गाँउ शिक्षा क्षेत्र योजना तर्जुमा अभिमुखीकरण देखि यसलाई अगुवाइ गरी दिशा निर्देश गर्ने नेपाल सरकार शिक्षा मन्त्रालय, गण्डकी प्रदेश सरकार सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय एकाइ पर्वत प्रति कृतज्ञता व्यक्त गर्दछु। यसलाई महत्वपूर्ण रुपमा अगाडि वढाउन सधै सकरात्मक मोदी गाँउसभा गाँउकार्यपालिका तथा गाँउ शिक्षा समिति, सामाजिक विकास समिति प्रति आभार व्यक्त गर्दछु। मोदी गाँउ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरी, प्रशासकीय अधिकृत विकास के सी , लेखा अधिकृतद्वय तजुराम सुनार र ढाकाराम लामिछाने लगायतको सुझबुझपूर्ण सुझाव साथै सहिकर्मी मित्र शिक्षा अधिकृत प्रकाश बहादुर क्षेत्री र सहायक शिक्षा अधिकृत सुरेश रिमालको उचित समन्वय र सहकार्य स्मरणीय छ। अन्तमा यो योजना तर्जुमा गर्दा प्रत्यक्ष रुपमा लाग्नुहुने समितिका संयोजक शुक बहादुर गुरुङ्ग, सदस्यहरु उद्दिम राज पौडेल, भूमिराज शर्मा र विष्णु प्रसाद सुवेदी लगायत प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने विद्यालयका प्रधानाध्यापक ज्युहरु, विद्यालय व्यबस्थापन समितिका पदाधिकारी ज्युहरु, शिक्षक अभिभावकसंघका पदाधिकारी ज्युहरु, शिक्षक कर्मचारी साथीहरु लगायत सरोकारवाला सबैमा विशेष आभार व्यक्त गर्दछु।

**दिनेश शर्मा**
**शिक्षा अधिकृत**
**मोदी गाँउपालिका, पर्वत**

## योजना तर्जुमा समिति

संयोजक- शुक बहादुर गुरुङ्ग, संयोजक- सामाजिक विकास समिति, मोदी गाँउपालिका।
सदस्य- उद्दिमराज पौडेल, पूर्व प्रमुख- शिक्षा विकास तथा समन्वय इकाइ, पर्वत।
सदस्य- विष्णु प्रसाद सुवेदी, प्रधानाध्यापक- नव जागृत मा. वि. मोदी ६, तिलाहार।
सदस्य- भूमिराज शर्मा, शिक्षक- जननेत्र मा वि मोदी-६, पर्वत।
सदस्य सचिव- दिनेश शर्मा, शिक्षा अधिकृत- मोदी गाँउपालिका, पर्वत।

## लेखाजोखा तथा मूल्याङ्कन समिति

श्री हिरादेवी शर्मा, अध्यक्ष मोदी गाँउपालिका , पर्वत।
श्री विमल लामिछाने, उपाध्यक्ष मोदी गाँउपालिका, पर्वत।
श्री बाबुराम पुरी, प्रमुख प्रशासकीय अधिकृत मोदी गाँउपालिका, पर्वत।
श्री तेजुराम सुनार, लेखा अधिकृत मोदी गाँउपालिका, पर्वत।
श्री मतिलाल चपाईं, प्रमुख शिक्षा विकास तथा समन्वय एकाइ, पर्वत।

**भाषा सम्पादनः** वासुदेब शर्मा, शिक्षक- नवजागृत मा.वि. मोदी-६, पर्वत ।

**कम्प्युटर ले-आउटः** दिनेश शर्मा, शिक्षा अधिकृत


**प्रकाशक** : मोदी गाँउपालिका, पर्वत
**प्रकाशन प्रति** :
**सर्वाधिकार** : प्रकाशकमा
**मुद्रण** :
**प्रमाणित मिति** : २०८३।०३।३१
**प्रकाशन मिति** : २०८३।०४।२१

# योजना सारांश

मोदी गाउँपालिका, पर्वतको समग्र शैक्षिक विकासलाई मार्गदर्शन गर्ने उद्देश्यले यो गाउँ शिक्षा योजना तर्जुमा गरीएको हो। नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको शिक्षाको मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको अधिकार तथा दायित्व, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय शिक्षा नीति २०७६ र दिगो विकास लक्ष्य (SDG-4) का मूल मर्म तथा लक्ष्यलाई आत्मसात् गर्दै योजना तयार गरीएको छ। यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, समावेशी शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, वैकल्पिक तथा आजीवन सिकाइ, शिक्षक तथा शैक्षिक जनशक्ति विकास, विद्यालय सुशासन, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा, तथा सुरक्षित र बालमैत्री सिकाइ वातावरणलगायतका विषयलाई समग्र रूपमा समेटेको छ। गाउँपालिका भित्रका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षामा पहुँच सुनिश्चित गर्दै सिकाइ उपलब्धि अभिवृद्धि गर्ने यस योजनाको मूल लक्ष्य रहेको छ।

योजना निर्माणका क्रममा राष्ट्रिय जनगणना २०७८, विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क, शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS), विद्यालय सुधार योजना, स्थानीय आवश्यकता तथा सरोकारवालाको सुझावलाई आधार बनाइएको छ। विद्यालयको भौतिक अवस्था, विद्यार्थी भर्ना तथा निरन्तरता, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, सामाजिक तथा लैङ्गिक समावेशीकरण, सूचना प्रविधिको प्रयोग तथा शैक्षिक गुणस्तरका विद्यमान अवस्था र चुनौतीहरूको विश्लेषण गरी आवश्यक रणनीति तथा कार्यक्रम निर्धारण गरीएको छ।यस योजनाले विशेषगरी बालिका, दलित, जनजाति, अपाङ्गता भएका बालबालिका, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय तथा जोखिममा रहेका समूहहरूको शिक्षामा पहुँच, सहभागीता र उपलब्धि अभिवृद्धिलाई प्राथमिकतामा राखेको छ। विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउने, विद्यालय छोड्ने दर न्यूनीकरण गर्ने, शिक्षकको पेशागत क्षमता विकास गर्ने तथा विद्यालयको संस्थागत सुदृढीकरणमार्फत शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने लक्ष्य योजना मार्फत लिइएको छ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट लक्ष्य, अपेक्षित उपलब्धि, नतिजा सूचक, वार्षिक कार्ययोजना, स्रोत व्यवस्थापन रणनीति, जिम्मेवारी बाँडफाँड तथा अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गरीएको छ। साथै, स्थानीय स्रोत साधनको अधिकतम परिचालन, समुदायको सक्रिय सहभागीता, अन्तरतह समन्वय तथा सार्वजनिक-निजी साझेदारीलाई समेत योजनाको कार्यान्वयन रणनीतिमा समावेश गरीएको छ। समग्रमा, यो गाउँ शिक्षा योजना मोदी गाउँपालिकाको शिक्षा क्षेत्रको रूपान्तरणका लागि मार्गदर्शक दस्तावेजका रूपमा रहने अपेक्षा गरीएको छ। योजनाको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकाभित्रका सबै नागरीकका लागि गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा दिगो शिक्षा सुनिश्चित भइ समुन्नत, सक्षम र प्रतिस्पर्धी मानव पूँजी निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरीएको छ।

मोदी गाउँपालिकाको आवधिक शिक्षा योजना (आ. व. २०८३/०८४ –२०८७/०८८) आगामी ५ वर्षका लागि तयार गरीएको छ। एक्काइसौं शताब्दीको गुणस्तरीय शिक्षाको विकास गर्ने लक्ष्य राखी

योजनामा रणनीति तथा कार्यक्रमहरू पहिचान गरी समावेश गरीएको छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रचलित ऐन, कानुनी व्यवस्थाहरूले शिक्षा विकासको लागि गाउँपालिकालाई उपलब्ध गराएको अधिकार तथा जिम्मेवारीहरूभित्र रही योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यक्रमहरू पहिचान गरी योजनामा समावेश गरीएको छ। योजना तर्जुमा गर्ने क्रममा राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (२०७८/२०८८), नेपाल सरकारको सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चबर्षीय योजना (आ. व. २०८१/८२ २०८५/८६), दिगो विकास लक्ष्य लगायतलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ।

यस गाउँपालिकामा सामुदायिक विद्यालय/वालविकास केन्द्र ५२ वटा, संस्थागत विद्यालय/वालविकास केन्द्र ५ वटा, विद्यालयमा आधारित आधारित बाल विकास केन्द्र ५७ वटा, सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन्। घढ्दो जनसङ्ख्या र शिक्षा क्षेत्रमा एक्काइसौं शताब्दीका विषयवस्तुहरू समावेश गर्दै लैजानुपर्ने दुवै चुनौतीको रूपमा रहेको छ। गाउँपालिकाको शिक्षामा नागरीकको पहुँचको अवस्थालाई हेर्दा विपन्न तथा पिछडिएका वर्गका बालबालिकाको विद्यालयमा पहुँच, सहभागीता र टिकाउ दर तुलनात्मक रूपमा कमजोर रहेको पाइन्छ। विपन्न तथा पिछडिएका वर्गका अभिभावकहरूमा बालबालिकाको शिक्षामा परम्परागत सोचका कारण सचेतना न्यून रहेको पाइन्छ। विद्यालयमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री संरचनाहरूको सीमितता, अधिकांश विद्यालयहरूमा स्वच्छ खानेपानी र शौचालयको अभाव, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइमा कमी जस्ता समस्याहरू रहेका छन्।

विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच, सहभागीता, टिकाउने र सिकाउन चुनौती देखिएको छ। यस पालिकामा पुरूष निरक्षरता १३.७ प्रतिशत र महिला निरक्षरता १९.९ प्रतिशत रहनु , बालबालिकाका लागि शिक्षामा पहुँच तथा सहभागीता बृद्धि गर्नु मूल चुनौतीका रूपमा रहेको देखिन्छ। शिक्षामा अभिभावकको सहभागीता र निगारानी कम रहेको देखिन्छ। सामुदायिक विद्यालयहरूमा रहेका पूराना भवन तथा अन्य संरचनाहरूको व्यवस्थापन तथा पूनस्थापना चुनौतीको रूपमा रहेको छ। संघ, प्रदेश र स्थानीय तहको बिचमा समन्वय र सहकार्य पनि चुनौती बनेको छ।

यसरी अध्ययनमा पाइएका सम्भावना, अवसर, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ५ वर्षका लागि खर्चको प्रक्षेपण सहित र १० वर्षे लक्ष्यका साथ शिक्षा क्षेत्रमा गर्नुपर्ने रणनीतिक पहलहरूको पहिचान गरेर योजना तर्जुमा गरीएको छ। यस आवधिक योजनाको दीर्घकालीन लक्ष्य "सामाजिक आर्थिक रुपान्तरणको सदिक्षा: समान पहुँच सहितको आधुनिक प्रविधियुक्त शिक्षा" राखिएको छ। यस योजनाको मूल लक्ष्य गुणस्तरीय शिक्षामा सबैको समावेशी तथा समतामूलक पहुँच सुनिश्चित गरी उनीहरूको जीवनमा आर्थिक तथा सामाजिक समृद्धि ल्याउने रहेको छ। शिक्षामा सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदायको समतामूलक पहुँच, गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक, शैक्षिक सामग्री आपूर्ति, विद्यालयको भौतिक संरचना, सुरक्षा, विद्यालय नगएका नागरीकहरूका लागि साक्षरता अभियान, संस्थागत विकास तथा सुशासन प्रवर्धन जस्ता क्षेत्रहरूमा केन्द्रित भइ शिक्षा विकासका रणनीति तथा कार्यक्रम निर्धारण गरी योजनाहरू समावेश गरीएको छ।

यस योजनामा मूख्य उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सिप, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ प्राविधि शिक्षा तथा व्यावसायिक तालिम  र उच्च शिक्षालाई समावेश गरीएको छ। त्यस्तै, अन्तरसम्बन्धित क्षेत्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास; शैक्षिक समता र समावेशीकरण; विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपत् व्यवस्थापन र उत्थानशीलता; विद्यालय भौतिक पूर्वाधार विकास, र विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई समावेश गरीएको छ। अन्य क्षेत्रमा सुशासन तथा संस्थागत व्यवस्थालाई योजनामा समावेश गरीएको छ।
शिक्षा क्षेत्रका मूख्य उपक्षेत्रहरूमा सबै बालबालिकाको समतामूलक पहुँचका लागि अभिभावक सचेतनामूलक कार्यक्रम, बालबालिका भर्ना अभियान, विपन्न बालबालिका छात्रवृत्ति, अपाङ्गता भएका बालबालिकाका लागि सिकाइ सहयोगी सामग्री वितरण जस्ता कार्यक्रमहरू समावेश गरीएको छ। विद्यालयमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सिकाइ सामग्री सहयोग, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, बालबालिकाको शिक्षामा अभिभावकको सहभागीता, प्राविधिक शिक्षा, सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ कार्यक्रमहरू समावेश गरीएका छन्।
योजना कार्यान्वयनका लागि पाँच वर्षको समय अवधिमा सशर्त अनुदान सहित जम्मा १ अर्ब ७३ करोड ३० लाख ६९ हजार अनुमान गरीएको छ। गाउँपालिका पालिका तर्फको २५ करोड  ५१ लाख ९६ हजार लगानी हुने अनुमान गरीएको छ। चालु आर्थिक वर्षसम्म ससर्त अनुदानतर्फ बाहेकको कूल व्ययमा शिक्षा क्षेत्रको लगानी बढेको छ।

## १. पृष्ठभूमि / विषय प्रवेश

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपश्चात संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरूको संरचना रहने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार,  अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको व्यवस्था गरीएको छ। संविधानको अनुसूची ८ को क्रम सङ्ख्या ८ मा  आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापन तथा विकास गर्ने अधिकार स्थानीय तहलाई छ। स्थानीय तहको शिक्षा विकाससम्बन्धी यस अधिकारलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२), (ज) मा विस्तृतीकरण गरी प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्नुपर्ने व्यवस्था गरीएको छ। त्यस्तै संविधानको अनुसूची ९ को क्रम सङ्ख्या २ मा शिक्षा तथा खेलकुद विकासका गतिविधिहरू तीनै तहका सरकारहरूले साझारूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। स्थानीय तहले शिक्षा क्षेत्रको विकासमा योजनाबद्ध रूपमा लगानी गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्ने आवश्यकता रहेको छ।

स्थानीय तहले समग्र तथा विषय-क्षेत्रगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयहरूमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत

र विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरीएको छ। नेपाल सरकारले शिक्षा क्षेत्रमा विकासका लागि आवधिक शिक्षा योजनाको अवधारणा लागु गरेको छ। स्थानीय तहहरूले आवधिक शिक्षा योजना तर्जुमा गर्दा एकरूपता कायम होस भन्ने अभिप्रायले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "स्थानीय तहको शिक्षा विकास योजना निर्माणसम्बन्धी मार्गदर्शन, (२०७९ परिमार्जित संस्करण, २०८१)" जारी गरेको छ। यही मार्गदर्शनलाई अनुसरण गरी यस पालिकाको आवधिक शिक्षा विकास योजना (२०८३/८४-२०८७/८८) तर्जुमा गरीएको छ।

स्थानीय तहको आवधिक शिक्षा विकास योजना तर्जुमा गर्दा नेपाल सरकारद्वारा कार्यान्वयनमा रहेको राष्ट्रिय शिक्षा नीति, २०७६ को दूरदृष्टि, लक्ष्य र उद्देश्यहरूलाई स्थानीयकरण गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा लागू गरीएको विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ २०८८) का दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू र स्थानीय शिक्षा योजनाका दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरू बिच तादात्म्य कायम गर्नुपर्ने हुन्छ। साथै, नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२ २०८५/८६) र गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) मा शिक्षा विकासको क्षेत्रमा लिएको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरूलाई अंङ्गीकार गरी यस स्थानीय शिक्षा विकास योजना तर्जुमा गर्ने प्रयास गरीएको छ।

**आवधिक योजनाको अवधारणा**

निश्चित समयावधिभित्र के कति क्रियाकलापहरू किन कार्यान्वयन गर्ने र यसका लागि कति आर्थिक स्रोत कसरी सङ्कलन गर्ने र कुन कार्यमा कति खर्च गर्ने सम्बन्धमा गरीएको पूर्वतयारी नै योजना हो। विकास योजना (Development Plan) को मूल उद्देश्य आर्थिक समृद्धि हासिल गर्ने हो। विकास योजनामा समाजलाई सुखी र समृद्ध तुल्याउनका लागि वर्तमान अवस्थाको आँकलन, सम्बन्धित क्षेत्रमा देखिएका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरूको विश्लेषण गरी सम्भावना तथा अवसरहरूको उपयोग र समस्या तथा चुनौतीहरूको समाधानका उपायहरू पहिचान गरी सोको कार्यान्वयनका लागि कार्ययोजना तयार गरीन्छ। यसमार्फत योजनामा प्रस्ताव गरीएका रणनीतिक क्रियाकलापहरू प्रस्तावित समयभित्र कार्यान्वयन गर्दा अपेक्षित प्रतिफल प्राप्त हुने सम्भावना अधिक रहन्छ। तसर्थ, योजनामा रणनीतिक क्रियाकलापहरूको छनौट, लगानीको आवश्यकता तथा स्रोतहरूको पहिचान र उपयोग गर्ने तरिकाहरू पत्ता लगाई समावेश गरीन्छ। योजना विभिन्न समयावधिको लागि तयार गरीन्छ। सरकारी तथा अन्य संस्था वा निकायले वार्षिक, त्रिवर्षीय, पञ्चवर्षीय र सोभन्दा लामो अवधिको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्ने प्रचलन रहेको छ।

अहिले नेपालमा सोह्रौं आवधिक योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयनमा रहेको छ। गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) पनि कार्यान्वयनमा रहेको छ। स्थानीय तहहरूले पनि आवधिक विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। सन् २०१५ देखि २०३० सम्मका लागि दिगो विकास लक्ष्यहरू (SDGs) पनि नेपाल सरकारले आफ्ना योजनाहरूमा समावेश गरी कार्यान्वयनमा ल्याएको छ। नेपालमा दिगो विकास लक्ष्यका कार्यक्रमहरूलाई हरेक स्थानीय तहले आवधिक तथा वार्षिक योजनाहरूमा स्थानीयकरण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नं ४ ले समावेशी तथा न्यायोचित र

गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने लक्ष्य लिएको छ। तसर्थ दिगो विकास लक्ष्यलाई कार्यान्वयन गर्नका लागि पनि नेपाल सरकार, प्रदेश सरकारहरू र स्थानीय तहहरूले शिक्षा विकासका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेखित छ। उक्त धाराले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरीकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने अधिकारको व्यवस्था गरेको छ। यस धाराले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षासम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

नेपाल सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ लागु गरेको छ जसले "शिक्षित स्वस्थ र सक्षम जनशक्तिः सामाजिक न्याय, रूपान्तरण र समृद्धि" लाई दूरदृष्टिको रूपमा लिई शैक्षिक लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू तयार गरी लागु गरेको छ। विद्यालय शिक्षा क्षेत्र योजना (२०७८/२०८८) कार्यान्वयनमा ल्याएको छ। यस योजनाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रमा योजनाबद्ध विकासका लागि मार्ग निर्देशन गर्दछ। यसै सन्दर्भमा, नेपालमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन,२०७५ कार्यान्वयनमा रहेको र यस अनुसार प्रत्येक नागरीकलाई आधारभूत तहको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था रहेको छ। शिक्षा विकासका यी मार्ग निर्देशक दस्तावेजहरूको मूल मर्मलाई अङ्गीकार गरी पालिकाले आवधिक शिक्षा योजना (२०८३/८४-२०८७/८८) तर्जुमा गरेको हो। यस गाउँपालिकाको शिक्षा क्षेत्रमा रहेका सम्भावना, अवसर, समस्या र चुनौतीहरूको विश्लेषण गर्दै समुचित शिक्षा विकास गर्न रणनीति र कार्यक्रम तथा आयोजनाहरूको पहिचान गरी योजनामा समावेश गरीएको छ।

## २. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. शिक्षा क्षेत्रका सम्भावना तथा अवसर र समस्या तथा चुनौतीहरू र सबल र कमजोर पक्षहरूको लेखाजोखा गरी उपयुक्त रणनीति अवलम्बन गर्न

२. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न

३. सङ्घ र प्रदेशबाट प्रदान गरीने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

४. भौतिक पूर्वाधार, आर्थिक, सामाजिक तथा सास्कृतिक पक्ष स्वास्थ्य, महिला तथा बालबालिका, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन आदि क्षेत्रसँग तादाम्य हुने गरी शिक्षा क्षेत्रको विकासका रणनीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न

५. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई

न्यूनीकरण गर्न

६. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

७. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन

## ३. शिक्षा योजना निर्माणका आधार

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरीएको छ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र सिकाइ आपूरण तथा द्रूत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) कोशी प्रदेशको दोस्रो आवधिक योजना
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
ढ) मोदी गाउँ पालिकाको पञ्च बषीय योजना

## ४. आवधिक शिक्षा योजना तर्जुमा प्रक्रिया

आवधिक शिक्षा विकास योजना तर्जुमा कार्यलाई विधिवत गर्नका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले "स्थानीय तहको शिक्षा विकास योजना निर्माणसम्बन्धी मार्गदर्शन, (२०७९ परिमार्जित संस्करण, २०८१)" जारी गरेको छ। सोही दिग्दर्शनलाई अनुसरण गरी यो योजना तर्जुमा गरीएको छ। आवधिक शिक्षा योजना तर्जुमाको प्रारम्भ गाउँ कार्यपालिकाले आवधिक शिक्षा योजना निर्माण समिति गठन गरी जिम्मेवारी प्रदान गर्यो। यस योजनाको कार्य विवरण अनुसार पालिकास्तरमा कार्यपालिका सदस्य, शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षाका शाखाका कर्मचारीहरूको सहभागीतामा आवधिक शिक्षा योजना प्रक्रियाका सम्बन्धमा अभिमुखीकरण तथा प्रारम्भिक चरणको छलफल सम्पन्न भएको थियो। अभिमुखीकरण तथा प्रारम्भिक चरणको छलफल कार्यपालिका सदस्य, शिक्षा समिति, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षाका कर्मचारीहरुको सहभागीतामा उप-विषयक्षेत्रगत समितिहरूमा विभाजन गरी उप-विषयगत क्षेत्रमा गहन छलफल गराई

योजनाका लागि आवश्यक कार्यहरू जस्तै स्थानीय सम्भावना, अवसर, चुनौती, सवल तथा कमजोर पक्षहरूको विश्लेषण गरीएको थियो। यही विश्लेषणको आधारमा आवश्यक रणनीति तथा कार्यनीति र अपेक्षित आयोजना तथा कार्यक्रमहरूको संकलन गरीएको थियो।

आवधिक शिक्षा योजना निर्माणका लागि  सामुदायिक तथा संस्थागत विद्यालयहरूबाट आधारभूत तथ्याङ्क संकलनका लागि प्रश्नावली तयार गरी सबै विद्यालयहरूबाट तथ्याङ्क संकलन गरीएको थियो।  सामुदायिक विद्यालयबाट शिक्षा सम्बन्धी आधारभूत सूचनाहरू संकलन गरी आवधिक योजनामा उपयोग गरीएको छ। मोदी गाउँपालिकाको शिक्षा क्षेत्रका द्वितीय तथ्याङ्क एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली (IEMIS) बाट लिइएको थियो। शिक्षा क्षेत्रका राष्ट्रिय, प्रदेश तथा स्थानीयका विभिन्न प्रतिवेदन प्रकासन तथा निर्णयहरूबाट प्राप्त तथ्याङ्कहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) बाट प्रकाशन गरीएका प्रतिवेदनहरूबाट संकलन गरीएको थियो। त्यसैगरी, शिक्षा क्षेत्रमा कार्यान्वयन गरीएका कार्यक्रम तथा बजेट सम्बन्धी सूचनाहरू गाउँपालिकाबाट लिइएको थियो।

यसरी सहभागीतामूलक तरिकाबाट सूचना तथा अपेक्षित रणनीति तथा कार्यक्रम संकलन गरेपश्चात उक्त योजनाको मस्यौदा तयार गरीएको थियो। योजनाको मस्यौदा तयार गर्ने क्रममा गाउँपालिकाका पदाधिकारीहरू तथा कर्मचारीहरू र सरोकारवालाहरू सँग सहकार्य भएको थियो। योजनाको मस्यौदा माथि विद्यालय व्यवसथापन समितिका पदाधिकारी, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, सरोकारवालाहरू बीच छलफल गरी प्राप्त भएका सुझावहरू समेत समावेश गरी योजनाको मस्यौदालाई परिमार्जित रूपमा तयार गरीयो। यसरी तयार भएको आवधिक शिक्षा योजना सहभागीतामूलक तथा अनुसन्धानमूलक तरिकावाट सम्पन्न गरीएको छ।

**यस पालिकाको  शिक्षा योजना निर्माण गर्दा अवलम्बन गरीएका प्रक्रियागत चरणहरुः**

| क्र. सं. | मिति | क्रियाकलापहरू |
|---|---|---|
| १ | २०८१/०८/२७ | कार्यपालिकाको बैठकको निर्णय |
| २ | २०८१/०८/२७ | योजना निर्माण कार्यदल गठन |
| ३ | २०८२/०९/०४ | गाँउ शिक्षा समितिमा सरोकारवालाहरुसँग छलफल |
| ४ | २०८३/०३/१८ | योजनाको मस्यौदा गाउँपालिकाको वेब साइटमा राखेर सुझाब संकलन |
| ५ | २०८३/०३/२९ | सुझाब समेटेर योजनाको अन्तिम रुप |
| ६ | २०८३/०३/३० | योजनाको मस्यौदा मूल्याङ्कन समूहको मूल्याङ्कन प्रतिवेदन सहित शिक्षा योजनाको अन्तिक मस्यौदा पालिकामा प्राप्त भइ सामाजिक विकास समितिमा छलफल सहित अनुमोदनका लागि कार्यपालिकामा पठाउने निर्णय |
| ७ | २०८३/०३/३१ | कार्यपालिकाबाट  आवधिक शिक्षा योजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय |

**योजना तर्जुमा प्रक्रियाको सिमा**

आवधिक शिक्षा योजना तर्जुमा गर्ने क्रममा गाउँपालिकामा उपलब्ध भएका सूचना तथा तथ्याङ्क र जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी, शिक्षाविद् तथा सरोकारवाला निकायका प्रतिनिधि तथा कर्मचारीहरूसँगको कार्यशालाबाट प्राप्त भएका प्राथमिक सूचनाहरूलाई मूख्य आधारको रूपमा लिइएको छ। यस योजना तर्जुमा गर्ने क्रममा देहायका सीमाहरू रहेका थिए:

क) शिक्षा योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाका प्रचलित शिक्षा क्षेत्रका ऐन, नीति तथा अन्य कानुनी व्यवस्थाहरू, आवधिक योजनाहरू, शिक्षा क्षेत्रका रणनीतिक योजनाहरूलाई मूल आधारको रूपमा लिइएको छ। साथै शैक्षिक क्षेत्रका स्थानीय सम्भावना, अवसर, समस्या र चुनौतीहरू सम्बन्धमा पालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूसँगको छलफलबाट प्राप्त भएका सूचना, तथ्याङ्क र राय सुझावहरू प्राथमिक सूचनाको रूपमा लिइएको छ। यस क्रममा प्राप्त सूचनाहरूले सबै सरोकारवालाको आवश्यकता र दृष्टिकोण समेट्न नसकेको हुन सक्दछ।

ख) शिक्षा योजना तर्जुमाको क्रममा पहिचान भएका कार्यक्रमहरूका लागि अनुमानित बजेटको स्रोत सुनिश्चत गर्न सम्भव नहुने भएकाले सोको सबै स्रोत खुलाईएको छैन।

ग) गाउँपालिकाको शिक्षा विकास गर्न असीमित आवश्यकताहरू रहेको तर आर्थिक स्रोत उपलब्धतामा सीमितता भएको हुँदा स्रोतले पुग्ने गरी मात्र कार्यक्रमहरू समावेश गरीएको छ।

## ६. योजनाको लेखाजोखा

मोदी गाउँपालिकाको शिक्षा योजनाको मस्यौदा माथि लेखाजोखा र मूल्याङ्कन गर्न ५  सदस्यीय लेखाजोखा समिति गठन गरी अध्ययनका लागि मस्यौदा उपलब्ध गराइएको थियो। लेखाजोखा समितिले प्रारम्भिक चरणमा नीतिगत सामञ्जस्यता र स्रोतको उपलब्धतालाई मूख्य आधार बनाएर गहन समीक्षा गर्यो। समितिले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको वास्तविक अवस्था, विद्यार्थी-शिक्षक अनुपात, र भौगोलिक विकटतालाई मस्यौदाले कत्तिको सम्बोधन गरेको छ भनी विस्तृत अध्ययन गरेको थियो। यस क्रममा समितिले योजनामा समेटिएका महत्त्वाकाङ्क्षी लक्ष्यहरू र गाउँपालिकाको वास्तविक बजेटको सीमितता बीचको खाडललाई केलाउँदै व्यावहारिक र कार्यान्वयन गर्न सकिने योजनाहरूलाई मात्र प्राथमिकता दिन सुझाव दियो। विशेष गरी, पूर्वाधार विकासका ठूला गफभन्दा भइरहेका विद्यालयहरूको स्तरोन्नति, गुणस्तर सुधार र सूचना प्रविधिको न्यूनतम पहुँच पुऱ्याउने विषयमा समितिले बढी जोड दिएको थियो।

दोस्रो चरणमा, समितिले योजनाको दिगोपन र गुणस्तर नियन्त्रणको पाटोमा केन्द्रित भइ मस्यौदाको लेखाजोखा गर्यो। शिक्षकहरूको कार्यक्षमता विकास, स्थानीय पाठ्यक्रमको सान्दर्भिकता, र अनुगमन प्रणालीलाई बलियो बनाउने बुँदाहरू मस्यौदामा स्पष्ट नभएको ठहर गर्दै समितिले त्यसमा केही परिमार्जन गर्न निर्देशन दियो। योजना केवल कागजमा मात्र सीमित नहोस् भन्नका लागि प्रत्येक कार्यक्रमको स्पष्ट सूचक र समयसीमा तोक्न लगाइयो। अन्ततः, समितिले शिक्षामा गरीने लगानीको प्रतिफल विद्यार्थीको

सिकाइ उपलब्धिमा देखिनुपर्ने र विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाको पहुँच सुनिश्चित हुनुपर्ने अडान राख्दै परिमार्जन सहितको मस्यौदालाई अन्तिम रूप दिन सिफारिश गर्‍यो।

**७. योजना दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु चुनौतीहरु र अवसरहरु उल्लेख गरीएको छ। दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरु प्रस्तुत गरीएको छ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरीएको छ। यसमा समावेश गरीएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन्। परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषय क्षेत्रहरू समावेश गरीएको छ। यसमा समावेश गरीएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक विकास  र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन्।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका समावेश गरीएको छ। परिच्छेद ६ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरीएको छ। परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरीएका समग्र नतिजाहरू  र मूख्य मूख्य सूचकहरु उल्लेख गरीएको छ।

# विषयसूची

## परिच्छेद १


**१. परिचय र पृष्ठभूमी** **१-१०**
- १.१ भौगोलिक अवस्थिति १
- १.२ जनसाङ्ख्यिक संरचना २
- १.३ सामाजिक तथा सांस्कृतिक अवस्था ४
- १.४ आर्थिक अवस्था ६

**२. सबल पक्षहरु** ७
**३. शिक्षा क्षेत्रका समस्याहरू** ८
**४. अवसरहरू** ९
**५. चुनौतीहरू** १०


## परिच्छेद २


**२. दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** **११-१७**
- २.१ दूरदृष्टि ११
- २.२ लक्ष्य ११
- २.३ उदेश्य ११
- २.४ रणनीतिहरु ११
- २.५ अपेक्षित उपलब्धि १५
- २.६ मूख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण १५


## परिच्छेद ३


**३. विद्यालय शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र** **१८-३४**
- **३.१ प्रारम्भिक बालविकास र शिक्षा** **१८-२१**
  - ३.१.१ परिचय १८
  - ३.१.२ वर्तमान अवस्था १८
  - ३.१.३ उदेश्य १९
  - ३.१.४ रणनीतिहरू २०
  - ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण २१
- **३.२ आधारभतू शिक्षा** **२२-२५**
  - ३.२.१ परिचय २२
  - ३.२.३ उद्देश्य २३
  - ३.२.४ रणनीतिहरू २४
  - ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २५

**३.३ माध्यमिक शिक्षा** **२७-२९**
३.३.१ परिचय २७
३.३.२ वर्तमान अवस्था २७
३.३.३ उद्देश्य २८
३.३.४ रणनीतिहरु २८
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २९
**३.४ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाई** **३१-३४**
३.४.१ परिचय ३१
३.४.२ वर्तमान अवस्था ३२
३.४.३ उद्देश्य ३२
३.४.४ रणनीतिहरू ३३
३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ३३

**परिच्छेद ४**

**४. अन्तरसम्बन्धित विषय क्षेत्रहरु** **३५-५३**
**४.१ पाठ्यक्रम र मूल्याङ्कन** **३५-३६**
४.१.१ परिचय ३५
४.१.२ वर्तमान अवस्था ३५
४.१.३ उद्देश्य ३५
४.१.४ रणनीतिहरू ३६
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३६
**४.२ शिक्षक व्यवस्थापन र विकास** **३७-३९**
४.२.१ परिचय ३७
४.२.२ वर्तमान अवस्था ३७
४.२.३ उद्देश्य ३८
४.२.४ रणनीतिहरू ३८
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३९
**४.३ समता र समावेशीकरण** **३९-४१**
४.३.१ परिचय ३७-३९
४.३.२ वर्तमान अवस्था ३७
४.३.३ उद्देश्य ३७
४.३.४ रणनीतिहरू ३८
४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ३९
**४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम४२-४४**
४.४.१ परिचय ४२
४.४.२ वर्तमान अवस्था ४२
४.४.३ उद्देश्यहरू ४२

४.४.४ रणनीतिहरू ४३
४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४३
**४.५ आपतकालीन अवस्थामा शिक्षा ४४-४७**
४.५.१ परिचय ४४
४.५.२ वर्तमान अवस्था ४५
४.५.३ उद्देश्य ४५
४.५.४ रणनीति ४५
४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४६
४.६ **विद्यालय भौतिक पूर्वाधार विकास ४७-५०**
४.६.१ परिचय ४७
४.६.२ वर्तमान अवस्था ४७
४.६.३ उद्देश्य ४८
४.६.४ रणनीतिहरू ४८
४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य ४९
**४.७ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि ५०-५३**
४.७.१ परिचय ५०
४.७.२ वर्तमान अवस्था ५०
४.७.३ उद्देश्य ५१
४.७.४ रणनीतिहरू ५१
४.७.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५२


## परिच्छेद ५


**५. विद्यालय सुशासन तथा व्यवस्थापन ५४-६२**
**५.१ संस्थागत क्षमता विकास ५४-५६**
५.१.१ परिचय ५४
५.१.२ वर्तमान अवस्था ५५
५.१.३ उद्देश्य ५५
५.१.४ रणनीतिहरू ५५
५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५६
**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ५७-५९**
५.२.१ परिचय ५७
५.२.२ वर्तमान अवस्था ५७
५.२.३ उद्देश्य ५८
५.२.४ रणनीतिहरू ५८
५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५८

**५.३ अनुगमन तथा मूल्याङ्कन** **६०-६२**
५.३.१ परिचय ६०
५.३.२ वर्तमान अवस्था ६०
५.३.३ उद्देश्य ६०
५.३.४ रणनीतिहरू ६१
५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६१

**परिच्छेद ६**

**६. लगानी र स्रोत व्यवस्थापन** **६३-६७**
६.१ परिचय ६३
६.२ वर्तमान अवस्था ६३
६.३ उद्देश्य ६३
६.४ रणनीतिहरू ६४
६.५ अपेक्षित उपलब्धि ६५
६.६ क्षेत्रगत/ उपक्षेत्रगत र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरुको बजेट ६५

**परिच्छेद ७**

**७. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** **६७-६९**
७.१ परिचय ६७
७.२ वर्तमान अवस्था ६७
७.३ उद्देश्य ६८
७.४ रणनीतिहरू ६८
७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ६९
**सन्दर्भ सामग्रीहरु** **७०-७१**
**अनुसूचीहरु** **७२-१२२**

# परिच्छेद १

# परिचय

## १.१ भौगोलिक अवस्थिति

मोदी गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत पर्वत जिल्लामा अवस्थित सात स्थानीय तहमध्ये क्षेत्रफलका दृष्टिले सबैभन्दा ठूलो स्थानीय तह हो। साविकका भुकताङ्ले, देउपुर, देउराली, क्याङ, बाजुङ, तिलाहार, राम्जादेउराली र चित्रे गाउँ विकास समितिहरू समायोजन भइ गठन भएको यस गाउँपालिकामा हाल ८ वटा वडाहरू रहेका छन्। गाउँपालिकाको कूल क्षेत्रफल १४३.६ वर्ग किलोमिटर रहेको छ, जुन पर्वत जिल्लाको कूल क्षेत्रफलको करिब २९ प्रतिशत हिस्सा हो।

गाउँपालिका पूर्वमा पञ्चासेको धुरी (२,५१७ मिटर) देखि पश्चिममा हम्पालको चुचुरोसम्म (३,३०९ मिटर) फैलिएको छ। यहाँ उष्ण मनसुनीदेखि शीतोष्ण प्रकारसम्मको विविध हावापानी पाइन्छ। गृष्मयाममा तापक्रम ३२ देखि ३५ डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने वार्षिक औसत वर्षा २२०० देखि २६०० मिलिमिटरसम्म हुने गरेको तथ्याङ्कले देखाउँछ। यस प्रकारको भौगोलिक तथा जलवायुगत विविधताले गाउँपालिकालाई जैविक विविधता तथा प्राकृतिक स्रोतको दृष्टिले समृद्ध बनाएको छ।

मोदी गाउँपालिकाको मूख्य जलाधार क्षेत्र मोदी खोला तथा यसका सहायक खोलानालाहरूले ओगटेको छ। भुरुङ्दी खोला, रती खोला र पातिखोला यसका प्रमुख उपजलाधार क्षेत्रहरू हुन्। प्रशस्त जलस्रोतका कारण यस गाउँपालिकामा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ। हाल गाउँपालिकाभित्र मोदीखोला जलविद्युत आयोजना, तल्लो मोदी जलविद्युत आयोजना, पातिखोला लघु जलविद्युत आयोजना तथा ठाडो खोला लघु जलविद्युत आयोजना सञ्चालनमा रहेका छन्। जलस्रोतले विद्युत उत्पादनसँगै सिँचाइ तथा खानेपानी आपूर्तिमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

भूमि उपयोगको दृष्टिले गाउँपालिकाको अधिकांश भूभाग वन, चरन तथा झाडी क्षेत्रले ओगटेको छ। खेतीयोग्य जमिनको अनुपात तुलनात्मक रूपमा कम भए पनि कृषि तथा पशुपालन यहाँका मूख्य आर्थिक गतिविधि हुन्। वन स्रोतको दृष्टिले गाउँपालिका अत्यन्तै समृद्ध रहेको छ। गैरकाष्ठ वन पैदावार अभिलेख तथा दिगो व्यवस्थापन योजनाअनुसार यहाँ १५८ प्रजातिका गैरकाष्ठ वन पैदावार तथा जडीबुटीहरू पहिचान गरीएको छ। सिस्नो, अल्लो, चुत्रो, चिराइतो, नागवेली लगायतका वनस्पतिहरू व्यावसायिक सम्भावना बोकेका महत्वपूर्ण प्रजातिका रूपमा रहेका छन्।

गाउँपालिकामा हाल ५९ वटा सामुदायिक वन क्रियाशील रहेका छन् भने सामुदायिक तथा कबुलियती वनमार्फत वन संरक्षण र उपयोगको कार्य सञ्चालन हुँदै आएको छ। जैविक विविधताको दृष्टिले यहाँ विभिन्न प्रजातिका स्तनधारी जनावर, चराचुरुङ्गी, उभयचर तथा माछाहरू पाइन्छन्। प्राकृतिक स्रोत, जैविक विविधता तथा जलस्रोतको प्रचुर सम्भावनाले मोदी गाउँपालिकालाई वातावरणीय, कृषि, पर्यटन तथा दिगो विकासका दृष्टिले महत्वपूर्ण स्थानीय तहका रूपमा स्थापित गरेको छ।

यस्ता भौगोलिक, सामाजिक, आर्थिक तथा प्राकृतिक विशेषताहरूले गाउँपालिकाको शिक्षा क्षेत्रको योजना तर्जुमा, विद्यालय पहुँच विस्तार, समावेशी शिक्षा प्रवर्द्धन तथा प्रविधिमैत्री शिक्षण व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यस गाउँ शिक्षा योजनाले स्थानीय परिवेश र आवश्यकतालाई विशेष प्राथमिकताका साथ समेटेको छ।

**मोदी गाँउपालिकाको राजनैतिक नक्शा**




## १.२ जनसाङ्ख्यिक संरचना

वि.सं. २०७५ मा गरीएको घरधुरी सर्वेक्षण अनुसार मोदी गाउँपालिका मा कूल ५,४०७ घरधुरी रहेका छन्। गाउँपालिकाको कूल जनसंख्या २०,९९६ रहेकोमा ९,११५ पुरुष तथा ११,८८१ महिला रहेका छन्। गाउँपालिकाको वार्षिक जनसंख्या वृद्धि दर ०.९८ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसत जनसंख्या वृद्धि दरभन्दा कम हो। यसबाट गाउँपालिकामा बसाईंसराइको प्रभाव तथा युवा जनशक्तिको बाह्य पलायनको अवस्था उच्च रहेको सङ्केत गर्दछ।

गाउँपालिकामा औसत परिवार सदस्य संख्या करिब ४ जना प्रति परिवार रहेको छ। जनघनत्व १४७ जना प्रतिवर्ग किलोमिटर रहेको छ। पुरुष-महिला अनुपात ७७:१०० रहेको देखिन्छ, जसले महिला जनसंख्या पुरुषको तुलनामा बढी रहेको अवस्थालाई सङ्केत गर्दछ। वैदेशिक रोजगार तथा आन्तरिक बसाइँसराइका कारण गाउँपालिकामा पुरुष जनसंख्याको तुलनामा महिला जनसंख्या बढी रहेको अवस्था देखिन्छ। उमेर समूहको आधारमा हेर्दा १५ देखि ५९ वर्ष उमेर समूहका आर्थिक रूपमा सक्रिय जनसंख्या करिब ७७ प्रतिशत रहेको छ। १४ वर्षमुनिका बालबालिकाको जनसंख्या करिब ९ प्रतिशत तथा ६० वर्षमाथिका ज्येष्ठ नागरीकको संख्या करिब १४ प्रतिशत रहेको छ। आर्थिक रूपमा सक्रिय जनसंख्याको उच्च अनुपात गाउँपालिकाको विकासका लागि महत्वपूर्ण सम्भावना तथा सबल पक्षका रूपमा रहेको छ।

गाउँपालिकामा हालसम्म ४७५ जनाले अपाङ्गता परिचयपत्र प्राप्त गरेका छन्, जसमध्ये २२५ पुरुष र २५० महिला रहेका छन्। अपाङ्गताको प्रकृतिअनुसार पूर्ण अशक्त ३९ जना, अति अशक्त १०६ जना, मध्यम अशक्त १३० जना तथा सामान्य अशक्त १९८ जना रहेका छन्। फरक क्षमता भएका व्यक्तिमध्ये ६३ जना बालबालिका रहेका छन्, जसमा ३४ बालक र २८ बालिका समावेश छन्। यस अवस्थाले समावेशी तथा पहुँचयुक्त शिक्षाको आवश्यकता अझ महत्वपूर्ण रहेको देखाउँछ। आर्थिक गतिविधिको दृष्टिले गाउँपालिकाका करिब ६७ प्रतिशत नागरीक कृषि पेशामा संलग्न रहेका छन्। कृषि क्षेत्रभित्र खेतीपातीमा ६३ प्रतिशत, पशुपालनमा १.४ प्रतिशत, कुखुरापालनमा १.३ प्रतिशत, माछापालनमा ०.७ प्रतिशत तथा अन्य कृषि गतिविधिमा ०.६ प्रतिशत जनसंख्या आबद्ध रहेको छ। बाँकी करिब ३३ प्रतिशत जनसंख्या वैदेशिक रोजगार, व्यापार, उद्योग, नोकरी तथा मजदुरीजस्ता गैरकृषि क्षेत्रमा संलग्न रहेका छन्।

आधारभूत सेवाको पहुँचका दृष्टिले गाउँपालिकाका करिब ९७ प्रतिशत घरधुरीमा पाइपमार्फत खानेपानी सुविधा पुगेको छ भने ९३ प्रतिशत घरधुरीले सेप्टिक ट्याङ्कसहितको शौचालय प्रयोग गर्दछन्। करिब ६ प्रतिशत घरधुरीले सामान्य प्रकारका शौचालय प्रयोग गर्ने गरेका छन्। यसले गाउँपालिकामा सरसफाइ तथा आधारभूत पूर्वाधारको पहुँच क्रमशः सुधार हुँदै गएको देखाउँछ। आवास निर्माणको प्रवृत्तिमा परम्परागत ढुङ्गा माटोको घर निर्माण शैलीबाट ईँटा, सिमेन्ट तथा आधुनिक सामग्री प्रयोग गरी घर निर्माण गर्ने प्रवृत्ति बढ्दो क्रममा रहेको छ। हाल करिब ४९ प्रतिशत घरका छाना स्लेट वा ढुङ्गाले छाइएका छन्।

ऊर्जा प्रयोगको अवस्थालाई हेर्दा करिब ६२ प्रतिशत घरधुरीले परम्परागत इन्धन दाउरा प्रयोग गर्ने गरेका छन् भने एल.पी. ग्यासको प्रयोग ३७ प्रतिशत घरधुरीमा पुगेको छ। करिब १ प्रतिशत घरधुरीले बायोग्यास प्रयोग गर्ने गरेका छन्। उज्यालोका लागि ९८ प्रतिशत घरधुरीले विद्युत सेवा उपयोग गरीरहेका छन् भने केही परिवारले सौर्य ऊर्जा तथा अन्य वैकल्पिक ऊर्जा स्रोत प्रयोग गर्ने गरेका छन्। सञ्चार तथा सूचना प्रविधिको पहुँचका दृष्टिले गाउँपालिकाका अधिकांश नागरीक मोबाइल सेवामा आबद्ध रहेका छन्। करिब ९९ प्रतिशतले मोबाइल सेवा प्रयोग गर्ने गरेका छन्। यसले सूचना तथा सञ्चार प्रविधिमा नागरीकको पहुँच विस्तार हुँदै गएको देखाउँछ, जसले प्रविधिमैत्री शिक्षा विकासका लागि सकारात्मक आधार सिर्जना गरेको छ।

**तालिकाः वडागत जनसंख्या विवरण**

| नयाँ वडा | साविकका वडा | क्षेत्रफल | जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | |
| १. | वडा नं. १ भूक देउराली | ४६.९३ | ९९७ | ९४२ | |
| २. | वडा नं. २ देउपुर | ६.९५ | १४३२ | १२६६ | |
| ३. | वडा नं. ३ देउराली | १४.६४ | ७७५ | ७३७ | |
| ४. | वडा नं. ४ क्याङ्ग | २१.२४ | ८५४ | ८५४ | |
| ५. | वडा नं. ५ बाजुङ्ग | ९.५७ | २०९९ | १८५८ | |
| ६. | वडा नं. ६ तिलाहार | १४.६० | २४०९ | २०३२ | |
| ७. | वडा नं. ७ राम्जा देउराली | ९.६९ | ७०७ | ५९२ | |
| ८. | वडा नं. ८ चित्रे | १९.९६ | ६७६ | ५७२ | |
| जम्मा जनसङ्ख्या : १८७९४ | | | ९९४१ | ८८५३ | |
| जम्मा घरधुरीः ५४०४ | | | | | |
| जम्मा क्षेत्रफलः १४३.९५ वर्ग मिटर | | | | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेभसाइट

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

मोदी गाउँपालिका बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक विशेषता बोकेको स्थानीय तह हो। गाउँपालिकामा ब्राह्मण, क्षेत्री, मगर, ठकुरी, कामी, दमाई, सार्की, गुरुङ लगायत विभिन्न जातजातिको मिश्रित बसोवास रहेको छ। सामाजिक विविधताले गाउँपालिकाको सांस्कृतिक पहिचानलाई समृद्ध बनाउनुका साथै सामाजिक सहअस्तित्व र सामुदायिक सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

| जातिको नाम | संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | ४५९२ | २४.४ |
| ब्राम्हण(पहाडि) | ४२०४ | २२.४ |
| मगर | २७४५ | १४.६ |
| विश्वकर्मा | २३२२ | १२.४ |
| परियार | १२८० | ६.८ |
| मिजार | १२१३ | ६.५ |
| ठकुरी | १०७५ | ५.७ |
| गुरुङ | ६९० | ३.७ |
| सन्यासी र दशनामी | १५६ | ०.८ |
| घर्ती भुजेल | ३६ | ०.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकाको जातिगत संरचनालाई हेर्दा क्षेत्री समुदायको जनसंख्या सबैभन्दा बढी करिब २५ प्रतिशत रहेको छ। त्यसपछि पहाडी ब्राम्हण करिब २३ प्रतिशत, मगर १४ प्रतिशत, कामी १३ प्रतिशत, ठकुरी ७ प्रतिशत, दमाई ६ प्रतिशत, सार्की ६ प्रतिशत तथा गुरुङ समुदायको उल्लेखनीय उपस्थिति रहेको छ। यस बाहेक अन्य जातजातिहरूको समेत बसोवास रहेको पाइन्छ।

भाषिक अवस्थाको दृष्टिले नेपाली भाषा गाउँपालिकाको प्रमुख मातृभाषाका रूपमा रहेको छ। कूल जनसंख्याको करिब ८८ प्रतिशतले नेपाली भाषा बोल्ने गरेका छन्। त्यसपछि मगर भाषा बोल्ने जनसंख्या करिब ८.१६ प्रतिशत तथा गुरुङ भाषा बोल्ने जनसंख्या करिब ३.३७ प्रतिशत रहेको छ। अन्य विभिन्न मातृभाषा बोल्नेहरूको संख्या तुलनात्मक रूपमा न्यून रहेको देखिन्छ। भाषिक विविधताले स्थानीय संस्कृति संरक्षण तथा बहुभाषिक शिक्षाको सम्भावनालाई समेत उजागर गरेको छ।

| **धर्मको नाम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हिन्दू | १६९३८ | ९०.१ |
| बौद्ध | १३०६ | ६.९ |
| प्रकृति | १७२ | ०.९ |
| क्रिश्चियन | १७१ | ०.९ |
| इस्लाम | | ०.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

धार्मिक संरचनाअनुसार गाउँपालिकामा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ। कूल जनसंख्याको करिब ८० प्रतिशत हिन्दू धर्मावलम्बी रहेका छन् भने बौद्ध धर्मावलम्बी करिब १७ प्रतिशत रहेका छन्। त्यसैगरी क्रिश्चियन धर्मावलम्बी करिब १.६ प्रतिशत तथा किराँत धर्मावलम्बी करिब १ प्रतिशत रहेका छन्। धार्मिक तथा सांस्कृतिक विविधताले गाउँपालिकामा सामाजिक सहिष्णुता, पारस्परिक सम्मान तथा सामुदायिक एकताको वातावरण निर्माणमा सकारात्मक योगदान पुऱ्याएको छ।

| **भाषाको नाम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| नेपाली | १७४२७ | ९२.७ |
| मगर खाम | ७४० | ३.९ |
| गुरुङ | ४५७ | २.४ |
| मगर धूत | | ०.६ |
| अन्य | | ०.२ |
| तामाङ | | ०.२ |
| अंग्रेजी | | ०.१ |
| अबधि | | ०.१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकाको जातीय, भाषिक तथा धार्मिक विविधता शिक्षा क्षेत्रका लागि पनि महत्वपूर्ण पक्षका रूपमा रहेको छ। समावेशी, समानतामूलक तथा सांस्कृतिक रूपमा संवेदनशील शिक्षा प्रणाली विकास गर्न स्थानीय समुदायको विविध पहिचानलाई सम्मान गर्दै शिक्षण-सिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक रहेको छ।

## १.४ आर्थिक अवस्था

मोदी गाउँपालिकाको अर्थतन्त्रको मेरुदण्ड अझै पनि कृषि हो। यहाँका धेरैजसो बासिन्दाहरू परम्परागत रूपमा धान, मकै र कोदो खेतीमा निर्भर छन्। तथापि, पछिल्लो समयमा गाउँपालिकाले कृषिलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउने लक्ष्य राखेको छ। 'एक वडा एक उत्पादन' को अवधारणा अन्तर्गत विशिष्ट बालीहरूको पकेट क्षेत्र निर्धारण गरी कृषकहरूलाई अनुदान, उन्नत बीउ-बिजन र प्राविधिक तालिम प्रदान गर्ने कार्यले आर्थिक सुधारको जग बसाल्दै छ। पशुपालन (विशेष गरी बाख्रा र भैंसी पालन) मा पनि आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको छ, जसले किसानहरूको आयस्तरमा वृद्धि गर्न सघाइरहेको छ।

पर्वत जिल्लाको भूगोल र उर्जा नदी मोदी खोलाको तटवर्ती क्षेत्रमा अवस्थित भएकाले मोदी गाउँपालिका प्राकृतिक रूपमा धनी छ। यहाँका सामुदायिक होमस्टेहरूले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरीरहेका छन्, जसले स्थानीय स्तरमा होटल, पसल र यातायात व्यवसायलाई चलायमान बनाएको छ। यसका अतिरिक्त, मोदी खोलामा रहेका साना तथा मझौला जलविद्युत् आयोजनाहरूले स्थानीय अर्थतन्त्रमा ऊर्जाको उपलब्धतासँगै रोजगारीका अवसरहरू सिर्जना गरेका छन्। पर्यटन र ऊर्जाको यो 'सिनर्जी' (Synergy) ले पालिकाको आर्थिक विकासमा नयाँ आयाम थपेको छ।

यहाँको अर्थतन्त्रको अर्को महत्वपूर्ण पक्ष रेमिटयान्स हो। ठूलो संख्यामा युवाहरू वैदेशिक रोजगारीमा रहेकाले गाउँपालिकामा आउने विप्रेषणले घरायसी आर्थिक अवस्था सुधार्न र उपभोग्य क्षमता बढाउन ठूलो भूमिका खेलेको छ। यद्यपि, गाउँपालिकाले यी युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न वा फर्केका युवाहरूलाई लक्षित गरी 'सिक्दै कमाउँदै' कार्यक्रम र उद्यमशीलता विकासका तालिमहरू अघि बढाएको छ। स्थानीय स्तरमा रहेका ७०० भन्दा बढी साना व्यावसायिहरूले अर्थतन्त्रलाई थोरै भएपनि चलायमान राख्न र स्थानीय सेवा प्रवाहलाई व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेका छन्।

आर्थिक विकासलाई दिगो बनाउन गाउँपालिकाले सडक सञ्जालको विस्तार, ग्रामीण विद्युतीकरण र शिक्षामा लगानी गरीरहेको छ। विशेष गरी सामुदायिक विद्यालयहरूमा प्राविधिक धारको शिक्षालाई जोड दिनु र विद्यार्थीहरूलाई SEE परीक्षा लक्षित तयारी कक्षा सञ्चालन गर्नुले भविष्यको जनशक्तिलाई समयानुकूल प्रतिस्पर्धी बनाउने उद्देश्य राखिएको छ। साथै, प्रशासनलाई डिजिटल प्रविधिमा आधारित बनाउँदै आर्थिक सुशासन कायम गर्ने प्रयासले विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिता बढाएको छ, जसले दीर्घकालीन रूपमा लगानीमैत्री वातावरण सिर्जना गर्न सहयोग गरीरहेको छ।

संक्षेपमा, मोदी गाउँपालिकाको अर्थतन्त्र 'परम्परागत कृषि' बाट 'आधुनिक र सेवामुखी अर्थतन्त्र' तर्फको संक्रमणकालीन चरणमा छ। आन्तरिक राजस्वको दायरा फराकिलो बनाउन र उपलब्ध प्राकृतिक स्रोतहरूको समुचित उपयोग गरी नागरीकहरूको जीवनस्तर उकास्न गाउँपालिकाले लिएका नीतिहरूले बिस्तारै सकारात्मक परिणाम दिइरहेका छन्। भविष्यमा कृषि-पर्यटन र जलविद्युतको समिश्रण नै यहाँको आर्थिक समृद्धिको मूख्य आधार बन्ने देखिन्छ।

## १.५ शैक्षिक अवस्था

मोदी गाँउपालिका शहरी उन्मुख क्षेत्र भएकाले यहाँको शैक्षिक अवस्था संरचनागत विस्तार र गुणस्तर सुधारको संक्रमण चरणमा रहेको देखिन्छ। गाँउपालिकामा ११ वटा सामुदायिक माध्यमिक विद्यालय, १ संस्थागत माध्यमिक

सहित जम्मा ५५ वटा विद्यालय र ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा हुनु शिक्षामा पहुँचको दृष्टिले सकारात्मक आधार हो। यसले आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक पहुँच सुनिश्चित गर्न सहयोग पुगेको देखिन्छ। गाँउपालिकाले आफ्नो आवधिक योजनामा **शत प्रतिशत भर्ना दर** पुऱ्याउने र विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखेको देखिन्छ। जसलाई सफल बनाउन प्रोत्साहन कार्यक्रम तथा अभिभावक शिक्षालाई व्यबस्थित रुपमा सञ्चालन गर्ने कार्यक्रम आवस्यक छन् ।

शिक्षक व्यवस्थापनका दृष्टिले विषयगत शिक्षक अभाव प्रमुख चुनौतीका रूपमा देखिएको छ, विशेष गरी विज्ञान, गणित र अंग्रेजी जस्ता विषयमा। यसले सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्न सक्छ। महिला शिक्षकहरूको नेतृत्व विकास तालिम र अनुसन्धान प्रवर्द्धनका कार्यक्रम सकारात्मक पहल भए पनि तिनको प्रभावकारिता विद्यालयस्तरमा देखिन निरन्तर अनुगमन आवश्यक छ।

विद्यार्थी भर्ना दर सन्तोषजनक भए पनि केही बालबालिका विद्यालय कहिल्यै नगएका वा बीचैमा छोड्ने समस्या कायम छ। गरीबी, पारिवारिक अवस्था, बसाइँसराइ र सिकाइप्रतिको अभिरुचि जस्ता कारणले ड्रपआउट दर प्रभावित हुन सक्छ। "भर्ना शतप्रतिशत" र "ड्रपआउट शून्य" लक्ष्य हासिल गर्न सामाजिक परिचालन, छात्रवृत्ति, दिवा खाजा तथा पोसाक कार्यक्रमलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ। सिकाइ उपलब्धि सुधारका लागि शिक्षक क्षमता, नियमित मूल्याङ्कन प्रणाली र प्रविधि एकीकरण अपरिहार्य छन्।

लैङ्गिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा कूल साक्षरता दर उच्च भए पनि पुरुष र महिलाबीचको अन्तरले समान अवसर सुनिश्चित गर्न अझै प्रयास आवश्यक रहेको देखाउँछ। अपाङ्गता भएका विद्यार्थी, दलित तथा सीमान्तकृत समूहलाई छात्रवृत्ति, विशेष शिक्षण सामग्री र समावेशी पूर्वाधार उपलब्ध गराउने नीति सकारात्मक छ। शारीरिक, दृष्टि, श्रवण वा अटिजम जस्ता विभिन्न प्रकृतिका अपाङ्गताअनुसार सहयोगको व्यवस्था गर्ने योजना समावेशी शिक्षाको गुणस्तर अभिवृद्धिका लागि महत्वपूर्ण आधार हो।

वातावरणमैत्री तथा बालमैत्री पूर्वाधार निर्माण, सुरक्षित खानेपानी, समावेशी शौचालय र हरित विद्यालय अवधारणा लागू गर्ने प्रयासले सिकाइ वातावरण सुधारतर्फ सङ्केत गर्दछ। तर सबै विद्यालयमा आधुनिक प्रयोगशाला, कम्प्युटर ल्याब र इन्टरनेट सुविधा उपलब्ध नभएकाले प्रविधिमा असमानता देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि, स्मार्ट प्रविधि प्रयोग, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति दीर्घकालीन रूपमा सकारात्मक सम्भावना बोकेको छ। यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरीए भने सिकाइ उपलब्धि सुधार, रोजगारीसँग शिक्षा जोड्ने अवसर र समावेशी गुणस्तरीय शिक्षा प्रणाली विकास हुने सम्भावना उच्च देखिन्छ।

## २. सबल पक्षहरु

मोदी गाउँपालिकाले शैक्षिक रूपान्तरणका लागि प्रविधिमा आधारित सिकाइ, आवासीय विद्यालयको व्यवस्थापन र **'सिक्दै कमाउँदै'** जस्ता उद्यमशील कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गरी शिक्षा क्षेत्रमा उल्लेखनीय सवल पक्षहरू स्थापित गरेको छ। स्मार्ट बोर्ड, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको व्यवस्थासहितको प्रविधिमैत्री सिकाइले विद्यार्थीहरूमा डिजिटल साक्षरता र आधुनिक शिक्षण पद्धतिको पहुँच सुनिश्चित गरेको छ भने आवासीय विद्यालयहरूको सञ्चालनले भौगोलिक रूपमा दुर्गम भेगका र जेहेन्दार विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षामा

निरन्तरता दिन सघाउ पुऱ्याएको छ। विशेष गरी 'सिक्दै कमाउँदै' कार्यक्रममार्फत सैद्धान्तिक ज्ञानलाई व्यावसायिक सीप र आयआर्जनसँग जोड्ने प्रयासले विद्यार्थीहरूमा स्वरोजगार बन्ने आत्मविश्वास जगाउनुका साथै शिक्षालाई जीवनोपयोगी बनाउने गाउँपालिकाको दूरदर्शी सोचलाई प्रतिबिम्बित गरेको छ। यी कार्यक्रमहरूको समन्वयात्मक प्रगतिको फलस्वरुप सामुदायिक विद्यालयहरूको आकर्षण बढ्नुका साथै विद्यार्थीहरूको सिकाइ उपलब्धिमा गुणात्मक सुधार देखिएको छ, जसले गर्दा मोदी गाउँपालिकाको शिक्षा प्रणाली अब केवल प्रमाणपत्रमा सीमित नभइ व्यावहारिक सीप र प्रविधिमा आधारित रोजगारमुखी भविष्यतर्फ अग्रसर भएको स्पष्ट हुन्छ।

## ३. शिक्षा क्षेत्रका समस्याहरू

गाँउपालिकाको शिक्षा क्षेत्रका विद्यमान समस्याहरूलाई देहाय बमोजिम विश्लेषण गरीएको छ।

### क) समतामूलक पहुँच र सहभागीता

विद्यालय भर्ना दर सन्तोषजनक भए पनि गरीबी, पारिवारिक अवस्था, बसाइँसराइ र चेतनाको अभावका कारण केही बालबालिकाहरू बीचैमा विद्यालय छोड्ने समस्या कायम छ। अपाङ्गता भएका, दलित, सीमान्तकृत तथा कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा अर्थपूर्ण सहभागीता गराउनु अझै चुनौतीपूर्ण छ। अभिभावक शिक्षाको अभावले घर-विद्यालय समन्वय कमजोर भएको देखिन्छ। समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित सहयोग, सामाजिक परिचालन र अभिभावक सशक्तीकरण कार्यक्रमलाई सुदृढ बनाउनु आवश्यक छ।

### ख) गुणस्तर र सान्दर्भिकता

शिक्षण सिकाइ प्रक्रियामा परम्परागत घोकन्ते पद्धतिको प्रभाव अझै देखिन्छ। विद्यार्थी केन्द्रित, खोजमूलक र प्रयोगात्मक शिक्षण अभ्यास सीमित छन्। विज्ञान तथा प्रविधि विषयमा प्रयोगात्मक अभ्यास र अनुसन्धान संस्कृति विकास हुन नसक्दा सिकाइ सैद्धान्तिक रूपमा सीमित भएको छ। स्थानीय सन्दर्भ समेट्ने पाठ्यक्रम विकासमा ढिलाई हुँदा शिक्षा र स्थानीय आवश्यकता बीचको सम्बन्ध कमजोर भएको देखिन्छ। यसले जीवनोपयोगी सीप विकासमा चुनौती सिर्जना गरेको छ।

### ग) शिक्षक व्यवस्थापन

विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दी पर्याप्त छैन। विशेषगरी विज्ञान, गणित र अंग्रेजी विषयमा दक्ष शिक्षक अभावले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पारेको छ। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रविधि-मैत्री तालिम र समावेशी शिक्षण रणनीतिसम्बन्धी कार्यक्रम अपर्याप्त छन्। शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेप र नियुक्ति प्रक्रियामा हुने विवादले स्थायित्व र पेशागत मनोबलमा नकारात्मक प्रभाव पार्ने सम्भावना देखिन्छ।

### घ) भौतिक पूर्वाधार

धेरै विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुरक्षित भवन, पुस्तकालय र पर्याप्त फर्निचर जस्ता आधारभूत सुविधा अझै अपर्याप्त छन्। कतिपय भवनहरू जीर्ण अवस्थामा रहेकाले विद्यार्थीको सुरक्षामा जोखिम देखिन्छ। आधुनिक शिक्षणका लागि आवश्यक कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, स्मार्ट बोर्ड र उच्च गतिको

इन्टरनेट सुविधा अधिकांश सामुदायिक विद्यालयमा सीमित छन्। यसले डिजिटल शिक्षण-सिकाइ प्रक्रियामा असमानता सिर्जना गरेको छ।

**ङ) पाठ्यक्रम र मूल्याङ्कन प्रणाली**

स्थानीय पाठ्यक्रम निर्माण र प्रभावकारी कार्यान्वयनमा ढिलाई भएको छ। सिकाइ उपलब्धिको वैज्ञानिक, तथ्यमा आधारित मूल्याङ्कन प्रणाली कमजोर देखिन्छ। विद्यालयहरूको शैक्षिक तथा प्रशासनिक गतिविधिको नियमित अनुगमन र फिडब्याक प्रणाली पर्याप्त सुदृढ छैन। परीक्षा केन्द्रित अभ्यास हाबी हुँदा सिर्जनात्मकता र आलोचनात्मक सोच विकासमा अपेक्षित प्रगति हुन सकेको छैन।

**च) समता र समावेशीकरण**

अपाङ्गता भएका, दलित तथा सीमान्तकृत बालबालिकाको पूर्ण र अर्थपूर्ण सहभागीता सुनिश्चित गर्न अझै संरचनागत सुधार आवश्यक छ। लैङ्गिक साक्षरता अन्तर, सामाजिक विभेद र आर्थिक असमानताले शिक्षामा समान अवसर प्राप्तिमा अवरोध सिर्जना गरेका छन्। समावेशी पूर्वाधार, सहायक सामग्री र संवेदनशील शिक्षक तयारी अपर्याप्त हुँदा समावेशी शिक्षाको प्रभाव सीमित हुन सक्छ।

**छ) विद्यालय सुशासन र व्यवस्थापन**

विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकबीचको समन्वय सुदृढ नहुँदा योजना कार्यान्वयनमा प्रभावकारिता कमी देखिन्छ। पारदर्शी बजेट व्यवस्थापन, सहभागीतामूलक योजना निर्माण र जवाफदेहिता प्रणाली पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। अनुगमन तथा मूल्याङ्कन संयन्त्र कमजोर हुँदा विद्यालय सुधार योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने अवस्था देखिन्छ। विद्यालयहरूको शैक्षिक र प्रशासनिक क्रियाकलापको **चुस्त अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणाली**को अभाव छ। शैक्षिक सत्र र क्यालेन्डरलाई नियमित र व्यवस्थित बनाउन नसक्दा सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ। माध्यमिक र प्राविधिक शिक्षालाई गुणस्तरीय र सुविधासम्पन्न बनाउन आवश्यक पर्ने **लगानी र बजेटको व्यवस्थापन** चुनौतीपूर्ण रहेको छ।

समग्रमा हेर्दा गाँउपालिकामा शिक्षा क्षेत्रमा पहुँच विस्तार र नीतिगत प्रतिबद्धता सकारात्मक भए पनि गुणस्तर, समावेशीकरण, शिक्षक व्यवस्थापन, पूर्वाधार सुदृढीकरण र सुशासनका क्षेत्रमा थप सुधार अपरिहार्य देखिन्छ। प्रभावकारी योजना, स्रोतको उचित उपयोग र समुदायमा आधारित उत्तरदायित्व प्रणाली विकास गर्न सके यी समस्यालाई अवसरमा रूपान्तरण गर्न सकिने सम्भावना रहेको छ।

**४. अवसरहरू**

संविधानले शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा राखेसँगै मोदी गाउँपालिका, पर्वतलाई आफ्नो भूगोल, सामाजिक संरचना र आवश्यकताअनुरूपको शिक्षा नीति तर्जुमा गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ। यस कानुनी अधिकारले गाउँपालिकालाई तीन तहका सरकार र विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी शैक्षिक पूर्वाधारमा लगानी बढाउने तथा स्रोतको उचित परिचालन गर्ने बाटो खोलेको छ। विशेष गरी, सूचना तथा सञ्चार प्रविधिको विस्तारले डिजिटल सिकाइ र अनलाईन सामग्रीको पहुँचलाई गाउँपालिकाका दुर्गम विद्यालयहरूसम्म पुऱ्याउन सहज बनाएको छ। यसका अतिरिक्त, 'हरित विद्यालय' र 'वातावरण संरक्षण' जस्ता समसामयिक

विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने अवसरले मोदीको शिक्षा प्रणालीलाई केवल सैद्धान्तिक मात्र नभइ बदलिँदो जलवायु चुनौतीहरूसँग सुसँगत र व्यावहारिक बनाउने आधार तयार गरेको छ।

मोदी गाउँपालिकाको सन्दर्भमा शिक्षालाई अझ अर्थपूर्ण बनाउन यहाँको रैथाने ज्ञान, सीप र संस्कृतिलाई पाठ्यक्रममा आन्तरिकीकरण गर्ने ठूलो अवसर विद्यमान छ, जसले विद्यार्थीहरूलाई आफ्नो माटो र सामाजिक सन्दर्भसँग जोड्दै शिक्षाको सार्थकता पुष्टि गर्छ। वैकल्पिक सिकाइका माध्यमहरूबाट प्रत्येक बालबालिकाको सिकाइ अधिकार सुनिश्चित गर्दै पहुँच र समावेशीकरणमा जोड दिनु गाउँपालिकाका लागि अर्को महत्वपूर्ण पाटो हो। यिनै कानुनी अधिकार, साधन-स्रोतको व्यवस्थापन, प्रविधिको प्रयोग र स्थानीय मौलिक ज्ञानको समिश्रणले मोदी गाउँपालिकाको शिक्षा प्रणालीलाई दिगो, समावेशी र जीवनोपयोगी बनाउन मार्ग प्रशस्त गरेको छ। यी अवसरहरूको सही सदुपयोगले पर्वत जिल्लाको यस क्षेत्रलाई भविष्यमा शैक्षिक सुधारको एक नमुना केन्द्रका रूपमा स्थापित गर्न सक्ने सम्भावना छ।

## ५. चुनौतीहरू

मोदी गाउँपालिकाले शिक्षामा पहुँच, गुणस्तर र समावेशीकरणको लक्ष्य हासिल गर्न विभिन्न भौगोलिक र सामाजिक चुनौतीहरूको सामना गर्दै आएको छ। विशेष गरी पहाडी भू-धरातल र छरिएर रहेका बस्तीहरूका कारण भौगोलिक विकटता एक प्रमुख चुनौतीका रूपमा रहेको छ, जसले विद्यार्थीहरूको विद्यालयसम्मको पहुँच र विद्यालयहरूको नक्साङ्कन (School Mapping) लाई जटिल बनाएको छ। बसाइँसराइ र जनसाङ्ख्यिक परिवर्तनका कारण विद्यार्थी संख्यामा हुने उतार-चढावले शिक्षक दरबन्दीको न्यायोचित वितरण र स्रोत व्यवस्थापनमा सन्तुलन मिलाउन कठिनाइ पैदा गरेको छ। त्यसका अतिरिक्त, आर्थिक स्रोतको सीमितताका कारण विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधारको निर्माण, आधुनिक प्रविधिको जडान र निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयनमा निरन्तर चुनौतीहरू देखिएका छन्।

एकातर्फ विद्यमान शिक्षा ऐन तथा नियमावली बमोजिम तहगत र विषयगत दरबन्दी व्यबस्थापन गर्न थप कठिनाई छ भने बजारमा दक्ष जनशक्तिको अभावले गर्दा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन, नवीनतम शिक्षण विधिहरूको प्रयोग र सूचना सञ्चार प्रविधिको पूर्ण सदुपयोगमा समेत बाधा पुगिरहेको छ। जलवायु परिवर्तनको जोखिमयुक्त क्षेत्रमा पर्ने भएकाले बाढी र पहिरो जस्ता प्राकृतिक विपत्तिको समयमा सिकाइको निरन्तरता सुनिश्चित गर्न वैकल्पिक रणनीतिहरूको विकास गर्नु अपरिहार्य छ। साथै, जातीय, आर्थिक र अपाङ्गता जस्ता सामाजिक विविधतालाई सम्बोधन गर्दै सबैका लागि समान अवसर उपलब्ध गराउनु र विद्यालयहरूलाई 'हरित विद्यालय'का रूपमा विकास गर्न आवश्यक थप आर्थिक तथा प्राविधिक स्रोत जुटाउनु मोदी गाउँपालिकाका लागि आगामी दिनका मूख्य चुनौतीहरू हुन्। यी चुनौतीहरूलाई स्थानीय सरकारले योजनाबद्ध रूपमा सम्बोधन गर्न सकेमा मोदीको शिक्षा प्रणालीलाई साँच्चिकै समावेशी, दिगो र गुणस्तरीय बनाउन सकिने उच्च सम्भावना छ।

# परिच्छेद २

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

"सामाजिक आर्थिक रुपान्तरणको सदिक्षा: समान पहुँच सहितको आधुनिक प्रविधियुक्त शिक्षा"

## २.२ लक्ष्य

समान पहुँच सहितको आधुनिक र गुणस्तरीय शिक्षाको माध्यमबाट सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक दक्ष, उत्पादनशील र प्रतिस्पर्धी मानव संसाधनको विकासको आधार तयार गर्ने

## २.३ उदेश्य

क) शिक्षामा गुणात्मक, संस्थागत र संरचनात्मक सुधार गरी सबै बालबालिकालाई शिक्षामा समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्नु,

ख) सबै बालबालिकाको शिक्षामा गुणस्तरीय र सान्दर्भिकता सुनिश्चित गर्नु,

ग) जीवनोपयोगी, वैज्ञानिक एवं आधुनिक प्रविधियुक्त, प्राविधिक तथा व्यावसायिक शिक्षा दक्ष, उत्पादनशील र प्रतिस्पर्धी जनशक्तिको विकास गर्ने।

घ) औपचारिक शिक्षाको अवसर पर्याप्त नभएका व्यक्तिका लागि जीवन पर्यन्त सिकाईका अवसरहरु तयार गर्ने।

## २.४ रणनीतिहरु

**उद्देश्य १ : शिक्षामा गुणात्मक, संस्थागत तथा संरचनागत सुधार गरी सबै बालबालिकाका लागि समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्ने।**

**रणनीतिहरूः**

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क बनाउँदै पहुँचयोग्य र समतामूलक बनाउने।

ख) विद्यालय जानबाट वञ्चित बालबालिकाको पहिचान गर्ने तथ्याङ्क सङ्कलन गरी प्रत्येक शैक्षिक सत्रको प्रारम्भमा "विद्यार्थी भर्ना तथा घरदैलो अभियान" सञ्चालन गर्ने।

ग) गरीब, विपन्न, दलित तथा सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न र टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति तथा पोसाक वितरण कार्यक्रम सञ्चालन गर्ने।

घ) विकट क्षेत्रका तथा अध्ययनका लागि उपयुक्त वातावरण नभएका बालबालिकाका लागि आवश्यकताअनुसार छात्रावासको व्यवस्था गर्ने।

ङ) अपाङ्गता भएका बालबालिकाका लागि उनीहरूको आवश्यकता तथा प्रकृतिअनुसार ब्रेल सामग्री, सांकेतिक भाषा, श्रव्य-दृश्य सामग्री, ह्विलचेयर लगायतका सहयोगी सामग्री तथा विशेष छात्रवृत्तिको व्यवस्था गर्ने।

च) अपाङ्गता भएका, सीमान्तकृत तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समावेशी तथा बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्ने।

छ) बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने।

ज) शिक्षकहरूलाई नवीनतम् शिक्षण पद्धति तथा प्रविधिमा दक्ष बनाउन नियमित, नतिजामुखी तथा आवश्यकतामा आधारित तालिम प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्ने।

झ) विद्यालय पूर्वाधार तथा सिकाइ वातावरणमा जलवायु उत्थानशीलता, वातावरणमैत्रीता तथा विपद् प्रतिरोधात्मक पक्ष सुनिश्चित गर्ने।

**उद्देश्य २ : सबै बालबालिकाका लागि गुणस्तरीय तथा सान्दर्भिक शिक्षा सुनिश्चित गर्ने।**

**रणनीतिहरू:**

क) शिक्षकहरूलाई आधुनिक शिक्षण पद्धति तथा प्रविधिमा दक्ष बनाउन नियमित र नतिजामुखी तालिम प्रदान गर्ने तथा उनीहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्ने।

ख) शिक्षण-सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन स्मार्ट बोर्ड, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला तथा इन्टरनेट सुविधाको विस्तार गर्ने।

ग) शिक्षाको गुणस्तर सुनिश्चित गर्न नतिजामा आधारित अनुगमन तथा वैज्ञानिक मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गर्ने।

घ) पाठ्यक्रमलाई स्थानीय आवश्यकता, संस्कृति, मौलिकता तथा जीवनोपयोगी सीपसँग अनुकूल हुने गरी कार्यान्वयन गर्ने।

ङ) विषयगत तथा कक्षागत आधारमा शिक्षक व्यवस्थापनलाई प्रभावकारी बनाउने।

च) शिक्षण-सिकाइ प्रक्रियामा खोजमूलक, प्रयोगात्मक, विद्यार्थीकेन्द्रित तथा क्रियाकलापमा आधारित सिकाइलाई प्रवर्द्धन गर्ने।

छ) शिक्षकहरूलाई नवीनतम् शिक्षण विधि, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समावेशी तथा गुणस्तरीय शिक्षासम्बन्धी तालिम प्रदान गर्ने।

ज) नियमित मूल्याङ्कन तथा पृष्ठपोषण (फिडब्याक) प्रणालीमार्फत सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तर सुनिश्चित गर्ने।

झ) विद्यालयमा पर्याप्त पाठ्यपुस्तक, डिजिटल सिकाइ सामग्री, स्मार्ट बोर्ड, कम्प्युटर प्रयोगशाला तथा प्रयोगशालाको उपलब्धता सुनिश्चित गर्ने।

**उद्देश्य ३ : जीवनोपयोगी, वैज्ञानिक, आधुनिक प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत दक्ष, उत्पादनशील र प्रतिस्पर्धी जनशक्ति विकास गर्ने।**

**रणनीतिहरू:**

क) राष्ट्रिय पाठ्यक्रमको ढाँचाभित्र रही स्थानीय भूगोल, कृषि, पर्यटन तथा उद्यमशीलतालाई समेट्ने स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने।

ख) विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणित (STEM) मा आधारित शिक्षालाई प्रोत्साहन गर्ने।

ग) सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक सिकाइ, परियोजना कार्य तथा प्रयोगशालामा आधारित शिक्षण विधिलाई प्रवर्द्धन गर्ने।

घ) विद्यालयमा कम्प्युटर प्रयोगशाला, इन्टरनेट पहुँच तथा स्मार्ट कक्षाकोठाको व्यवस्था गर्ने।

ङ) शिक्षकहरूलाई आधुनिक डिजिटल उपकरण, शैक्षिक सफ्टवेयर तथा अनलाईन सिकाइ सामग्रीको प्रयोगसम्बन्धी निरन्तर तालिम प्रदान गर्ने।

च) गाउँपालिका स्तरमा डिजिटल पुस्तकालय वा ई–लर्निङ पोर्टल स्थापना गरी गुणस्तरीय सिकाइ सामग्रीमा विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने।

छ) स्थानीय उद्योग, कृषि फर्म तथा पर्यटन क्षेत्रसँग समन्वय गरी इन्टर्नसिप तथा कार्यस्थलमा आधारित तालिम (On-the-Job Training) को व्यवस्था गर्ने।

ज) माध्यमिक शिक्षा परीक्षा (SEE) पश्चात् विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ आकर्षित गर्न छात्रवृत्ति तथा वृत्ति परामर्श कार्यक्रम सञ्चालन गर्ने।

झ) विद्यार्थीहरूलाई कृषि, हस्तकला, कम्प्युटर मर्मत, फोटोग्राफी लगायतका सीपमूलक कार्यमा संलग्न गराई सिक्दै कमाउने वातावरण सिर्जना गर्ने।

ञ) विषयगत शिक्षकको अभाव पूर्ति गर्ने तथा शिक्षकहरूलाई पेसागत दक्षता अभिवृद्धिका लागि उत्प्रेरित गर्ने।

ट) विद्यार्थीहरूको रुचि, क्षमता तथा सम्भावनाअनुसार विषय छनोट गर्न व्यावसायिक तथा शैक्षिक परामर्श सेवाको व्यवस्था गर्ने।

ठ) नवीनतम् प्रविधि वा व्यावसायिक सीपको प्रभावकारी प्रयोग गर्ने विद्यालय तथा शिक्षकलाई "उत्कृष्ट शैक्षिक प्रवर्द्धक" का रूपमा सम्मान तथा पुरस्कृत गर्ने।

ड) शैक्षिक गुणस्तरको अवस्था मूल्याङ्कन गर्न वास्तविक समय (Real Time) डाटामा आधारित अनुगमन प्रणाली लागू गर्ने।

ढ) विद्यार्थीहरूले हासिल गरेका व्यावसायिक सीपहरूको परीक्षण गरी स्थानीय सरकारबाट प्रमाणिकरण वा सीप प्रमाणीकरणको व्यवस्था गर्ने।

ण) सिकाइ प्रक्रियालाई विद्यालयको चार भित्ताभित्र सीमित नराखी घर, समुदाय तथा स्थानीय समाजसँग जोड्ने वातावरण सिर्जना गर्ने।

त) अपाङ्गता भएका, सीमान्तकृत तथा विपन्न विद्यार्थीहरूका लागि लक्षित छात्रवृत्ति तथा प्रविधिमैत्री सहयोग उपलब्ध गराउने।

थ) शिक्षा प्रणालीमा जलवायु परिवर्तन, वातावरण संरक्षण तथा दिगो विकासका विषयहरू समावेश गरी विद्यार्थीहरूलाई जिम्मेवार, सक्षम तथा दक्ष नागरीकका रूपमा विकास गर्ने।

**उद्देश्य ४ : औपचारिक शिक्षाको अवसर पर्याप्त रूपमा प्राप्त गर्न नसकेका व्यक्तिहरूका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू विस्तार गर्ने।**

**रणनीतिहरूः**

क) अनलाईन प्लेटफर्म, भिडियो कक्षा, मोबाइल एप्लिकेसन तथा रेडियो/टेलिभिजनमार्फत वैकल्पिक सिकाइको पहुँच विस्तार गर्ने।

ख) प्रत्येक वडामा इन्टरनेट सुविधासहित कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने। ग) "एक वडा, एक पुस्तकालय/वाचनालय" अवधारणाअनुसार प्रत्येक सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध रहने गरी पुस्तकालय स्थापना गर्ने।

घ) गाउँपालिका स्तरमा एक मूख्य पुस्तकालय स्थापना गरी वडास्तरीय पुस्तकालयहरूलाई एउटै सञ्जालमा आबद्ध गर्ने।

ङ) परम्परागत तथा मौलिक ज्ञान, दर्शन, संस्कृति र प्राकृतिक विज्ञानसँग सम्बन्धित सामग्रीहरूको सङ्कलन, अभिलेखीकरण तथा संरक्षण गर्ने।

च) प्रत्येक टोलमा नागरीकहरूको सिकाइ आवश्यकताको सम्बोधन गर्न तथा जीवनपर्यन्त सिकाइलाई अभियानका रूपमा सञ्चालन गर्न स्थानीय बौद्धिक समाज गठन गर्ने।

छ) समुदायको समन्वय तथा सहभागीतामा टोल-टोलमा प्रौढ शिक्षा कक्षा सञ्चालन गर्ने तथा उनीहरूको सिकाइ उपलब्धि मापन गर्न उपयुक्त सूचकहरू विकास गरी कार्यान्वयन गर्ने।

## २.५ अपेक्षित उपलब्धि

क) शिक्षामा सबै बालबालिकाको समान र निर्बाध पहुँच सुनिश्चित भइ विद्यालय छोड्ने दर शून्यमा झर्नेछ र सामाजिक न्यायसहितको शैक्षिक वातावरण निर्माण भएको हुनेछ।

ख) विद्यार्थीहरूमा विषयगत ज्ञानका साथै जीवनोपयोगी र व्यावहारिक सीपको विकास भइ राष्ट्रिय मापदण्डअनुरूपको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुनेछ।

ग) वैज्ञानिक, आधुनिक प्रविधि र प्राविधिक शिक्षाको पहुँचले विद्यार्थीहरू उत्पादनशील र प्रतिस्पर्धात्मक बजारमा बिक्न सक्ने जनशक्तिमा रूपान्तरणको आधार तयार भएको हुनेछ।

घ) **'सिक्दै कमाउँदै'** र व्यावसायिक शिक्षाले विद्यार्थीमा उद्यमशील सोचको विकास गरी स्थानीय स्तरमै स्वरोजगार बन्ने आत्मविश्वास र क्षमता बढेको हुनेछ।

ङ) औपचारिक शिक्षाबाट वञ्चित समुदायसहित सबै नागरीकका लागि निरन्तर सिक्ने अवसरहरू सिर्जना भइ समाजमा **'आजीवन सिकाइ'** को सकारात्मक संस्कृति स्थापित हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ८५ | ९० | ९५ | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | ७८ | ८५ | ९२ | ९८ |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ९२ | ९५ | ९८ | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०५ | १०३ | १०० | ९८ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९४ | ९६ | ९८ | १०० |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १०८ | १०५ | १०२ | १०० |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | ८८ | ९२ | ९६ | ९९ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | १०१ | १०० | ९८ | ९७ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | ८२ | ८८ | ९३ | ९७ |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | ८० | ८६ | ९२ | ९६ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | ६ | ४ | २ | १ |

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | ०.९ | ०.९५ | ०.९८ | १.०० |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९० | ९३ | ९६ | ९८ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १०३ | १०० | ९८ | ९५ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७८ | ८५ | ९० | ९५ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भइ कक्षा ८ पूरा गर्ने दर*(%) | ७५ | ८२ | ८८ | ९३ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.८८ | ०.९३ | ०.९७ | १.०० |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | ६.५ | ४.० | २.० | ०.२ |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | ६१.९ | ६३ | ६५ | ६५ |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५५ | ६० | ६८ | ७५ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ७८ | ७५ | ७२ | ७० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | ०.८२ | ०.९० | ०.९७ | १.०० |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | ८८ | ९२ | ९५ | ९८ |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | ७२ | ७० | ७८ | ८५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | ४० | ५० | ६० | ७० |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | २४.५ | २५ | २८ | ३५ |
| ४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा (राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कमा आधार मानिएको) | | | | | |
| ४.१ | साक्षरता दर (१८ वर्ष भन्दा माथि) (%) | ७१.२ | ७८ | ८५ | ९२ |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | ७७.६ | ८३ | ८८ | ९३ |
| ४.३ | साक्षरता दर (१०-१९ उमेर समूह) (%) | ९९.६७ | ९९.८ | ९९.९ | १.०० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१८ वर्ष भन्दा माथि) | ०.७६ | ०.८५ | ०.९३ | १.०० |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |
| ५.१ | बाल विकास केन्द्रमा बालवालिका र सहजकर्ताको अनुपात | ७ | ७ | ७ | ७ |
| ५.२ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ५ | ५ | ५ | ५ |

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|
| ५.३ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ११ | ११ | ११ | ११ |
| ५.४ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ८ | ८ | ८ | ८ |
| ५.५ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ९ | ९ | ९ | ९ |
| ५.६ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | १० | १० | १० | १० |

**स्रोतः राष्ट्रिय जनगणना २०७८ र प्रक्षेपण, शैक्षिक सुचक २०८२/ IEMIS, CEHRD**

# परिच्छेद ३

## विद्यालय शिक्षा क्षेत्रका मूख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचयः

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागीताको हक हुनेछ भनी उल्लेख गरीनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरीएको छ।

### ३.१.२ वर्तमान अवस्थाः

मोदी गाउँपालिकामा हाल ५७ वटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन्, जसमध्ये ५२ वटा सामुदायिक तथा ५ वटा संस्थागत विद्यालयमा सञ्चालित छन्। यी केन्द्रहरूमा कूल ४२६ जना बालबालिका अध्ययनरत रहेका छन्, जसमा २३८ जना छात्र र १८८ जना छात्रा रहेका छन्। प्रारम्भिक बालविकास उमेर समूहको अनुमानित जनसंख्यासँग तुलना गर्दा सहज भर्नादर १९३ प्रतिशत रहेको देखिन्छ। यो तथ्याङ्कले गाउँपालिकाभित्र मात्र नभइ छिमेकी क्षेत्रका बालबालिकासमेत सेवा लिइरहेको अवस्था सङ्केत गर्दछ। यसले प्रारम्भिक बालविकास सेवामा पहुँच विस्तार सन्तोषजनक रहेको देखाए पनि उमेरअनुकूल भर्ना, अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापनलाई थप व्यवस्थित बनाउनुपर्ने आवश्यकता औँल्याउँछ।

विद्यालय शिक्षामा प्रवेशको तयारीका दृष्टिले समेत प्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी देखिएको छ। कक्षा १ मा भर्ना भएका ३०५ जना बालबालिकामध्ये २६३ जना अर्थात् ८६.२ प्रतिशत बालबालिकाले कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास कार्यक्रम पूरा गरी विद्यालय शिक्षामा प्रवेश गरेका छन्। प्रारम्भिक बालविकास अनुभव प्राप्त बालबालिकामा भाषिक, सामाजिक तथा बौद्धिक विकास अपेक्षाकृत राम्रो हुने तथा विद्यालय वातावरणमा अनुकूलन क्षमता उच्च रहने तथ्य विभिन्न अध्ययनहरूले पुष्टि गरेका छन्। यस सन्दर्भमा गाउँपालिकाको उपलब्धि उत्साहजनक मान्न सकिन्छ।

समावेशी शिक्षाको दृष्टिकोणबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रहरूमा दलित समुदायका १५५ जना (३६.३ प्रतिशत), जनजाति समुदायका ७१ जना (१६.६ प्रतिशत) तथा अपाङ्गता भएका ३ जना बालबालिकाको सहभागीता रहेको छ। यसले लक्षित समुदायको पहुँच क्रमशः विस्तार हुँदै गएको देखाए पनि अपाङ्गता भएका बालबालिकाको सहभागीता अत्यन्त न्यून रहेको अवस्था छ। त्यसैले समावेशी शिक्षा प्रवर्द्धनका लागि पहुँचयुक्त भौतिक संरचना, सहायक सिकाइ सामग्री, विशेष शिक्षासम्बन्धी क्षमता विकास तथा अभिभावक सचेतना कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

गुणस्तरका दृष्टिले प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम सक्षमता मापदण्डको पूर्ण कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ। बालमैत्री सिकाइ वातावरण, खेलमा आधारित शिक्षण पद्धति, प्रशिक्षित सहजकर्ता, सुरक्षित खानेपानी, बालमैत्री शौचालय तथा पर्याप्त सिकाइ सामग्रीको व्यवस्था सबै केन्द्रमा समान रूपमा सुनिश्चित हुन सकेको छैन। विशेषगरी सामुदायिक केन्द्रहरूमा भौतिक तथा शैक्षिक पूर्वाधारको कमी देखिएकाले गुणस्तर अभिवृद्धिका लागि लक्षित लगानी, नियमित अनुगमन तथा प्राविधिक सहयोग आवश्यक रहेको छ।

**तालिका १**

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ५२ | १९१ | १५८ | ३९४ | ६२ | ७३ | १३५ | २ | १ | ३ |
| संस्थागत | ५ | ४७ | ३० | ७७ | ७ | ११ | १९ | ० | ० | ० |
| जम्मा | ५७ | २३८ | १८८ | ४२६ | ६९ | ८४ | १५५ | २ | १ | ३ |

**स्रोतः EMIS, CEHRD**

समग्रमा मोदी गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच विस्तार उल्लेखनीय रूपमा बढेको, कक्षा १ मा विद्यालय तयारीसहित प्रवेश गर्ने बालबालिकाको अनुपात सन्तोषजनक रहेको तथा समावेशी सहभागीता क्रमशः सुदृढ हुँदै गएको देखिन्छ। तथापि, सेवा गुणस्तर, न्यूनतम सक्षमता मापदण्डको पूर्ण कार्यान्वयन, अपाङ्गता भएका बालबालिकाको पहुँच वृद्धि तथा बालमैत्री पूर्वाधार विकासका क्षेत्रमा अझ रणनीतिक तथा परिणाममुखी हस्तक्षेप आवश्यक रहेको देखिन्छ।

### ३.१.३ उदेश्यः

क) बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न प्रारम्भिक बाल विकास र शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु

ख) सबै बालबालिकालाई समावेशी, पहुँचयोग्य र गुणस्तरीय प्रारम्भिक शिक्षा उपलब्ध गराउनु

ग) बाल विकास केन्द्रहरूलाई बालमैत्री, सुरक्षित र वातावरणमैत्री बनाउनु

### ३.१.४ रणनीतिहरू

क) सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

ख) बाल विकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाउने।

ग) निजी क्षेत्रलाई समेत **केन्द्र स्थापना र सञ्चालनमा प्रोत्साहित** गर्दै न्यूनतम मापदण्डमा नियमित निगरानी र मूल्याङ्कन गर्ने।

घ) अति विपन्न, दलित, सीमान्तकृत र अपाङ्ग बालबालिकालाई पहुँच सुनिश्चित गर्दै निःशुल्क भर्ना अभियान सञ्चालन।

ङ) कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,

क) जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,

ख) पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,

ग) लागत सहभागीता अभिवृद्धि गर्ने,

घ) कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,

ङ) ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,

च) कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,

छ) स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,

ज) पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाई समयानुकूल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,

झ) भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

क) **अपेक्षित उपलब्धि:**

मोदी गाउँपालिकाका सबै बालबालिकाले गुणस्तरीय, समावेशी, सुरक्षित तथा बालमैत्री प्रारम्भिक बालविकास सेवामा पहुँच प्राप्त गरी विद्यालय शिक्षाका लागि आवश्यक तयारी सहित ज्ञान, सीप र व्यवहार हासिल गरेका हुनेछन्। मोदी गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकालाई गुणस्तरीय, समावेशी तथा बालमैत्री प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित भएको हुनेछ। यस अन्तर्गत लक्षित उमेर समूहका सबै बालबालिकाले कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्त गरी समान, सहज र समतामूलक रूपमा सहभागीता जनाउनेछन्। साथै, प्रारम्भिक बालविकास कार्यक्रमबाट अपेक्षित ज्ञान, सीप, व्यवहार तथा विद्यालय तयारी सम्बन्धी सक्षमता हासिल गरी सबै बालबालिका कक्षा १ मा प्रवेश गर्ने अवस्थाको सुनिश्चितता हुनेछ। यसबाट बालबालिकाको सर्वाङ्गीण विकास, सिकाइको

सुदृढ आधार निर्माण तथा आगामी शैक्षिक यात्रामा सकारात्मक उपलब्धि हासिल गर्न आवश्यक वातावरण सिर्जना भएको हुनेछ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९३ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना सङ्ख्या | ४२६ | ४३० | ४३५ | ४४० | ४५० | ४७० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ४० | ४५ | ४८ | ५२ | ५४ | ५७ |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर (%) | ९५ | ९६ | ९८ | ९९ | १०० | १०० |
| ४ | कम्तीमा एक वर्ष प्रारम्भिक बालविकास कार्यक्रम पूरा गरी कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको प्रतिशत | ८६.२ | ९० | ९२ | ९५ | ९८ | १०० |
| ५ | प्रशिक्षित सहजकर्ता/शिक्षकको प्रतिशत | ७५ | ८० | ९० | ९५ | १०० | १०० |
| ६ | बालमैत्री तथा समावेशी पूर्वाधारयुक्त बालविकास केन्द्रको सङ्ख्या | ३५ | ४२ | ५० | ५७ | ५७ | ५७ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप (उदाहरण) | एकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९३ |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | ५७ | ५५ | ५४ | ४८ | ४५ | आवस्यकतानुसार |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | १० | १० | २० | १० | ७ | नियमित |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास | जना | ३० | ३० | २० | २० | २० | नियमित |
| ४ | वालमैत्री सिकाई सामग्री तथा खेल सामग्री वितरण | केन्द्र | १० | १५ | १५ | १० | ७ | आवस्य कतानुसार |
| ५ | अनुगमन र सुपरिवेक्षण | पटक | १ | २ | २ | ३ | ३ | नियमित |
| ६ | उत्कृष्ट बालविकास केन्द्र तथा सहजकर्ता प्रोत्साहन | केन्द्र र जना | ५ | ५ | ५ | ५ | ५ | नियमित |
| ७ | अभिभावक शिक्षा ताथ सचेतना कार्यक्रम | कार्यक्रम | १० | १० | १० | १० | १० | नियमित |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा ३१ अनुसार प्रत्येक नागरीकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क प्राप्त गर्ने अधिकार छ। यसले राज्यलाई सबै बालबालिकाका लागि समान, समावेशी र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व प्रदान गरेको छ। राष्ट्रिय शिक्षा नीति ले आधारभूत शिक्षालाई १-८ कक्षासम्म परिभाषित गर्दै समावेशी, जीवनोपयोगी तथा सीपमुखी शिक्षामा जोड दिएको छ। नीति अनुसार सबै बालबालिकाको पहुँच, सहभागीता, निरन्तरता र सिकाइ उपलब्धि सुनिश्चित गर्नु राज्यको प्राथमिकता हो। त्यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने स्पष्ट व्यवस्था गरेको छ। यस ऐनले अभिभावकलाई बालबालिकालाई विद्यालय पठाउने जिम्मेवारी तोकेको छ भने राज्यलाई आवश्यक पूर्वाधार, शिक्षक र स्रोत—साधन उपलब्ध गराउने कानुनी दायित्व दिएको छ। यसरी संविधान, नीति र ऐनले आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन्।

### ३.२.२ वर्तमान अवस्था

मोदी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत तह (कक्षा १-८) अन्तर्गत सञ्चालनमा रहेका ५१ विद्यालयहरूमा कूल १,१३१ विद्यार्थी अध्ययनरत रहेका छन्। यस तहमा साविक प्राथमिक तहका १८९ र साविक निम्न माध्यमिक तहका ६२ गरी जम्मा २५१ शिक्षक दरबन्दी कायम रहेको छ, जसअनुसार शिक्षक-विद्यार्थी अनुपात करिब १:४.५ रहेको देखिन्छ। विद्यार्थीहरूमध्ये ५४० जना दलित तथा ६ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। यद्यपि विद्यालयहरूमा शैक्षिक पहुँच विस्तार तथा भर्ना दर सन्तोषजनक रहे तापनि कतिपय विद्यालयहरूमा कक्षा कोठा, बालमैत्री तथा लैङ्गिकमैत्री शौचालय, सुरक्षित खानेपानी, खेलमैदान तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको उपलब्धता अपेक्षित स्तरमा पुग्न सकेको छैन। यस्ता पूर्वाधारगत तथा व्यवस्थापकीय चुनौतीहरूले सिकाइ उपलब्धि, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा समावेशी शैक्षिक वातावरण निर्माणमा प्रभाव पार्न सक्ने देखिन्छ। त्यसैले विद्यालयहरूको वास्तविक आवश्यकता पहिचान

गरी स्रोत तथा साधनको न्यायोचित वितरण, शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि, सूचना प्रविधिमैत्री सिकाइ वातावरणको विकास तथा विद्यालय पूर्वाधार सुदृढीकरणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ।

मोदी गाउँपालिकाभित्र सञ्चालनमा रहेका ४ संस्थागत विद्यालयहरूमा आधारभूत तह (कक्षा १-८) मा कूल ४८६ विद्यार्थी अध्ययनरत रहेका छन्, जसमध्ये १०६ जना दलित तथा २ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। संस्थागत विद्यालयहरूले शैक्षिक सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका भए तापनि समावेशी तथा न्यायपूर्ण शिक्षाको सुनिश्चितताका दृष्टिले दलित, विपन्न तथा अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागीता थप अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ। त्यस्तै केही विद्यालयहरूमा कक्षा कोठा व्यवस्थापन, सुरक्षित खानेपानी, पर्याप्त शौचालय, खेलकुद पूर्वाधार तथा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ वातावरणको विकासमा थप सुधार आवश्यक रहेको पाइन्छ। समग्रमा संस्थागत विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षकहरूको पेशागत दक्षता विकास, समावेशी भर्ना नीति अवलम्बन तथा सिकाइमैत्री वातावरण सुदृढीकरणमार्फत आधारभूत शिक्षाको प्रभावकारिता र गुणस्तरलाई थप उकास्न सकिने सम्भावना रहेको देखिन्छ।

**तालिका २**

**आधारभूत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ५१ | ४४७ | ६८४ | ११३१ | २८० | २६० | ५४० | ६ | ० | ६ |
| संस्थागत | ४ | २६५ | २२१ | ४६८ | ६५ | ४१ | १०६ | २ | ० | २ |
| जम्मा | ५५ | ७१२ | ९०५ | १६१७ | ३४५ | ३०१ | ६४६ | ८ | ० | ८ |

स्रोतः EMIS, CEHRD

सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको कमी छ। विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ।

### ३.२.३ उद्देश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाका लागि **पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य** बनाउनु
ख) सिकाइ उपलब्धि र शिक्षाको गुणस्तरमा सुधार गर्नु
ग) आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरू

क) कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले विशेष भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन गर्ने

ख) विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने

ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि तर्जुमा गर्ने

घ) अनिवार्य तथा निःशुल्क शिक्षाका लागि आवश्यक आर्थिक तथा अन्य स्रोतको सुनिश्चितता गर्ने

ङ) विद्यालय नक्साङ्कन गर्ने तथा विद्यालयहरूको पुनर्वितरण र समायोजन गरी शैक्षिक पहुँच सन्तुलित बनाउने

च) शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत तथा कक्षागत शिक्षकको पर्याप्तता सुनिश्चित गर्ने

छ) सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गरी तिनलाई प्रतिस्पर्धी, प्रभावकारी र विश्वसनीय बनाउने

ज) शिक्षण-सिकाइ विधिमा आवश्यक परिमार्जन गरी विद्यार्थीकेन्द्रित, क्रियाकलाप आधारित तथा व्यवहारमुखी पद्धति अवलम्बन गर्ने

झ) कक्षा ३ सम्म आधारभूत कक्षा शिक्षण प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

ञ) न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने

ट) मूल्याङ्कनलाई शिक्षण-सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोगमा ल्याउने

ठ) कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणाली सुदृढ गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

ड) विद्यार्थीलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराई सिकाइ उपलब्धिमा सुधार ल्याउने

ढ) अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा सुधार गर्ने

ण) दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा समावेश गर्ने

त) शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

थ) आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

द) शिक्षक विकास तथा सहायता प्रणालीलाई व्यवस्थित गर्ने

ध) शिक्षामा कार्यरत सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

न) विद्यालय तथा शैक्षिक निकायको शासकीय र व्यवस्थापकीय पद्धतिमा सुधार गरी नतिजाप्रति जवाफदेहिता सुनिश्चित गर्ने

ऩ) विद्यालयको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको नियमित परीक्षण गरी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने

प) विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

फ) विद्यालयलाई बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणयुक्त बनाउने

ब) सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने

भ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने

म) स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धलाई व्यवस्थित गर्ने

य) विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने

र) विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन गर्ने तथा भाषिक र सामाजिक-सांस्कृतिक विविधताको सम्मान गर्ने

ऱ) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने

ल) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी शिक्षालाई आधुनिक, सहज र प्रभावकारी बनाउने

)

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि :**

मोदी गाँउपालिकामा आधारभूत शिक्षा सबै बालबालिकाका लागि पहुँचयोग्य, समतामूलक, निःशुल्क र अनिवार्य भएको हुनेछ। यसका साथै सिकाइ उपलब्धिमा वृद्धि भइ शिक्षाको गुणस्तरमा सुधार भएको हुनेछ। आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको सुनिश्चित गरीएको हुनेछ।

नतिजाको दृष्टिले, आधारभूत तहको खुद भर्नादर उच्च स्तरमा पुगेको हुनेछ। सबै विद्यालयले प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका हुनेछन् र आधारभूत तहको सिकाइ उपलब्धि ७० प्रतिशत पुगेको हुनेछ, जसले विद्यार्थीहरूको समग्र सिकाइ क्षमता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नेछ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्य :**

| क.सं. | सूचक (उदाहरण) | आधार वर्ष २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १–८) मा खुद भर्नादर (%) | ९७ | ९८ | ९८.५ | ९९ | ९९.५ | १०० | १०० |
| | | | | | | | | |
| २ | विद्यालय बाहिर रहेका आधारभूत तह उमेर समूहका बालबालिकाको सङ्ख्या | २० | १५ | १० | ५ | ३ | ० | ० |
| ३ | न्यूनतम सक्षमता (PMEC) पूरा गरेका आधारभूत विद्यालयको सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५५ |
| ४ | तालिम प्राप्त शिक्षकको प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ | १०० | १०० |
| ५ | आधारभूत तहको औसत सिकाइ उपलब्धि (%) | ५५ | ५८ | ६२ | ६६ | ७० | ७५ | ८५ |
| ६ | सूचना तथा सञ्चार प्रविधियुक्त विद्यालयको सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४५ | ५५ |
| ७ | समावेशी तथा बालमैत्री शौचालय भएका विद्यालयको सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | अपाङ्गता भएका बालबालिकाको विद्यालय सहभागीता (%) | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० | १०० |

## ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९३ |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | - | - | - | - | १ |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्थापन तथा दरबन्दी समायोजन | विद्यालय | १० | १० | १० | १० | १५ | ५५ |
| ३ | शिक्षकको पेशागत क्षमता विकास तालिम | जना | ५० | ५० | ५० | ५० | ५० | नियमित |
| ४ | PMEC कार्यान्वयन तथा विद्यालय सबलीकरण | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५५ |
| ५ | विद्यालयमा ICT तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ५५ |
| ६ | पुस्तकालय तथा पठन संस्कृति प्रवर्द्धन कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १५ | ५५ |
| ७ | बालमैत्री, लैङ्गिकमैत्री तथा समावेशी शौचालय निर्माण/सुधार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ३० |
| ८ | विद्यालय बाहिर रहेका बालबालिकाको खोज तथा पुनःभर्ना अभियान | कार्यक्रम | १ | १ | १ | १ | १ | नियमित |
| ९ | विद्यालयमा मनोसामाजिक परामर्श तथा बाल संरक्षण कार्यक्रम | विद्यालय | १० | १० | १० | १० | १५ | ५५ |
| १० | सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक गुणस्तर मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | नियमित |
| ११ | दिवा खाजा तथा पोषण कार्यक्रमको प्रभावकारिता अभिवृद्धि | विद्यालय | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| १२ | विद्यालय पूर्वाधार (कक्षाकोठा, खानेपानी, खेलमैदान) सुधार | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | ३० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरीकालाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम्  उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९-१२) मा प्राविधिक तथा व्यवसायिकधारको सुरुवातगरीएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरीक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ वाट प्रारम्भ भएको छ।

विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

मोदी गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा प्रवाहको समग्र अवस्था विश्लेषण गर्दा विद्यालय पहुँच,विद्यार्थी सहभागीता,शिक्षक उपलब्धता तथा पूर्वाधारको पक्षमा मिश्रित स्थिति देखिन्छ। हाल सामुदायिक माध्यमिक विद्यालयहरूमा कूल ४८७ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने शिक्षक दरबन्दी ५३ रहेको छ। यस आधारमा शिक्षक-विद्यार्थी अनुपात १:१० कायम रहेको देखिन्छ,जुन सङ्ख्यात्मक रूपमा अपेक्षाकृत सन्तोषजनक भए पनि विषयगत शिक्षक उपलब्धता र शिक्षण गुणस्तरको पक्षमा थप सुदृढीकरण आवश्यक देखिन्छ। विद्यार्थी संरचनातर्फ हेर्दा दलित समुदायका १३५ जना तथा अपाङ्गता भएका ४ जना विद्यार्थी अध्ययनरत रहेका छन्। यद्यपि जनजाति समुदायसम्बन्धी तथ्याङ्क अद्यावधिक र व्यवस्थित रूपमा एकीकृत गर्नुपर्ने आवश्यकता देखिन्छ। विद्यालय पूर्वाधारका दृष्टिले केही विद्यालयमा पर्याप्त कक्षा कोठाको अभाव,शौचालयको सीमित उपलब्धता तथा लैङ्गिक पहुँचको समस्या,सुरक्षित खानेपानी व्यवस्थापनमा चुनौती,खेलमैदानको अपर्याप्तता तथा सूचना तथा सञ्चार प्रविधिको न्यून पहुँच जस्ता समस्या विद्यमान छन्। यस्ता अवस्थाले सिकाइ वातावरण,विद्यार्थी सहभागीता र समावेशी शिक्षाको प्रभावकारितामा प्रत्यक्ष असर पार्ने भएकाले आवश्यकता आधारित पूर्वाधार सुधार, स्रोत व्यवस्थापन,शिक्षक क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षण प्रणाली विकासमा प्राथमिकता दिनुपर्ने देखिन्छ।

त्यसैगरी संस्थागत माध्यमिक विद्यालयहरूको अवस्था हेर्दा कूल २५ जना विद्यार्थी अध्ययनरत रहेका छन्, जसमा दलित समुदायका १५ जना विद्यार्थी समावेश छन् भने अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या शून्य रहेको छ। संस्थागत विद्यालयहरूमा शिक्षक संख्या र विषयगत उपलब्धताको स्पष्ट अभिलेखीकरण आवश्यक देखिन्छ, ताकि शिक्षक-विद्यार्थी अनुपात र शिक्षण प्रभावकारिताको यथार्थ मूल्याङ्कन गर्न सकियोस्। पूर्वाधारको दृष्टिले कक्षा कोठा, शौचालय, खानेपानी, खेलमैदान तथा सूचना-प्रविधि स्रोतको गुणस्तर र पहुँचमा विद्यालयअनुसार भिन्नता पाइन्छ। समग्र रूपमा माध्यमिक शिक्षाको गुणस्तर सुधार गर्न शिक्षक व्यवस्थापन, समावेशी भर्ना तथा सिकाइ अवसर विस्तार, पूर्वाधार सुदृढीकरण, सूचना-प्रविधिमा पहुँच विस्तार तथा नियमित अनुगमन र शैक्षिक तथ्याङ्क व्यवस्थापनलाई प्राथमिकतामा राखी योजनाबद्ध कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ११ | २६७ | २२० | ४८७ | ६७ | ६८ | १३५ | ३ | १ | ४ |
| संस्थागत | १ | १७ | ८ | २५ | १२ | ३ | १५ | ० | ० | ० |
| जम्मा | १२ | २९४ | २२८ | ५२२ | ७९ | ७१ | १५० | ३ | १ | ४ |

स्रोतः EMIS, CEHRD

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा लिएको छ। माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान र पौरखी मानव स्रोत उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ। गाँउपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेको छ। विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र उच्च गतिको इन्टरनेट सुविधा अपर्याप्त रहेको छ। गाँउपालिकामा १ वटा प्राविधिक माध्यमिक विद्यालय, १ वटा विज्ञान विषय संचालित साविक उच्च माध्यमिक विद्यालय सहित ४ वटा कक्षा १२ संचालित विद्यालयहरु छन्।

### ३.३.३ उद्देश्य

**क)** माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागीता सुनिश्चित गर्नु,

**ख)** माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

**ग)** विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु

### ३.३.४ रणनीतिहरू

क) विद्यालयहरूको नक्साङ्कन तथा संरचनागत सुधार गरी पूर्ण माध्यमिक संरचनामा रूपान्तरण गर्ने

ख) सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा आवश्यकता अनुसार स्थापना गर्ने

ग) निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने

घ) माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने

ङ) विपन्न तथा लक्षित समूहका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गर्ने

च) विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

छ) वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने

ज) सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

झ) माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने

ञ) शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

ट) शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रम सञ्चालन गर्ने

ठ) शिक्षण-सिकाइ पद्धतिमा सुधार गर्ने

ड) हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने

ढ) स्मार्ट बोर्ड, इन्टरनेट तथा श्रव्य—दृश्य सामग्रीको प्रयोग विस्तार गर्ने

ण) विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीप्रति उत्थानशील बनाउने

त) विज्ञान विषय अध्ययनका लागि आवश्यक पूर्वाधारसहितको व्यवस्था गर्ने

थ) थप विद्यालयहरूमा विज्ञान संकाय विस्तारका लागि अध्ययन तथा लगानी गर्ने

द) व्यावसायिक, कृषि, सङ्गीत वा आयुर्वेद जस्ता विशिष्टीकृत विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने

ध) छानिएका विद्यालयलाई अङ्ग्रेजी माध्यमबाट नमूना विद्यालयका रूपमा विकास गर्ने

न) यौन शिक्षा, आत्मरक्षा तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने

ऩ) सदाचार, अनुशासन र समाजसेवा समेटिएको नैतिक शिक्षा कार्यक्रम लागू गर्ने

प) सफल व्यक्तिहरूसँग अन्तरक्रिया तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने

फ) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने

ब) आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्ने

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि :**

माध्यमिक शिक्षामा सबै बालबालिकाका लागि पहुँच सुनिश्चित हुने र शिक्षाको सान्दर्भिकता तथा गुणस्तरमा उल्लेखनीय सुधार आउने अपेक्षा गरीएको छ। यस अन्तर्गत सबै बालबालिकाले निःशुल्क माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन् र खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ। सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गर्नेछन्, जसले गुणस्तरीय शिक्षाको प्रवाह सुनिश्चित गर्नेछ र विद्यार्थीहरूको दक्षता, शारीरिक तथा मानसिक विकासमा योगदान पुऱ्याउनेछ।

## ख) प्रमुख क्रियाकलाप र लक्ष्य :

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९३ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९–१२) को खुद भर्नादर (%) | ७५ | ७८ | ८० | ८३ | ८६ | ९० | १०० |
| २ | माध्यमिक तहको टिकाउदर (%) | ८० | ८२ | ८५ | ८८ | ९० | ९३ | ९८ |
| ३ | माध्यमिक तह उत्तीर्ण दर (%) | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ९५ |
| ४ | न्यूनतम सक्षमता (PMEC) पूरा गरेका माध्यमिक विद्यालयको सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ११ |
| ५ | सूचना तथा सञ्चार प्रविधियुक्त माध्यमिक विद्यालयको सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | ११ |
| ६ | विज्ञान तथा कम्प्युटर प्रयोगशालायुक्त विद्यालयको सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ११ |
| ७ | तालिम प्राप्त विषयगत शिक्षकको प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ | १०० | १०० |
| ८ | छात्रवृत्ति वा विशेष सहयोग प्राप्त लक्षित विद्यार्थीको सङ्ख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | १५० |
| ९ | कक्षा १० को उत्तिर्ण दर | ५१ | ७३ | ७५ | ७८ | ८५ | ९० | १०० |
| १० | कक्षा १२ को उत्तिर्ण दर | ७१ | ५८ | ६५ | ७० | ७२ | ७५ | ९० |

### ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९३ |
| १ | माध्यमिक विद्यालय नक्साङ्कन तथा संरचनागत सुधार | पटक | १ | - | - | - | - | १ |
| २ | विषयगत शिक्षक व्यवस्थापन तथा क्षमता विकास | जना | २० | २० | १५ | १५ | १५ | नियमित |
| ३ | विद्यालयमा ICT, इन्टरनेट तथा स्मार्ट बोर्ड पूर्ण विस्तार | विद्यालय | २ | २ | २ | २ | २ | ११ |
| ४ | विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना/सुदृढीकरण | विद्यालय | १ | १ | १ | १ | १ | ११ |
| ५ | छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | विद्यार्थी | ६० | ७० | ८० | ९० | १०० | १५० |
| ६ | सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक गुणस्तर मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | नियमित |
| ७ | विद्यालयमा मनोसामाजिक परामर्श तथा किशोर स्वास्थ्य कार्यक्रम | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ११ |
| ८ | नैतिक शिक्षा, जीवनोपयोगी सीप तथा नेतृत्व विकास कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ |
| ९ | विज्ञान शिक्षा विस्तार तथा STEM प्रवर्द्धन कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | ११ |
| १० | प्राविधिक तथा व्यावसायिक शिक्षाको सम्भाव्यता अध्ययन तथा विस्तार | विद्यालय | १ | १ | १ | १ | १ | ४ |
| ११ | विद्यालय पूर्वाधार (कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान) सुधार | विद्यालय | २ | २ | २ | २ | २ | ११ |
| १२ | उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | कार्यक्रम | १ | १ | १ | १ | १ | नियमित |

## ३.४ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाई

### ३.४.१ परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समुहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो।यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो।औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनप्रयन्त अर्थात आजीवन सिकाई प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाई जीवन पद्धतिसँग जोडिएको

हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समुहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ।

संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरीकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाई अवस्थाको आधारमा थप सिकाई अवसरको निर्माण गरी आजीवन सिकाई संस्कृतिको विकास गर्न आवश्यक छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याइ अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाई संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरीक तयार पार्ने निर्धारण गरेको छ।

### ३.४.२ वर्तमान अवस्था

गाँउपालिकामा १५ देखि ६० वर्ष सम्मका विद्यालयको पहुँच बाहिर रहेको व्यक्तिलाई लक्षित गरी विभिन्न वर्षमा सञ्चालन गरीएको साक्षरता कक्षाहरूबाट गाँउपालिकाको १५ देखि ६० वर्ष उमेरका जनसंख्यामा कूल साक्षरता ८३ प्रतिशत भन्दा माथि पुगेको छ। गाँउपालिकामा ३ वटा सिकाई केन्द्रहरू सञ्चालनमा छ। विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका नागरीकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्ने लक्ष्य राखेको छ। सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने उद्देश्य लिएको छ। औपचारिक शिक्षाबाट बाहिर रहेका नागरीकहरूलाई समेट्ने संस्थागत संरचना सुदृढ गर्न आवश्यक देखिएको छ। केही सामुदायिक सिकाइ केन्द्र र पुस्तकालय सञ्चालनमा रहे पनि सबै वडामा प्रभावकारी पहुँच विस्तार गर्नुपर्ने अवस्था रहेको छ। मदरसा, गुरुकूल, गुम्बा, विहार र वेद विद्याश्रमजस्ता वैकल्पिक संस्थाहरूको समन्वय र स्रोत सुदृढीकरण आवश्यक रहेकोप्रौढ साक्षरता, खुला तथा दूर शिक्षामा सहभागीता बढाउन थप सहजीकरण आवश्यक रहेको छ।

### ३.४.३ उद्देश्य

क) अनौपचारिक शिक्षा एवम् आजीवन सिकाइको माध्मबाट जीवनोपयोगी, सीपमूलक र निरन्तर सिकाइका कार्यक्रम विस्तार गर्नु

ख) सामुदायिक सिकाई केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,

ग) औपचारिक, अनौपचारिक तथा अरितिक माध्यमबाट प्राप्त ज्ञान, सिपको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्नु

### ३.४.४ रणनीतिहरू

क) घरधुरी सर्वेक्षण गरी साक्षर तथा निरक्षर जनसंख्याको पहिचान र अभिलेखीकरण गर्ने
ख) औपचारिक शिक्षाबाट वञ्चित सबै उमेर समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्ने
ग) प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा सुदृढीकरण गर्ने
घ) सामुदायिक सिकाइ केन्द्रलाई बहुउद्देश्यीय केन्द्रका रूपमा विकास गर्दै विद्युतीय पुस्तकालय, सूचना केन्द्र तथा अन्य सेवा विस्तार गर्ने
ङ) "एक वडा एक पुस्तकालय" अवधारणा कार्यान्वयन गरी नगरस्तरीय पुस्तकालय सञ्जाल निर्माण गर्ने
च) सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी डिजिटल सिकाइ पहुँच बढाउने
छ) प्रौढ साक्षरता, साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम समुदायको सहकार्यमा सञ्चालन गर्ने
ज) संघीय, प्रदेश सरकार तथा अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम विस्तार गर्ने
झ) नवसाक्षर महिला तथा पुरुषलाई आयआर्जन र सीपमूलक कार्यक्रमसँग जोडेर आत्मनिर्भर बनाउने
ञ) नागरीकहरूको आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधताअनुसार सामग्री विकास तथा प्रयोग गर्ने
ट) खुला, वैकल्पिक, परम्परागत विद्यालय तथा मदरसा, गुरुकूल, गुम्बा, विहार र वेद विद्याश्रमसँग समन्वय र सुदृढीकरण गर्ने
ठ) सामुदायिक सिकाइ केन्द्रमार्फत सांस्कृतिक सम्पदाको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गर्ने
ड) सरोकारवालाको समन्वयमा साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने
ढ) समुदायमा रहेका परम्परागत ज्ञान तथा सीपहरुको अभिलेखीकरण गरी परीक्षण तथा प्रमाणीकरण गर्ने
ण) अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण प्रणाली सुदृढ गर्ने
त) सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने
थ) गाँउपालिकालाई पूर्ण साक्षर तथा शिक्षित पालिका घोषणा गर्ने लक्ष्यसहित चरणबद्ध कार्ययोजना कार्यान्वयन गर्ने

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धिः सबै नागरीकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यान्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | आधार अवस्था (२०८२) | लक्ष्य (२०८७) |
|---|---|---|---|---|
| १. | साक्षर तथा निरक्षर जनसंख्याको सर्वेक्षण तथा अभिलेखीकरण | पटक | ० | १ |
| २. | प्रौढ साक्षरता कक्षा सञ्चालन | कार्यक्रम | ३ | १५ |
| ३. | साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन | कार्यक्रम | २ | १० |
| ४. | सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण | केन्द्र | ३ | ७ |

| | | | | |
|---|---|---|---|---|
| ५. | नयाँ सामुदायिक सिकाइ केन्द्र स्थापना | केन्द्र | ३ | ७ |
| ६. | वडा स्तरीय पुस्तकालय स्थापना तथा सञ्चालन | वडा | २ | ८ |
| ७. | विद्युतीय पुस्तकालय तथा डिजिटल सिकाइ सेवा विस्तार | केन्द्र | ० | ७ |
| ८. | नवसाक्षरलाई सीप तथा आयआर्जन कार्यक्रमसँग आबद्ध गर्ने | व्यक्ति | ५० | ५०० |
| ९. | खुला तथा वैकल्पिक शिक्षा कार्यक्रममा भर्ना | व्यक्ति | २० | २०० |
| १०. | परम्परागत ज्ञान तथा सीपको अभिलेखीकरण | कार्यक्रम | ० | ५ |
| ११. | सीप तथा ज्ञान परीक्षण तथा प्रमाणीकरण | व्यक्ति | ० | २०० |
| १२. | मदरसा, गुरुकूल, गुम्बा, विहार तथा वेद विद्याश्रमसँग समन्वय कार्यक्रम | कार्यक्रम | १ | १० |
| १३. | सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन तथा सीपमूलक तालिम सञ्चालन | तालिम | २ | २५ |
| १४. | अनौपचारिक शिक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | पटक | २ | २५ |
| १५. | पूर्ण वित्तिय साक्षर तथा शिक्षित पालिका घोषणा | घोषणा | ० | १ |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, २०७६, शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा तत्सम्बन्धी नियम—निर्देशिकाले पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई गुणस्तरीय शिक्षाको मेरुदण्डका रूपमा स्थापित गरेको छ। पाठ्यक्रमले विद्यार्थीमा सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक, जीवनोपयोगी तथा सीपमूलक सक्षमता विकासमा जोड दिएको छ भने मूल्याङ्कन प्रणालीले विद्यार्थीको सिकाइ उपलब्धि, दक्षता र प्रगतिको वस्तुनिष्ठ मापन गर्ने सुनिश्चितता गरेको छ। यसले विद्यालय र शिक्षकलाई जवाफदेही बनाउँदै शिक्षा प्रणालीमा पारदर्शिता, समावेशिता र गुणस्तर अभिवृद्धि गर्न मार्गनिर्देश गर्दछ।

ऐतिहासिक सन्दर्भमा, वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) ले विद्यालय तहको पाठ्यक्रमलाई संस्थागत जग बसालेको थियो। तत्पश्चात् पाठ्यक्रम विकास केन्द्रको संरचनागत विकास र वि.सं. २०६३ को राष्ट्रिय पाठ्यक्रम प्रारूपले पाठ्यक्रमलाई थप व्यवस्थित बनायो। वर्तमानमा, 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' को पूर्ण कार्यान्वयनसँगै वि.सं. २०८० सम्ममा कक्षा १ देखि १२ सम्मको एकीकृत पाठ्यक्रम लागू भइसकेको छ। उक्त प्रारूपले आधारभूत तहमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकारसम्पन्न र जिम्मेवार बनाएको छ।

### ४.१.२ वर्तमान अवस्था

मोदी गाउँपालिकाले शिक्षाको गुणस्तर सुधारको प्रमुख आधारका रूपमा पाठ्यक्रम र मूल्याङ्कन प्रणालीलाई प्राथमिकतामा राखेको छ। हाल स्थानीय आवश्यकता, भौगोलिक विशिष्टता, भाषा, कला र संस्कृतिलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रमको पूर्ण कार्यान्वयन हुन नसक्नु एक चुनौतीका रूपमा रहेको छ। यसलाई सम्बोधन गर्न पालिकाले स्थानीय पाठ्यक्रमको निर्माण तथा प्रयोगलाई रणनीतिक लक्ष्यका रूपमा अगाडि बढाएको छ।

मूल्याङ्कन प्रणालीमा देखिएको परम्परागत सैद्धान्तिक निर्भरतालाई विस्थापित गर्दै यसलाई वैज्ञानिक, व्यवस्थित, र नतिजामुखी बनाउने प्रयास भइरहेको छ। प्रत्येक तह र कक्षाका लागि सिकाइ उपलब्धिको सूचक (Learning Outcomes Indicators) विकास गर्ने, शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गर्ने, समावेशी तथा प्रयोगात्मक मूल्याङ्कन विधिलाई जोड दिने कार्यमा पालिका अग्रसर छ। भविष्यमा माध्यमिक तहको परीक्षालाई थप विश्वसनीय र व्यवस्थित बनाउन स्थानीय परीक्षा व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने दिशामा पालिकाको प्रयास केन्द्रित छ।

### ४.१.३ उद्देश्य

क) राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन र अनुगमन सुनिश्चित गर्नु। ख) स्थानीय विशिष्टता, कला, संस्कृति र जीवनोपयोगी सीपमा आधारित स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्नु। ग) विद्यार्थीको सिकाइ उपलब्धिलाई मापन गर्न वैज्ञानिक, पारदर्शी र निरन्तर मूल्याङ्कन प्रणालीको संस्थागत विकास गर्नु।

### ४.१.४ रणनीतिहरू

क) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को पूर्ण परिपालना र कार्यान्वयन गर्ने।

ख) पाठ्यक्रम विकास र कार्यान्वयनका विषयमा शिक्षक तथा सरोकारवालाहरूका लागि क्षमता अभिवृद्धि र प्रबोधिकरण कार्यक्रम सञ्चालन गर्ने।

ग) विषम परिस्थितिमा वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने संरचना तयार गर्ने।

घ) शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, र स्वाध्यायन सामग्रीको सहज उपलब्धताको प्रबन्ध गर्ने।

ङ) सहभागीतामूलक, अन्तरक्रियात्मक र समस्या समाधानमा आधारित शिक्षण विधिको संस्थागत विकास गर्ने।

च) विद्यालयमा आधारित सहयोग पद्धति (School-based Support System) र सहपाठी सिकाइ समूह (Peer Learning Group) लाई प्रोत्साहन गर्ने।

छ) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्ने।

ज) स्थानीय र मातृभाषाको पाठ्यक्रम विकास गरी पठनपाठनलाई स्थानीय परिवेश अनुकूल बनाउने।

झ) विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकास (Performance-based Career Development) सँग आबद्ध गर्ने नीतिगत व्यवस्था गर्ने।

ञ) स्थानीय पाठ्यक्रम पूर्ण कार्यान्वयन र त्यसको प्रभावकारिता मापनका लागि नियमित अनुगमन तथा पृष्ठपोषण संयन्त्र निर्माण गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धिः

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार भएको हुनेछ।

### ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| सि.नं. | प्रमुख क्रियाकलापहरू | सूचक (Indicator) | जिम्मेवार निकाय | लक्ष्य (आ.व. २०८२/८३ - २०८४/८५) |
|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | निर्माण गरीएको स्थानीय पाठ्यक्रमको सङ्ख्या | शिक्षा उपशाखा | १ वर्षभित्र सबै विद्यार्थीलाई पाठ्यपुस्तक |
| २ | शिक्षक प्रबोधिकरण (Orientation) | तालिम प्राप्त शिक्षकको सङ्ख्या/प्रतिशत | शिक्षा उपशाखा/विद्यालय | शतप्रतिशत शिक्षक |
| ३ | वैकल्पिक शिक्षण विधि सञ्चालन | वैकल्पिक विधि अपनाउने विद्यालयको सङ्ख्या | विद्यालय व्यवस्थापन समिति | शतप्रतिशत विद्यालय |
| ४ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ICT उपकरण प्रयोग गर्ने विद्यालयको सङ्ख्या | गाँउपालिका/शिक्षाउप शाखा | ८०% विद्यालय |
| ५ | विद्यार्थी सिकाइ उपलब्धि मापन | नतिजा विश्लेषण र प्रतिवेदन | शिक्षा उपशाखा | वार्षिक रूपमा नियमित |
| ६ | शिक्षकको कार्यसम्पादन र सिकाइ उपलब्धि आबद्धता | कार्यसम्पादन मूल्याङ्कन मापदण्ड | गाँउपालिका/शिक्षा उपशाखा | आ.व. २०८३/८४ देखि कार्यान्वयन |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने प्रमुख आधार शिक्षकको व्यावसायिक दक्षता, उत्प्रेरणा, र जवाफदेहिता हो। शिक्षकको विषयगत ज्ञान, शिक्षण विधिको छनोट, र कक्षाकोठामा गरीने सहजीकरणले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ। शिक्षक व्यवस्थापन र विकासलाई संस्थागत गर्दै शिक्षण पेसालाई मर्यादित र नतिजामुखी बनाउनु मोदी गाउँपालिकाको प्राथमिकतामा रहेको छ। यसअन्तर्गत विद्यार्थी–शिक्षक अनुपातका आधारमा दरबन्दी मिलान, विषयगत सक्षमता विकास, सूचना प्रविधिको प्रयोग र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई आत्मसात् गरीएको छ। यसको मूख्य लक्ष्य कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ वातावरण सिर्जना गरी समग्र शैक्षिक गुणस्तरमा सुधार गर्नु हो।

### ४.२.२ वर्तमान अवस्था

गाउँपालिकाभित्रका विद्यालयहरूमा शिक्षक दरबन्दीको समानुपातिक वितरण, विषयगत शिक्षकको उपलब्धता र शिक्षकहरूको व्यावसायिक विकासमा केही चुनौतीहरू विद्यमान छन्। हालको दरबन्दी संरचनामा विद्यार्थी सङ्ख्या र विषयगत आवश्यकताबीच तादात्म्य मिलाउनु चुनौतीपूर्ण देखिन्छ। यसका साथै, शिक्षकहरूमा नवीनतम शिक्षण पद्धति, सूचना तथा सञ्चार प्रविधि (ICT) र बाल मनोविज्ञानमा आधारित शिक्षण विधिका सम्बन्धमा थप क्षमता अभिवृद्धिको खाँचो छ। विद्यालय व्यवस्थापनमा राजनीतिक तटस्थता कायम गर्दै प्रधानाध्यापकको चयनमा योग्यता र कार्यक्षमतालाई आधार बनाउने सन्दर्भमा सुधारको आवश्यकता देखिएको छ। साथै, शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गर्ने वैज्ञानिक प्रणालीको विकास प्रारम्भिक चरणमा रहेको छ।

### ४.२.३ उद्देश्य

क) शिक्षक दरबन्दीलाई विषयगत र कक्षागत आवश्यकताका आधारमा वैज्ञानिक ढङ्गले व्यवस्थापन र पुनर्वितरण गर्नु। ख) शिक्षकको निरन्तर पेसागत विकास (TPD) तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरूलाई नतिजामुखी बनाउनु। ग) शिक्षण पेसालाई मर्यादित, जवाफदेही र नतिजामुखी बनाउन कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली संस्थागत गर्नु।

### ४.२.४ रणनीतिहरू

क) विद्यार्थी सङ्ख्या तथा विषयगत भारका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्ने। ख) रिक्त दरबन्दी पूर्ति गर्दा योग्यता, अनुभव र पारदर्शी मापदण्ड अवलम्बन गर्ने। ग) शिक्षकहरूको नियमित पेसागत विकासका लागि तालिम, कार्यशाला, र मेन्टरिङको व्यवस्थालाई सुदृढ गर्ने। घ) शिक्षण सिकाइमा सूचना प्रविधि (ICT) को उपयोग बढाउन शिक्षकहरूलाई प्रविधिमैत्री बनाउने। ङ) शिक्षक सिकाइ समूह (Teacher Learning Group) मार्फत सहकर्मी शिक्षा (Peer Mentoring) को पद्धतिलाई संस्थागत गर्ने। च) शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धि र परीक्षा परिणामसँग आबद्ध गरी वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गर्ने। छ) उत्कृष्ट कार्यसम्पादन गर्ने शिक्षकहरूलाई पुरस्कृत र उत्प्रेरित गर्ने नीतिगत व्यवस्था गर्ने। ज) प्रधानाध्यापकको नियुक्ति, पदस्थापन र कार्यसम्पादन मूल्याङ्कनलाई कार्ययोजना र योग्यतामा आधारित बनाउने। झ) विद्यालय प्रशासन र लेखा व्यवस्थापनमा प्रधानाध्यापकको नेतृत्वदायी क्षमता विकास गर्ने। ञ) शिक्षक तथा कर्मचारीको उपस्थिति, नियमितता र कक्षाकोठामा बिताउने समयको प्रभावकारी अनुगमन गर्ने। ट) शिक्षण पेसामा राजनीतिक तटस्थता कायम गर्दै योग्यता प्रणाली (Merit-based System) लाई संस्थागत गर्ने। ठ) नवप्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी उनीहरूको कार्यदक्षता सुनिश्चित गर्ने। ड) शिक्षक व्यवस्थापनका समग्र पक्षमा नियमित अनुगमन गरी प्राप्त पृष्ठपोषणका आधारमा सुधारात्मक कदम चाल्ने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) **उपलब्धिः** विषयगत र कक्षागत रूपमा शिक्षक दरबन्दी व्यवस्थापन हुनेछ, विद्यालय सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ र शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।

ख) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| सि.नं. | प्रमुख क्रियाकलापहरू | सूचक (Indicator) | जिम्मेवार निकाय | लक्ष्य (आ.व. २०८२/८३ - ८७/८८) |
|---|---|---|---|---|
| १ | शिक्षक दरबन्दी मिलान र पुनर्वितरण | दरबन्दी मिलान प्रतिवेदन र कार्यान्वयन | शिक्षा उप शाखा/ गाँउपालिका | शतप्रतिशत विद्यालयमा |
| २ | विषयगत शिक्षक तालिम र कार्यशाला | तालिम प्राप्त शिक्षकको सङ्ख्या | शिक्षा उप शाखा/ गाँउपालिका | वार्षिक रूपमा ६०% शिक्षक |
| ३ | प्रधानाध्यापक नेतृत्व तथा व्यवस्थापन तालिम | तालिम लिएका प्र.अ. को सङ्ख्या | शिक्षा उप शाखा/ गाँउपालिका | शतप्रतिशत प्र.अ. |
| ४ | ICT र डिजिटल शिक्षण विधि तालिम | प्रविधि प्रयोग गर्ने शिक्षकको प्रतिशत | शिक्षा उप शाखा/ गाँउपालिका | ७५% शिक्षक |
| ५ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली | पुरस्कृत शिक्षकको सङ्ख्या | पालिका/विद्यालय | वार्षिक रूपमा १०% उत्कृष्ट |
| ६ | विद्यालय सुपरिवेक्षण र पृष्ठपोषण | सुपरिवेक्षण प्रतिवेदनको सङ्ख्या | शिक्षा उप शाखा/ गाँउपालिका | मासिक/त्रैमासिक नियमित |
| ७ | नवप्रवेशी शिक्षक अभिमुखीकरण | अभिमुखीकरणमा सहभागी शिक्षक | शिक्षा उप शाखा/ गाँउपालिका | नवप्रवेशी शतप्रतिशत |
| ८ | शिक्षक सिकाइ समूह (TLG) गठन र परिचालन | सक्रिय शिक्षक सिकाइ समूहको सङ्ख्या | विद्यालय | सबै माध्यमिक विद्यालयमा |

## ४.३ समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपालको संविधानले प्रत्येक नागरीकलाई गुणस्तरीय, समावेशी तथा समान पहुँचयुक्त शिक्षाको हक सुनिश्चित गरेको छ। सोही मर्मअनुसार समतामूलक तथा समावेशी शिक्षा प्रणाली सामाजिक न्याय, मानव अधिकार र दिगो विकासको आधारस्तम्भका रूपमा स्थापित भएको छ। शिक्षा प्रणालीले लैङ्गिक, जातीय, भाषिक, आर्थिक तथा भौगोलिक आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्दै सबै बालबालिकालाई समान अवसर प्रदान गर्ने दायित्व वहन गर्दछ।

समावेशी शिक्षाले विशेष आवश्यकता भएका बालबालिका, अपाङ्गता भएका बालबालिका, दलित, जनजाति, आर्थिक रूपमा विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकालाई मूख्यधारको शिक्षामा समेट्ने कार्य गर्दछ। यसले केवल पहुँच मात्र होइन, सहभागीता, सिकाइ उपलब्धि र निरन्तरतालाई समेत सुनिश्चित गर्दछ।

### ४.३.२ वर्तमान अवस्था

मोदी गाउँपालिकामा २०८२ र २०८३ को तथ्याङ्कले शिक्षामा उल्लेखनीय विस्तार भए पनि समतामूलक पहुँचमा अझै सुधार आवश्यक रहेको देखाउँछ। २०८३ मा कूल विद्यार्थी संख्या २,९८९ रहेकोमा छात्रा १,३६९ (४५.८%) र छात्र १,६२० (५४.२%) रहेका छन्। विद्यालय तहअनुसार विद्यार्थी वितरणले आधारभूत तहमा उच्च सहभागीता देखिए पनि माध्यमिक तथा उच्च माध्यमिक तहमा क्रमशः घट्दो प्रवृत्ति देखिन्छ। विशेषगरी कक्षा ९-१२ मा छात्राको निरन्तरता दर तुलनात्मक रूपमा कमजोर रहेको छ। त्यसैगरी अपाङ्गता भएका बालबालिका, आर्थिक रूपमा विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाको सिकाइ निरन्तरता, नियमित उपस्थिति तथा गुणस्तरीय सिकाइ उपलब्धिमा चुनौती कायम छ। विद्यालय पूर्वाधार, विशेषगरी लैङ्गिक तथा अपाङ्गमैत्री संरचना, अझै पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन। समग्रमा, समावेशी शिक्षा विस्तार भएको भए तापनि गुणस्तर, निरन्तरता र समतामूलक पहुँचमा प्रणालीगत सुधार आवश्यक देखिन्छ।

### ४.३.३ उद्देश्य

क) सबै बालबालिकाको समतामूलक, सुरक्षित तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु।

ख) लैङ्गिक, जातीय, आर्थिक, भाषिक तथा भौगोलिक आधारमा हुने शैक्षिक असमानता न्यूनीकरण गर्नु।

ग) अपाङ्गता भएका तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा समावेशी सहभागीता सुनिश्चित गर्नु।

घ) विद्यालय तहमा टिकाउपन (retention) र सिकाइ उपलब्धि वृद्धि गर्नु।

### ४.३.४ रणनीतिहरू

क) विद्यालय उमेर समूहका सबै बालबालिकाको पहिचान, भर्ना तथा पुनःभर्ना अभियानलाई संस्थागत गर्ने। विशेषगरी किशोरीहरूलाई हुने विभेद, हिंसा तथा हेपाइ न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम, अनुगमन, निरीक्षण तथा आवश्यक अनुसन्धान सञ्चालन गर्ने र विभेद गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने

ख) लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति, पोषण, शैक्षिक सामग्री तथा सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्ने।

ग) सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार विकासलाई अनिवार्य गर्ने।

घ) शिक्षक तथा विद्यालय व्यवस्थापनलाई समावेशी शिक्षासम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने।

ङ) विद्यालयमा गुनासो व्यवस्थापन प्रणाली (Grievance Redress Mechanism) संस्थागत गर्ने।

च) समुदाय-विद्यालय साझेदारीमार्फत बालबालिकाको नियमित उपस्थिति र सिकाइ सुधार गर्ने।

छ) तथ्याङ्कमा आधारित योजना तथा अनुगमन प्रणालीलाई सुदृढ गर्ने। समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्न लक्षित विद्यार्थीहरूका लागि आवश्यक छात्रवृत्ति तथा अन्य सहयोग कार्यक्रम उपलब्ध गराउने

### ४.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धिः** समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच र सहभागीता सुनिश्चित भएको हुनेछ। समावेशी तथा समतामूलक शिक्षा प्रणाली संस्थागत भइ सबै प्रकारका सामाजिक, आर्थिक तथा भौगोलिक विभेद न्यूनीकरण हुनेछन्। विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच, सहभागीता र निरन्तरता सुनिश्चित भइ गुणस्तरीय मानव पूँजी निर्माणमा योगदान पुग्नेछ।

ख) **नतिजा**

- लैङ्गिक समता सूचक (GPI) ०.८५ बाट वृद्धि भइ १.०० नजिक पुगेको हुनेछ।
- विद्यालय बाहिर रहेका बालबालिका शून्यमा झर्ने अवस्था सिर्जना भएको हुनेछ।
- लक्षित वर्गका विद्यार्थीको भर्ना तथा टिकाउ दरमा उल्लेख्य वृद्धि भएको हुनेछ।
- विद्यालयहरू पूर्ण रूपमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनेका हुनेछन।
- सिकाइ उपलब्धि तथा कक्षा उत्तीर्ण दरमा सुधार आएको हुनेछ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | २०८३ | २०८५ | २०८८ |
|---|---|---|---|---|
| १ | विद्यालय उमेर समूहका सबै बालबालिकाको पहिचान तथा भर्ना अभियान | प्रारम्भ | ९५% आवरण | १००% आवरण |
| २ | लक्षित वर्गका लागि छात्रवृत्ति तथा शैक्षिक सहायता | आंशिक | ७५% लक्षित | १००% लक्षित |
| ३ | लैङ्गिक तथा अपाङ्गमैत्री संरचना (शौचालय, र्याम्प आदि) निर्माण | २०% विद्यालय | ४०% विद्यालय | ५०% विद्यालय |
| ४ | विद्यालयमा गुनासो व्यवस्थापन प्रणाली स्थापना | ६०% | ८०% | १००% |
| ५ | जेन्डर फोकल पर्सन व्यवस्था | ५०% | ८०% | १००% |
| ६ | समावेशी शिक्षा सम्बन्धी शिक्षक क्षमता विकास तालिम | वार्षिक २ कार्यक्रम | ३ कार्यक्रम | ५ कार्यक्रम |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा/सहयोग सेवा | सीमित | विस्तार | पूर्ण कार्यान्वयन |
| ८ | किशोरीमैत्री तथा लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम | २ कार्यक्रम | ४ कार्यक्रम | ६ कार्यक्रम |
| ९ | विद्यालय टिकाउ दर (Retention Rate) | ८५% | ९०% | ९५%+ |
| १० | लैङ्गिक समता सूचक (GPI) | ०.८५ | ०.९३ | १.०० |

## ४.४ विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम

### ४.४.१ परिचय

विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाई कार्यक्रम बालबालिकाको समग्र शारीरिक, मानसिक र सामाजिक विकास सुनिश्चित गर्नका लागि सञ्चालन गरीने एकीकृत तथा बहुआयामिक कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय उमेर समूहका बालबालिकाको पोषण अवस्था सुधार, नियमित विद्यालय उपस्थिति वृद्धि, सिकाइ उपलब्धिमा सुधार तथा समावेशी र सुरक्षित सिकाइ वातावरण निर्माणमा प्रत्यक्ष योगदान पुर्‍याउँछ।

विद्यालय तहमा प्रदान गरीने पोषणयुक्त दिवाखाजाले बालबालिकाको कुपोषण न्यूनीकरण गर्दै उनीहरूको शारीरिक वृद्धि र बौद्धिक विकासमा सकारात्मक प्रभाव पार्दछ। साथै, स्वास्थ्य, सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहार परिवर्तनमार्फत दीर्घकालीन रूपमा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

स्थानीय उत्पादनमा आधारित दिवाखाजा प्रणाली, विद्यालय करेसाबारी, कृषि–शिक्षा एकीकरण तथा “पढ्दै, कमाउँदै, सिक्दै, रमाउँदै” अवधारणासँग यस कार्यक्रमलाई जोड्दा शैक्षिक गुणस्तर मात्र होइन, स्थानीय अर्थतन्त्र र आत्मनिर्भरता समेत सुदृढ हुने अपेक्षा गरीएको छ।

### ४.४.२ वर्तमान अवस्था

मोदी गाउँपालिकामा विद्यालय तहमा दिवाखाजा, स्वास्थ्य, पोषण तथा सरसफाईसम्बन्धी कार्यक्रमहरू क्रमशः संस्थागत हुँदै गएका छन्। बालविकासदेखि कक्षा ५ सम्म नेपाल सरकारको दिवाखाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भइरहेको छ भने कक्षा ६ देखि १२ सम्मको दिवाखाजा स्थानीय तहको जिम्मेवारीमा विस्तार गरीएको छ।

हाल अधिकांश विद्यालयमा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय निर्माण भइसकेको छ भने बाँकी विद्यालयमा पूर्वाधार विस्तार कार्य जारी छ। किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम सञ्चालनमा रहेको छ। साथै, प्राथमिक उपचार सामग्री (First Aid Kit) विद्यालयस्तरमा उपलब्ध गराइएको छ र सूक्ष्मपोषक तत्व तथा जुकाको औषधि वितरण मार्फत बालबालिकाको स्वास्थ्य सुधारमा योगदान पुर्‍याइएको छ।

यद्यपि, सबै विद्यालयमा पोषणयुक्त तथा स्थानीय उत्पादनमा आधारित दिवाखाजा पूर्ण रूपमा संस्थागत हुन सकेको छैन। विद्यालय करेसाबारी विकास, स्थानीय कृषि उत्पादनको उपयोग र आपूर्ति श्रृंखला व्यवस्थापन अझै प्रारम्भिक चरणमा रहेको छ। सरसफाइ, सुरक्षित खानेपानी तथा व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रमलाई अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

### ४.४.३ उद्देश्यहरू

क) विद्यालय उमेरका सबै बालबालिकालाई पोषणयुक्त, सुरक्षित र सन्तुलित दिवाखाजाको सुनिश्चितता गर्नु।
ख) विद्यालयमा स्वास्थ्य, पोषण तथा सरसफाइ सेवाको गुणस्तर अभिवृद्धि गरी बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्नु।
ग) स्थानीय कृषि उत्पादनसँग विद्यालय दिवाखाजा कार्यक्रमलाई एकीकृत गरी आत्मनिर्भर र दिगो प्रणाली विकास गर्नु।
घ) विद्यालयमा स्वस्थ, सुरक्षित र समावेशी सिकाइ वातावरण सुनिश्चित गर्नु।

### ४.४.४ रणनीतिहरू

क) बालविकासदेखि कक्षा १२ सम्मका सबै विद्यार्थीका लागि पोषणयुक्त दिवाखाजा क्रमशः विस्तार गर्दै पूर्ण कवरेज सुनिश्चित गर्ने ।
ख) स्थानीय उत्पादनमा आधारित दिवाखाजा प्रणाली (Home-Grown School Feeding) लागू गर्दै विद्यालय करेसाबारीलाई संस्थागत गर्ने ।
ग) "पढ्दै, कमाउँदै, सिक्दै, रमाउँदै" अवधारणाअनुसार विद्यालयमा कृषि शिक्षा र उत्पादन गतिविधि एकीकृत गर्ने ।
घ) विद्यालय भान्सा, भण्डारण तथा खाद्य सुरक्षा मापदण्ड सुधार गर्दै स्वच्छ र सुरक्षित खाना सेवा सुनिश्चित गर्ने ।
ङ) खानेपानी, हात धुने सुविधा, सरसफाइ सामग्री, अलग–अलग शौचालय तथा किशोरीमैत्री चेन्ज रुमको पूर्ण कार्यान्वयन गर्ने ।
च) नियमित स्वास्थ्य परीक्षण, जुकाको औषधि, आइरन तथा सूक्ष्मपोषक तत्व वितरणलाई संस्थागत गर्ने ।
छ) किशोरीहरूको महिनावारी स्वच्छता व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी, नियमित र पहुँचयोग्य बनाउने ।
ज) शिक्षक, विद्यार्थी तथा अभिभावकलाई पोषण, स्वास्थ्य, सरसफाइ तथा व्यवहार परिवर्तन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
झ) अपाङ्गता भएका, विपन्न तथा वञ्चित समुदायका विद्यार्थीलाई लक्षित पहुँच सुनिश्चित गर्ने ।
ञ) स्वास्थ्य, कृषि तथा शिक्षा क्षेत्रबीच समन्वय गरी एकीकृत कार्यान्वयन प्रणाली विकास गर्ने ।
ट) कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा गुणस्तर सुधार प्रणाली संस्थागत गर्ने ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) अपेक्षित उपलब्धि

विद्यालयमा अध्ययनरत सबै बालबालिकाको पोषण अवस्था सुधार भइ उनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्य सुदृढ हुनेछ । सुरक्षित, स्वच्छ र रमाइलो सिकाइ वातावरण सुनिश्चित भइ विद्यालयमा नियमित उपस्थिति, सहभागीता तथा सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार हुनेछ । स्थानीय उत्पादनमा आधारित दिवाखाजा प्रणालीमार्फत विद्यालय र समुदायबीच आर्थिक तथा सामाजिक सम्बन्ध सुदृढ हुनेछ ।

#### ख) प्रमुख नतिजा

- कुपोषण दरमा उल्लेख्य कमी आउने ।
- विद्यालय उपस्थिति दरमा वृद्धि हुने ।
- छात्रा तथा छात्रबीचको स्वास्थ्य र पोषण असमानता न्यूनीकरण हुने ।
- विद्यालयमा सरसफाइ तथा स्वच्छता व्यवहारमा सुधार हुने ।
- स्थानीय कृषि उत्पादनको विद्यालयस्तरमा खपत वृद्धि भइ ग्रामीण अर्थतन्त्र सुदृढ हुने ।

(ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष २०८३ | २०८५ | २०८८ |
|---|---|---|---|---|
| १ | बालविकासदेखि कक्षा १२ सम्म पोषणयुक्त दिवाखाजा विस्तार | आंशिक (६–८ मात्र स्थानीय) | ८५% विद्यालय | १००% विद्यालय |
| २ | विद्यालय करेसाबारी स्थापना तथा स्थानीय उत्पादन उपयोग | १६ विद्यालय | ३० विद्यालय | सबै विद्यालय |
| ३ | "पढ्दै–कमाउँदै–सिक्दै" कृषि–शिक्षा कार्यक्रम | ८ विद्यालय | २० विद्यालय | ३० विद्यालय |
| ४ | सुरक्षित खानेपानी, हात धुने सुविधा तथा सरसफाइ संरचना | ७५% विद्यालय | ९०% विद्यालय | १००% विद्यालय |
| ५ | किशोरीमैत्री शौचालय र चेन्ज रुम व्यवस्था | २०% | ५०% | १००% |
| ६ | निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम | नियमित | विस्तार | पूर्ण संस्थागत |
| ७ | स्वास्थ्य परीक्षण, जुकाको औषधि तथा आइरन वितरण | वार्षिक | अर्धवार्षिक | नियमित संस्थागत |
| ८ | पोषण तथा सरसफाइ सचेतना कार्यक्रम | २ कार्यक्रम/वर्ष | ३ कार्यक्रम/वर्ष | ५ कार्यक्रम/वर्ष |
| ९ | विद्यालय दिवाखाजा अनुगमन तथा गुणस्तर प्रणाली | सीमित | ८०% विद्यालय | १००% विद्यालय |
| १० | कुपोषण दर न्यूनीकरण | अनुमानित उच्च | २०% कमी | ४०%+ कमी |

## ४.५ आपतकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचय

आपतकालीन अवस्थाहरू, जस्तै प्राकृतिक प्रकोप, महामारी, द्वन्द्व वा अन्य संकटका समयमा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ। यस्ता परिस्थितिमा विद्यालय भवनहरू क्षतिग्रस्त भए तापनि वैकल्पिक कक्षा सञ्चालन, अनलाईन सिकाइ तथा सामुदायिक आधारमा सिकाइ व्यवस्थापन गर्नु आवश्यक हुन्छ।

यस क्रममा शिक्षण सामग्रीको उपलब्धता, शिक्षकहरूको क्षमता विकास तथा विद्यार्थीहरूको पहुँच सुनिश्चिततामा विशेष ध्यान दिई सबै बालबालिकालाई समान शैक्षिक अवसर प्रदान गरीनु पर्छ। आपतकालीन शिक्षाले केवल

सिकाइ निरन्तरता मात्र होइन, बालबालिकाको मानसिक स्वास्थ्य, सुरक्षा तथा सामाजिक संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसले दीर्घकालीन मानव पूँजी विकास तथा समावेशी र उत्थानशील समाज निर्माणमा सहयोग पुऱ्याउँछ।

### ४.५.२ वर्तमान अवस्था

मोदी गाउँपालिकामा आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चित गर्न विभिन्न तयारी तथा कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। प्राकृतिक प्रकोप वा स्वास्थ्य संकटका समयमा विद्यालय भवनहरू प्रयोगमा नआउँदा वैकल्पिक कक्षा, सामुदायिक केन्द्र तथा घरआधारित सिकाइको व्यवस्था गर्रिंदै आएको छ। स्थानीय सरकार, विद्यालय र शिक्षकहरूको सहकार्यमा संकटग्रस्त विद्यार्थीहरूका लागि आवश्यक शैक्षिक सामग्री वितरण, साथै रेडियो, टेलिफोन तथा अनलाईन माध्यमबाट सिकाइ निरन्तरताको व्यवस्था मिलाईएको छ।

साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी तालिम प्रदान गरीएको छ भने अभिभावक तथा समुदायलाई बालबालिकाको सिकाइ निरन्तरतामा सक्रिय सहकार्य गर्न अभिमुखीकरण गरीएको छ। तथापि, दुर्गम क्षेत्रका केही बालबालिकाले प्रविधि, उपकरण तथा इन्टरनेट पहुँचको अभावका कारण प्रभावकारी सिकाइमा चुनौती भोग्नुपरेको अवस्था रहेको छ। यस सन्दर्भमा गाउँपालिकाले आपतकालीन शिक्षामा पहुँच विस्तार, सामग्री व्यवस्थापन तथा समावेशीता सुनिश्चित गर्न थप योजना तथा स्रोत परिचालन गर्दै आएको छ।

### ४.५.३ उद्देश्य

क) प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका समयमा समेत सबै बालबालिकाले निरन्तर, समान र समावेशी शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्नु।
ख) आपतकालीन अवस्थाहरूमा बालबालिकाको सुरक्षा, मानसिक स्वास्थ्य तथा समावेशी सिकाइ प्रवर्द्धन गर्दै दीर्घकालीन मानव विकासमा योगदान पुऱ्याउनु।

### ४.५.४ रणनीति

- संघीय सरकारले जारी गरेको विपद् तथा आपतकालीन कार्यविधिलाई स्थानीय स्तरमा कार्यान्वयन गर्न संस्थागत संयन्त्र विकास गर्ने।
- स्थानीय सरकार, विज्ञ तथा सरोकारवालासँग समन्वय गरी तहगत वैकल्पिक सिकाइ योजना तयार गर्ने।
- स्थानीय रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमहरूको प्रभावकारी उपयोग गर्ने।
- विपद् प्रतिरोधी विद्यालय पूर्वाधार निर्माणमा प्राथमिकता दिने।
- गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गरी विद्यालय शिक्षा उपसमिति सक्रिय बनाउने।
- प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने।
- महामारी वा संकटका समयमा वैकल्पिक शिक्षण—सिकाइ विधिहरू विकास तथा कार्यान्वयन गर्ने।
- शिक्षक तथा विद्यालय कर्मचारीहरूको आपतकालीन क्षमता विकास गर्ने।
- विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनलाई एकीकृत गर्ने।
- हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।
- आपतकालीन अवस्थामा बालबालिकाको शिक्षा अधिकार सुनिश्चित गर्दै सिकाइ निरन्तरता कायम गर्ने।

- COVID-19 जस्ता महामारीको छोटो तथा दीर्घकालीन प्रभावहरूको पहिचान गरी समाधान गर्ने।
- विपद् पूर्व तयारी, प्रतिकार्य तथा अभ्यास (drill) लाई विद्यालयको वार्षिक कार्यक्रममा समावेश गर्ने।
- शिक्षक, विद्यार्थी तथा समुदायलाई विपद्, जलवायु परिवर्तन तथा आपतकालीन तयारी सम्बन्धी ज्ञान तथा व्यवहारिक सीप प्रदान गर्ने।
- अभिभावक तथा समुदायलाई आपतकालीन शिक्षामा सक्रिय रूपमा सहभागी गराउने।
- नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार प्रणालीलाई सुदृढ गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) अपेक्षित उपलब्धि (Impact)**

आपतकालीन अवस्थाहरूमा समेत बालबालिकाको शिक्षा अधिकार सुनिश्चित भइ उनीहरूको सिकाइ निरन्तरता कायम हुने, साथै मानसिक स्वास्थ्य, सुरक्षा तथा समावेशी विकास सुदृढ भइ दीर्घकालीन मानव पूँजी विकासमा उल्लेखनीय योगदान पुग्नेछ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू (Key Activities) | अपेक्षित लक्ष्य (Targets) |
|---|---|---|
| १ | आपतकालीन प्रतिकार्य योजना निर्माणः सबै विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण (DRR) तथा आपतकालीन प्रतिकार्य योजना निर्माण र नियमित अद्यावधिक गर्ने। | १००% विद्यालयहरूमा योजना निर्माण र कार्यान्वयन भएको हुने। |
| २ | वैकल्पिक सिकाइ प्रणालीको विकासः प्रकोप वा महामारीको समयमा रेडियो, टेलिभिजन, इन्टरनेट तथा स्व-सिकाइ पुस्तिका (Self-learning materials) को व्यवस्था र वितरण गर्ने। | विपद् प्रभावित १००% विद्यार्थीहरूको सिकाइमा पहुँच सुनिश्चित हुने। |
| ३ | शिक्षक क्षमता विकासः शिक्षकहरूलाई आपतकालीन शिक्षा प्रणाली, सूचना प्रविधिको प्रयोग र विद्यार्थीहरूका लागि मनोसामाजिक परामर्श (Psychosocial Counseling) सम्बन्धी तालिम प्रदान गर्ने। | सबै विद्यालयका कम्तीमा २ जना शिक्षकलाई विशेषज्ञ तालिम र अन्य सबैलाई आधारभूत अभिमुखीकरण। |
| ४ | विपद् प्रतिरोधी पूर्वाधार निर्माणः नयाँ बन्ने विद्यालय भवनहरूलाई पूर्ण रूपमा विपद् प्रतिरोधी बनाउने र पूराना जोखिमयुक्त भवनहरूको प्रबलीकरण (Retrofitting) गर्ने। | जोखिम पहिचान भएका विद्यालयहरूको पूर्वाधार सुधार (आवश्यकता अनुसार)। |
| ५ | विपद् पूर्वतयारी अभ्यास (Mock Drill): विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी भूकम्प, आगलागी, बाढी जस्ता विपद्को समयमा बच्ने उपायबारे नियमित अभ्यास गराउने। | सबै विद्यालयहरूमा वार्षिक कम्तीमा २ पटक 'Mock Drill' सञ्चालन। |
| ६ | हरित विद्यालय र जलवायु सचेतनाः विद्यालयहरूमा हरित विद्यालय (Green School) कार्यक्रम लागू गर्ने र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। | गाउँपालिकाका सबै विद्यालयहरूमा हरित कार्यक्रम सञ्चालित हुने। |

| | | |
|---|---|---|
| ७ | संस्थागत संयन्त्र र कोष स्थापनाः गाउँपालिका स्तरमा 'विपद् व्यवस्थापन समिति' अन्तर्गत विद्यालय शिक्षा उपसमितिलाई सक्रिय बनाउने र आपतकालीन शिक्षा कोषको व्यवस्था गर्ने। | सक्रिय उपसमिति तथा आपतकालीन कोषको स्थापना र सञ्चालन। |
| ८ | समुदाय र अभिभावक सहभागीताः आपतकालीन अवस्थामा घरमै सिकाइ वातावरण निर्माण गर्न अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | सबै वडाका अभिभावकहरूलाई लक्षित गरी वार्षिक सचेतना कार्यक्रम। |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालय भौतिक पूर्वाधार गुणस्तरीय, समावेशी, सुरक्षित तथा बालमैत्री शिक्षाको आधारभूत पूर्वशर्त हो। बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालयमा नियमित उपस्थितिको सुनिश्चितता, स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धन, मनोसामाजिक सुरक्षा र समग्र व्यक्तित्व विकासका लागि उपयुक्त भौतिक वातावरणको महत्वपूर्ण भूमिका रहन्छ। नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ। यस संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय भौतिक पूर्वाधारको समुचित विकास अपरिहार्य छ।

शिक्षा नियमावली, २०५९ ले प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी न्यूनतम ०.७५ वर्ग मिटर तथा उच्च आधारभूत र माध्यमिक तहका लागि प्रति विद्यार्थी न्यूनतम १.०० वर्ग मिटर क्षेत्रफलको व्यवस्था गरेको छ। त्यसैगरी, राष्ट्रिय शिक्षा नीति, २०७६, विद्यालय क्षेत्र विकास योजना तथा दिगो विकास लक्ष्य–४ ले विद्यालयलाई सुरक्षित, समावेशी, विपद् प्रतिरोधी, वातावरणमैत्री तथा सिकाइमैत्री संस्थाका रूपमा विकास गर्ने लक्ष्य लिएका छन्।

विद्यालयका आधारभूत भौतिक पूर्वाधार अन्तर्गत सुरक्षित विद्यालय भवन, पर्याप्त कक्षाकोठा, शिक्षक तथा प्रशासनिक कक्ष, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि सुविधा, खेलमैदान, सुरक्षित खानेपानी, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय, हात धुने सुविधा, विद्यालय पोषण तथा दिवा खाजा व्यवस्थापनका लागि भान्सा घर, घेराबार तथा हरियाली प्रवर्द्धनसम्बन्धी संरचनाहरू पर्दछन्। यी पूर्वाधारको पर्याप्तता र गुणस्तरले शिक्षाको पहुँच, सहभागीता, सिकाइ उपलब्धि तथा विद्यालयको समग्र प्रभावकारितामा प्रत्यक्ष प्रभाव पार्ने भएकाले स्थानीय तहको शिक्षा विकास योजनामा यस क्षेत्रलाई उच्च प्राथमिकता प्रदान गर्नु आवश्यक छ।

### ४.६.२ वर्तमान अवस्था

मोदी गाउँपालिकाले विगतका वर्षहरूमा विद्यालय भौतिक पूर्वाधारको विकासलाई शिक्षा क्षेत्रको प्रमुख प्राथमिकताका रूपमा अगाडि बढाउँदै आएको छ। गाउँपालिकाभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यालय भवन निर्माण, कक्षाकोठा विस्तार, खानेपानी तथा सरसफाइ सुविधा सुधार, विद्यालय फर्निचर व्यवस्थापन तथा सिकाइ सहजीकरणका लागि आवश्यक भौतिक संरचनाको विकासमा उल्लेखनीय प्रगति हासिल भएको छ।

गाउँपालिकाका अधिकांश विद्यालयहरूमा आधारभूत तहसम्मका बालबालिकाका लागि आवश्यक कक्षाकोठा, शौचालय, खानेपानी तथा न्यूनतम सिकाइ वातावरण उपलब्ध भए तापनि विद्यालयगत अवस्थाको विश्लेषण गर्दा केही विद्यालयमा अझै पनि भवन स्तरोन्नति, कक्षाकोठाको पर्याप्तता, खेलमैदान व्यवस्थापन, पुस्तकालय तथा बुक कर्नर सुदृढीकरण, विज्ञान तथा सूचना प्रविधि प्रयोगशाला विकास, अपाङ्गतामैत्री पहुँच तथा विपद् प्रतिरोधी संरचना निर्माणका क्षेत्रमा थप लगानी आवश्यक रहेको देखिन्छ।

विशेषगरी भौगोलिक विकटता, सीमित वित्तीय स्रोत, पूराना विद्यालय भवनहरूको जीर्ण अवस्था तथा प्राकृतिक प्रकोपको उच्च जोखिमका कारण केही विद्यालयहरूमा सुरक्षित तथा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न चुनौतीहरू विद्यमान रहेका छन्। साथै, विद्यालय पूर्वाधारको नियमित मर्मत–सम्भार, वातावरणीय व्यवस्थापन, हरित विद्यालय अवधारणाको कार्यान्वयन तथा विद्यालय सम्पत्तिको दिगो व्यवस्थापनका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरीएको छ।

यस सन्दर्भमा, मोदी गाउँपालिकाले आगामी योजना अवधिमा विद्यालय भौतिक पूर्वाधार विकासलाई समावेशी, दिगो, विपद् प्रतिरोधी, बालमैत्री तथा वातावरणमैत्री अवधारणासँग आबद्ध गर्दै आवश्यक स्रोत परिचालन, साझेदारी प्रवर्द्धन तथा प्रभावकारी अनुगमन प्रणालीमार्फत विद्यालयहरूको भौतिक अवस्था क्रमिक रूपमा सुधार गर्ने नीति अवलम्बन गर्नेछ।

### ४.६.३ उद्देश्य

क) गाउँपालिकाभित्रका सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य, सुरक्षा तथा समग्र विकासका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चितता गर्नु।

ख) विद्यालय भवन तथा अन्य पूर्वाधारलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री तथा विपद् प्रतिरोधी बनाउँदै दिगो विद्यालय विकासलाई प्रवर्द्धन गर्नु।

### ४.६.४ रणनीतिहरू

क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा न्यूनतम मापदण्डका आधारमा विद्यालय भौतिक पूर्वाधार विकासको गुरुयोजना तयार गर्ने।

ख) विद्यालय भवन, कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय तथा प्रयोगशालाको निर्माण तथा स्तरोन्नतिमा प्राथमिकता निर्धारण गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने।

ग) संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार, समुदाय तथा निजी क्षेत्रसँग सहकार्य र लागत साझेदारीको माध्यमबाट स्रोत परिचालन गर्ने।

घ) विद्यालय पूर्वाधारलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, वातावरणमैत्री तथा विपद् जोखिम न्यूनीकरणका सिद्धान्तअनुसार निर्माण तथा व्यवस्थापन गर्ने।

ङ) विद्यालय सम्पत्तिको संरक्षण, नियमित मर्मतसम्भार तथा प्रभावकारी उपयोगका लागि विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने।

च) विद्यालय भौतिक पूर्वाधारसम्बन्धी सूचकहरू विकास गरी नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गर्ने ।

छ) हरित विद्यालय अवधारणाको प्रवर्द्धन गर्दै विद्यालय परिसरमा वृक्षारोपण, फोहोर व्यवस्थापन तथा वातावरणीय सचेतनाका कार्यक्रम सञ्चालन गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू र लक्ष्य

**क) उपलब्धिः**

सबै विद्यालयमा बालबालिकाको सिकाइ, स्वास्थ्य, सुरक्षा तथा समग्र विकासका लागि पर्याप्त, सुरक्षित, समावेशी, बालमैत्री, हरित तथा विपद् जोखिममुक्त भौतिक पूर्वाधार सुनिश्चित भएको हुनेछ ।

**ख) नतिजाः**

- सबै विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार मापदण्ड पूरा भएको हुनेछ ।
- विद्यालय भवन, कक्षाकोठा तथा अन्य संरचनाहरू बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र विपद् प्रतिरोधी भएका हुनेछन् ।
- विद्यालयहरूमा सुरक्षित खानेपानी, लैङ्गिकमैत्री शौचालय, पुस्तकालय/बुक कर्नर, खेलमैदान तथा सिकाइ सामग्रीको पर्याप्त व्यवस्था भएको हुनेछ ।
- विद्यालय भौतिक पूर्वाधारको नियमित मर्मतसम्भार तथा अनुगमन प्रणाली संस्थागत भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|
| १ | विद्यालय भौतिक पूर्वाधारको अवस्थाको सर्वेक्षण तथा मापदण्ड निर्धारण | १००% | नियमित अद्यावधिक | नियमित अद्यावधिक |
| २ | आवश्यक विद्यालय भवन तथा कक्षाकोठा निर्माण/स्तरोन्नति | ७५% विद्यालय | ९०% विद्यालय | १००% विद्यालय |
| ३ | बालमैत्री, छात्रामैत्री तथा अपाङ्गतामैत्री शौचालय निर्माण तथा सुधार | ८०% विद्यालय | ९५% विद्यालय | १००% विद्यालय |
| ४ | सुरक्षित खानेपानी सुविधा सुनिश्चित गर्ने | ९०% विद्यालय | १००% विद्यालय | १००% विद्यालय |
| ५ | खेलमैदान निर्माण तथा स्तरोन्नति गर्ने | ६०% विद्यालय | ८०% विद्यालय | १००% विद्यालय |
| ६ | पुस्तकालय/बुक कर्नर स्थापना तथा सुदृढीकरण गर्ने | ७०% विद्यालय | ९०% विद्यालय | १००% विद्यालय |
| ७ | विपद् जोखिममुक्त तथा हरित विद्यालय विकास कार्यक्रम सञ्चालन | ५०% विद्यालय | ७५% विद्यालय | १००% विद्यालय |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|
| ८ | विद्यालय पूर्वाधारको नियमित मर्मतसम्भार कार्यक्रम सञ्चालन | १००% विद्यालय | १००% विद्यालय | १००% विद्यालय |
| ९ | विद्यालय भौतिक पूर्वाधारको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण | वार्षिक | अर्धवार्षिक | संस्थागत |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

वर्तमान विश्व परिवेशमा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) ज्ञानमा आधारित समाज निर्माण, नवप्रवर्तन प्रवर्द्धन तथा प्रतिस्पर्धी मानव संसाधन उत्पादनको प्रमुख आधारका रूपमा स्थापित भएको छ। शिक्षाको गुणस्तर अभिवृद्धि, शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी, सहभागीतामूलक तथा विद्यार्थी केन्द्रित बनाउने, शिक्षामा समावेशी पहुँच विस्तार गर्ने तथा विद्यालय व्यवस्थापन प्रणालीलाई चुस्त, पारदर्शी र जवाफदेही बनाउने सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ भने गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने राज्यको दायित्वसमेत निर्धारण गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ तथा विद्यालय शिक्षा क्षेत्रका विभिन्न नीतिगत दस्तावेजहरूले शिक्षण–सिकाइ, शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोगलाई प्राथमिकतामा राखेका छन्। यसका अतिरिक्त दिगो विकास लक्ष्य–४ ले समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आधुनिक प्रविधिमा पहुँच विस्तारलाई महत्वपूर्ण आधार मानेको छ।

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षकहरूलाई बहुमाध्यममा आधारित शिक्षण सामग्री प्रयोग गर्ने, सिकाइ प्रक्रियालाई अन्तरक्रियात्मक र अनुसन्धानमुखी बनाउने तथा विद्यार्थीहरूलाई विश्वव्यापी ज्ञान र सूचना स्रोतसँग जोड्ने अवसर प्रदान गर्दछ। यसले विद्यार्थीहरूमा डिजिटल साक्षरता, आलोचनात्मक सोच, समस्या समाधान क्षमता, सिर्जनशीलता तथा सहकार्यात्मक सिकाइ संस्कृतिको विकास गर्न सहयोग पुर्याउँछ। साथै, विद्यालय प्रशासन, शैक्षिक सूचना व्यवस्थापन, शिक्षक पेसागत विकास तथा अनुगमन प्रणालीलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउन समेत सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका रहेको छ।

### ४.७.२ वर्तमान अवस्था

मोदी  गाउँपालिकाले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा विस्तारलाई शिक्षा क्षेत्रको एक महत्वपूर्ण सुधार कार्यक्रमका रूपमा अंगीकार गर्दै आएको छ। गाउँपालिकाभित्रका केही माध्यमिक तथा आधारभूत विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला, इन्टरनेट सेवा, प्रोजेक्टर, स्मार्ट टेलिभिजन तथा डिजिटल शिक्षण सामग्रीको प्रयोग प्रारम्भ भइसकेको छ। केही विद्यालयका शिक्षकहरूले पाठ्यक्रमअनुकूल डिजिटल सामग्री, अनलाईन शैक्षिक स्रोत तथा प्रस्तुतीकरण प्रविधिको प्रयोग गरी शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्ने अभ्यासको विकास गरीरहेका छन्।

यद्यपि, गाउँपालिकाभित्र रहेका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच समान रूपमा सुनिश्चित हुन सकेको अवस्था छैन। विशेषगरी भौगोलिक रूपमा विकट क्षेत्रका विद्यालयहरूमा पर्याप्त उपकरणको अभाव, गुणस्तरीय इन्टरनेट सेवाको सीमितता, नियमित प्राविधिक सहयोगको कमी तथा शिक्षकहरूको डिजिटल क्षमता विकासका अवसर सीमित रहनु चुनौतीका रूपमा देखिएका छन्। विद्यालयस्तरीय सूचना व्यवस्थापन प्रणाली, डिजिटल अभिलेखीकरण तथा सूचना प्रवाह प्रणालीलाई समेत थप सुदृढीकरण गर्नुपर्ने आवश्यकता महसुस गरीएको छ।

गाउँपालिकाले आगामी योजना अवधिमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार, शिक्षकहरूको डिजिटल क्षमता अभिवृद्धि, डिजिटल शिक्षण सामग्रीको विकास तथा प्रयोग, शैक्षिक प्रशासनको डिजिटलीकरण र सूचना प्रविधिमा आधारित सिकाइ संस्कृतिको विकासलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नेछ।

### ४.७.३ उद्देश्य

क) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा पहुँच सुनिश्चित गर्दै शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी, समावेशी तथा गुणस्तरीय बनाउनु।

ख) शिक्षक तथा विद्यार्थीहरूको डिजिटल साक्षरता, अनुसन्धान क्षमता, सिर्जनशीलता तथा सहकार्यात्मक सिकाइ संस्कृतिको विकास गरी ज्ञानमा आधारित समाज निर्माणमा योगदान पुर्याउनु।

क) विद्यालयहरूको आवश्यकता तथा अवस्थाको विश्लेषणका आधारमा चरणबद्ध रूपमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्ने।

### ४.७.४ रणनीतिहरु

ख) विद्यालयहरूमा कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड, इन्टरनेट सेवा तथा अन्य आवश्यक डिजिटल उपकरण उपलब्ध गराउने।

ग) शिक्षकहरूको डिजिटल क्षमता अभिवृद्धिका लागि नियमित तालिम, कार्यशाला तथा पेसागत सहयोग कार्यक्रम सञ्चालन गर्ने।

घ) पाठ्यक्रम र स्थानीय आवश्यकताअनुसार अन्तरक्रियात्मक डिजिटल शिक्षण सामग्रीको विकास तथा प्रयोगलाई प्रोत्साहन गर्ने।

ङ) विद्यालय सूचना व्यवस्थापन प्रणाली, अभिलेखीकरण, प्रतिवेदन तथा प्रशासनिक कार्यलाई क्रमशः डिजिटलीकरण गर्ने।

च) विद्यालय तथा समुदायस्तरमा डिजिटल साक्षरता विस्तार गर्न सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्ने।

छ) भौगोलिक रूपमा विकट विद्यालयहरूमा वैकल्पिक प्रविधि, साझा उपकरण तथा अफलाईन डिजिटल सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्ने।

ज) सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुसन्धान, परियोजना कार्य, नवप्रवर्तन तथा विद्यार्थी केन्द्रित सिकाइ अभ्यासलाई प्रवर्द्धन गर्ने।

झ) सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार प्रणाली विकास गरी प्रभावकारिता सुनिश्चित गर्ने।

### ४.७.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिः**

मोदी गाउँपालिकाका सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच क्रमशः विस्तार भइ शिक्षण–सिकाइ प्रक्रियालाई प्रभावकारी, समावेशी, गुणस्तरीय तथा समयसापेक्ष बनाउन सहयोग पुगेको हुनेछ। विद्यालय व्यवस्थापन तथा शैक्षिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार भइ पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन भएको हुनेछ।

**ख) नतिजाः**

- विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम पहुँच सुनिश्चित भएको हुनेछ।
- शिक्षक तथा विद्यार्थीहरूको डिजिटल साक्षरता र प्रविधि प्रयोग क्षमता अभिवृद्धि भएको हुनेछ।
- विद्यालय व्यवस्थापन तथा शैक्षिक प्रशासनिक कार्यहरू क्रमशः डिजिटल प्रणालीमा आधारित भएका हुनेछन्।
- डिजिटल सिकाइ सामग्री तथा प्रविधिमा आधारित शिक्षण अभ्यास विद्यालयहरूमा संस्थागत भएको हुनेछ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष (२०८३) | लक्ष्य २०८५ | लक्ष्य २०८८ | लक्ष्य २०९३ |
|---|---|---|---|---|---|---|
| १ | तीव्र गतिको इन्टरनेट सुविधा सहितका विद्यालयको प्रतिशत | प्रतिशत | ५० | ६० | ८० | १०० |
| २ | कम्प्युटर, प्रोजेक्टर वा स्मार्ट बोर्ड उपलब्ध भएका विद्यालयको प्रतिशत | प्रतिशत | ४० | ७० | ९० | १०० |
| ३ | ICT सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | प्रतिशत | ४० | ५० | ७५ | १०० |
| ४ | डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालयको प्रतिशत | प्रतिशत | ३० | ५० | ८० | १०० |
| ५ | विद्यालय सूचना व्यवस्थापन तथा प्रशासनिक कार्य डिजिटलीकरण भएका विद्यालयको प्रतिशत | प्रतिशत | ३५ | ४० | ७० | १०० |
| ६ | ICT सुविधा भएका सामुदायिक सिकाइ केन्द्रको संख्या | संख्या | ० | १ | २ | ३ |
| ७ | ICT सम्बन्धी नियमित अनुगमन तथा पृष्ठपोषण प्राप्त विद्यालयको प्रतिशत | प्रतिशत | २५ | ७५ | ९० | १०० |

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष (२०८३) | लक्ष्य २०८५ | लक्ष्य २०८८ | लक्ष्य २०९३ |
|---|---|---|---|---|---|---|
| ८ | विद्यार्थी केन्द्रित ICT आधारित परियोजना सिकाइ सञ्चालन गर्ने विद्यालयको प्रतिशत | प्रतिशत | २० | ४० | ७० | ९० |
| ९ | विद्यालयमा प्रति २० विद्यार्थी एक कम्प्युटरको अनुपात कायम भएका विद्यालयको प्रतिशत | प्रतिशत | १० | ३० | ६० | ९० |
| १० | विद्यालयमा ई–लाईब्रेरी वा डिजिटल सिकाइ स्रोतको पहुँच भएका विद्यालयको प्रतिशत | प्रतिशत | २० | ४० | ७० | १०० |

# परिच्छेद ५

## विद्यालय सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो सार्वजनिक रूपमा अत्यन्त महत्त्वपूर्ण सेवाको प्रभावकारी कार्यान्वयनका लागि सुशासन र व्यवस्थापनको भूमिका निर्णायक हुन्छ। विद्यालय शिक्षा प्रणालीलाई सबल, चुस्त, सेवामुखी तथा परिणाममुखी बनाउन उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समता, समावेशिता र व्यापक सहभागिता सुनिश्चित गर्ने सुशासनका आधारभूत सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ।

सुशासन भन्नाले नीति, योजना, संरचना र कार्यप्रणालीहरूलाई यस्तो रूपमा व्यवस्थित गर्नु हो जसले निर्णय प्रक्रियामा सहभागिता, कार्यान्वयनमा पारदर्शिता, कार्यसम्पादनमा दक्षता, स्रोत व्यवस्थापनमा जवाफदेहिता तथा परिणाममा केन्द्रितता सुनिश्चित गर्दछ। विद्यालय शिक्षामा सुशासन कायम गर्न विद्यार्थीको सिकाइप्रति जवाफदेही प्रणाली विकास गर्नु, कार्यसम्पादनमा प्राथमिकता र स्पष्टता कायम गर्नु तथा सबै सरोकारवालाको भूमिकालाई प्रभावकारी रूपमा परिचालन गर्नु आवश्यक हुन्छ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको बाँडफाँडसहित तीन तहको शासकीय संरचना स्थापित गरेको छ। यस सन्दर्भमा विद्यालय शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन तीनै तहका सरकार, विद्यालय, समुदाय, नागरिक समाज, गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको समन्वित भूमिका आवश्यक हुन्छ।

## ५.१ संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

नेपालको संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको संस्थागत संरचना तीनै तहमा विस्तार भई सेवा प्रवाहलाई निरन्तरता दिइएको छ। बदलिँदो सामाजिक–आर्थिक परिवेश, प्रविधिको तीव्र विकास, जनचेतनाको वृद्धि तथा शैक्षिक मागमा आएको विस्तारलाई सम्बोधन गर्न शासकीय संरचना, प्रक्रिया र संस्थागत क्षमता सुधार अपरिहार्य भएको छ।

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका प्रमुख संयन्त्रहरू—नगर/गाउँ कार्यपालिका, नगर/गाउँ सभा, शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ—मुख्य भूमिकामा रहेका छन्। यी संयन्त्रहरूको प्रभावकारिता वृद्धि गर्न सहभागितामूलक योजना निर्माण, परामर्श प्रक्रिया, क्षमता विकास तथा स्पष्ट कार्यविभाजन आवश्यक हुन्छ। संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारहरू स्पष्ट रूपमा व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका २३ वटा अधिकार क्षेत्रसमेत तोकेको छ, जसले शिक्षा व्यवस्थापनलाई स्थानीय स्तरमै प्रभावकारी बनाउन कानुनी आधार प्रदान गरेको छ।

संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र क्रियाशील छन्। त्यस्तै, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगजस्ता स्वायत्त निकायहरू शिक्षा प्रणालीको गुणस्तर सुनिश्चिततामा महत्वपूर्ण छन्। प्रदेश तहमा शिक्षा तालिम केन्द्रहरू क्रियाशील छन् भने स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत शैक्षिक सेवा प्रवाह हुँदै आएको छ।

### ५.१.२ वर्तमान अवस्था

मोदी गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुदसम्बन्धी कार्य सामाजिक विकास शाखा अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद उपशाखामार्फत सम्पादन हुँदै आएको छ। यद्यपि, शिक्षा क्षेत्रका कार्यक्रमहरूका लागि छुट्टै लेखा तथा प्राविधिक जनशक्ति व्यवस्था नहुँदा वित्तीय अभिलेखीकरण तथा व्यवस्थापन अपेक्षाकृत रूपमा सुदृढ हुन सकेको छैन।

विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ क्रियाशील रहेका छन्। अधिकांश विद्यालयमा यी संरचनाहरूले विद्यालय सञ्चालन, रेखदेख तथा व्यवस्थापनमा सहयोग पुर्‍याइरहेका छन्। साथै, विद्यालय सहयोगी तथा माध्यमिक तह भएका विद्यालयहरूमा विद्यालय सहायक जनशक्तिको व्यवस्था गरिएको छ। विद्यालय व्यवस्थापन समितिका बैठकहरू नियमित रूपमा सञ्चालन हुने गरेको देखिए पनि शिक्षक अभिभावक संघका बैठकहरू अपेक्षाकृत रूपमा नियमित हुन सकेका छैनन्। विद्यालयहरूले सामाजिक परीक्षण तथा लेखा परीक्षण गर्ने अभ्यासलाई निरन्तरता दिएका छन्। नागरिक बडापत्र, गुनासो सुनुवाइ संयन्त्र, अभिभावक भेला तथा विविधता व्यवस्थापनजस्ता सुशासनका आधारभूत अभ्यासहरू विद्यालय स्तरमा विस्तार हुँदै आएका छन्।

तर, समग्र प्रणाली विश्लेषण गर्दा संस्थागत समन्वय, वित्तीय व्यवस्थापन, जनशक्ति क्षमता, तथा सूचना प्रणालीको उपयोग अझ सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ। विशेषतः विद्यालय शिक्षा सुधार, प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय पहुँच विस्तार, समावेशिता प्रवर्द्धन तथा परिणाममुखी शिक्षण प्रणाली विकासका लागि संस्थागत संरचना र प्रक्रियामा सुधार आवश्यक रहेको छ।

### ५.१.३ उद्देश्य

क) स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा व्यवस्थापनका लागि प्रभावकारी संस्थागत संरचना विकास गर्नु।
ख) संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्ध सुदृढ गर्नु।
ग) आवश्यक जनशक्ति व्यवस्थापन र स्रोत परिचालन सुनिश्चित गर्नु।
घ) शिक्षा क्षेत्रमा संलग्न जनशक्तिको संस्थागत तथा पेशागत क्षमता विकास गर्नु।

### ५.१.४ रणनीतिहरू

क) स्थानीय तहमा शिक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा संस्थागत सुधार गर्ने।
ख) संगठनात्मक संरचनाअनुसार आवश्यक जनशक्ति दरबन्दी तथा व्यवस्थापन सुनिश्चित गर्ने।
ग) शिक्षक, कर्मचारी तथा विद्यालय नेतृत्व (प्रधानाध्यापक) को पेशागत क्षमता विकास गर्ने।
घ) शिक्षकहरूको पेशागत सहयोग प्रणाली (Professional Support System) स्थापना तथा सुदृढ गर्ने।
ङ) प्रधानाध्यापकलाई विद्यालय नेतृत्व तथा व्यवस्थापनमा सक्षम बनाउने।
च) विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत, साधन तथा पूर्वाधारको प्रभावकारी व्यवस्थापन गर्ने।
छ) विद्यालय प्रशासन तथा व्यवस्थापन प्रणाली सुधार गर्ने।
ज) नियमित तालिम, कार्यशाला तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
झ) विद्यालय तथा शिक्षकहरूको कार्यसम्पादन नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।
ञ) मानव, वित्तीय तथा भौतिक स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्ने।
ट) स्थानीय सरकार, समुदाय तथा सरोकारवालाबीच सहकार्य र समन्वय सुदृढ गर्ने।
ठ) सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग मार्फत शिक्षा प्रशासन तथा शिक्षण–सिकाइ प्रणालीलाई आधुनिकीकरण

गर्ने।

ड) विद्यालय सुधार योजना, बजेट तथा नीति निर्माण प्रक्रियामा क्षमता अभिवृद्धि गर्ने।

ढ) विपद् तथा आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन तथा शिक्षकहरूको तयारी क्षमता विकास गर्ने।

## ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिः**

मोदी गाउँपालिकाभित्रका शिक्षा प्रशासन तथा विद्यालय व्यवस्थापनका सबै निकायहरूमा सुशासनयुक्त, पारदर्शी, उत्तरदायी र परिणाममुखी प्रणाली स्थापित भई बालबालिकाको सिकाइ उपलब्धिप्रति जवाफदेही संस्थागत संरचना विकास भएको हुनेछ।

**ख) नतिजाः**

- विद्यालय तथा शिक्षा प्रशासनमा सुशासन र पारदर्शिता संस्थागत भएको हुनेछ।
- संस्थागत संरचना र जनशक्ति व्यवस्थापन सुदृढ भई सेवा प्रवाह प्रभावकारी भएको हुनेछ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा स्थानीय तहबीच समन्वय र सहकार्य मजबुत भएको हुनेछ।
- शिक्षक तथा विद्यालय नेतृत्वको पेशागत क्षमता अभिवृद्धि भई सिकाइ सुधारमा प्रत्यक्ष योगदान पुगेको हुनेछ।

**ग) प्रमुख क्रियाकलापहरू तथा सूचक र लक्ष्य**

| क.सं. | सूचक | एकाई | आधार वर्ष (२०८३) | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति क्रियाशील रहेका विद्यालयको प्रतिशत | प्रतिशत | ७० | ९० | ९५ | १०० |
| २ | शिक्षक अभिभावक संघ नियमित बैठक बस्ने विद्यालयको प्रतिशत | प्रतिशत | ३० | ७० | ८५ | १०० |
| ३ | सामाजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षण गर्ने विद्यालयको प्रतिशत | प्रतिशत | ७० | ८० | ९५ | १०० |
| ४ | विद्यालय सुधार योजना (SIP) अद्यावधिक भएका विद्यालयको प्रतिशत | प्रतिशत | ५० | ७० | ९० | १०० |
| ५ | प्रधानाध्यापक नेतृत्व विकास तालिम प्राप्त विद्यालय प्रमुखको प्रतिशत | प्रतिशत | ३० | ५० | ८० | १०० |
| ६ | शिक्षक पेशागत विकास तालिम प्राप्त शिक्षकको प्रतिशत | प्रतिशत | ४० | ६० | ८५ | १०० |
| ७ | विद्यालयमा ICT आधारित प्रशासनिक प्रणाली प्रयोग गर्ने विद्यालयको प्रतिशत | प्रतिशत | ३० | ४० | ७० | १०० |
| ८ | नियमित अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन हुने विद्यालयको प्रतिशत | प्रतिशत | २० | ७५ | ९० | १०० |

| क्र.सं. | सूचक | एकाई | आधार वर्ष (२०८३) | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|
| ९ | विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र (GRM) क्रियाशील विद्यालयको प्रतिशत | प्रतिशत | १० | ६० | ८५ | १०० |
| १० | शिक्षा प्रशासनमा आवश्यक जनशक्ति (शिक्षा शाखा/इकाई) पूर्ण दरबन्दी पूर्ति प्रतिशत | प्रतिशत | ५० | ७० | ९० | १०० |
| ११ | अन्तर–सरकारी समन्वय बैठक नियमित हुने अवस्था | संख्या/ वर्ष | ० | २ | ३ | ४ |
| १२ | विपद् तथा आपतकालीन विद्यालय व्यवस्थापन योजना भएका विद्यालयको प्रतिशत | प्रतिशत | २० | ५० | ८० | १०० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

संघीय शासन प्रणालीको कार्यान्वयनसँगै शिक्षाको व्यवस्थापन, सञ्चालन र विकासको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको छ। यस सन्दर्भमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक आवश्यकता, प्राथमिकता तथा उपलब्ध स्रोत साधनलाई आधार मानी शिक्षा योजना तर्जुमा गर्ने र सोहीअनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। स्थानीय शिक्षा योजना भनेको स्थानीय तहको शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय, समावेशी तथा परिणाममुखी बनाउने उद्देश्यले तयार गरिने रणनीतिक तथा कार्यान्वयनमुखी दस्तावेज हो। यस योजनाले प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षा, वैकल्पिक तथा अनौपचारिक शिक्षा, साक्षरता, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार विकास, सिकाइ उपलब्धि सुधार तथा शैक्षिक सुशासन जस्ता क्षेत्रलाई समेट्दछ।

स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत योजना कार्यान्वयन, स्रोत व्यवस्थापन, संस्थागत समन्वय, अनुगमन तथा मूल्याङ्कन, तथा प्रतिवेदन प्रणालीलाई स्पष्ट रूपमा परिभाषित गरिन्छ। यस प्रक्रियामा स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, समुदाय तथा अन्य सरोकारवालाको सक्रिय सहभागिता र सहकार्य अपरिहार्य रहन्छ।

### ५.२.२ वर्तमान अवस्था

मोदी गाउँपालिकाले स्थानीय सरकारको अधिकार क्षेत्रअनुसार शिक्षा क्षेत्रको योजनाबद्ध विकासलाई प्राथमिकतामा राखी स्थानीय शिक्षा योजना कार्यान्वयनको संस्थागत प्रबन्धलाई क्रमशः सुदृढ गर्दै आएको छ। गाउँपालिकाले शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी शिक्षा तथा वैकल्पिक शिक्षासम्बन्धी कार्यक्रमहरूको समन्वय, व्यवस्थापन र कार्यान्वयन गर्दै आएको छ।

योजना कार्यान्वयनका सन्दर्भमा गाउँपालिकाले विद्यालयहरूको तथ्याङ्क सङ्कलन तथा विश्लेषण, विद्यालय सुधार योजना (SIP) कार्यान्वयनमा सहजीकरण, शिक्षक दरबन्दी व्यवस्थापन तथा आवश्यकताअनुसार पुनर्वितरण, रिक्त पदमा शिक्षक व्यवस्थापन प्रक्रियामा समन्वय, तथा शिक्षकहरूको पेशागत क्षमता विकासका लागि तालिम, कार्यशाला, क्लस्टर बैठक

तथा मेन्टरिङ कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसैगरी सिकाइ उपलब्धि सुधार, समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम, विद्यालय पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धि तथा नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने कार्यहरू पनि सञ्चालन भइरहेका छन् ।

साथै, गाउँपालिकाले सरोकारवालासँग समन्वय गर्दै स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउने, जनशक्ति व्यवस्थापनका लागि आवश्यक कानुनी तथा कार्यविधिगत व्यवस्था गर्ने, बजेट सुनिश्चितता गर्ने, तीन तहका सरकारबीच समन्वय सुदृढ गर्ने, वार्षिक रणनीतिक तथा कार्यान्वयन योजना तयार गर्ने तथा सरोकारवालालाई अभिमुखीकरण (प्रबोधिकरण) गर्ने कार्यहरू समेत गर्दै आएको छ ।

### ५.२.३ उद्देश्य

क) शिक्षा योजनाको प्रभावकारी, परिणाममुखी र समयबद्ध कार्यान्वयन सुनिश्चित गर्नु ।

### ५.२.४ रणनीतिहरू

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, अन्य अनुदान तथा स्थानीय स्रोतसमेत समावेश गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।
ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका निर्माण र अद्यावधिक गर्ने ।
ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, सहजीकरण तथा समस्या समाधान प्रणालीलाई प्रभावकारी बनाउने ।
घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मार्फत कार्यक्रम कार्यान्वयन र नतिजा नियमित रूपमा अभिलेखीकरण तथा समीक्षा गर्ने ।
ङ) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको संस्थागत क्षमता विकास गर्दै सक्रिय भूमिका सुनिश्चित गर्ने ।
च) विद्यालय सुधार योजना (SIP) निर्माण, अद्यावधिक तथा कार्यान्वयनलाई अनिवार्य र परिणाममुखी बनाउने ।
छ) विद्यालय नेतृत्व (प्रधानाध्यापक) लाई उत्तरदायी बनाउँदै कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने ।
ज) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा कक्षाकोठा समय व्यवस्थापनसम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।
झ) अभिभावक तथा सरोकारवालासँग नियमित अन्तरक्रिया, अभिभावक भेला तथा सामाजिक परीक्षणलाई संस्थागत गर्ने ।
ञ) सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, सीप विकास तथा आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन गरी आजीवन सिकाइ प्रवर्द्धन गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धिः

मोदी गाउँपालिकामा शिक्षा योजनाको प्रभावकारी, पारदर्शी र परिणाममुखी कार्यान्वयन सुनिश्चित भई विद्यालय शिक्षा प्रणाली सुशासनयुक्त, समावेशी तथा गुणस्तरीय रूपमा सुदृढ भएको हुनेछ ।

**ख) नतिजाः**

- शिक्षा योजना कार्यान्वयन प्रणाली संस्थागत र प्रभावकारी भएको हुनेछ ।
- विद्यालयस्तरमा कार्यक्रम कार्यान्वयन क्षमता सुदृढ भएको हुनेछ ।
- स्रोत साधनको प्रभावकारी उपयोग तथा वित्तीय पारदर्शिता सुनिश्चित भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ भई निर्णय प्रक्रिया तथ्यमा आधारित भएको हुनेछ ।
- सामुदायिक सहभागिता तथा जवाफदेहिता प्रणाली मजबुत भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | वर्ष (२०८३) | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा वार्षिक शिक्षा योजना तथा बजेट समयमै तर्जुमा भएका | वर्ष | ० | १ | १ | १ |
| २ | EMIS (एकीकृत शैक्षिक सूचना प्रणाली) पूर्ण अद्यावधिक भएका विद्यालयको प्रतिशत | % | ५० | ८० | ९५ | १०० |
| ३ | विद्यालय सुधार योजना (SIP) कार्यान्वयन भएका विद्यालयको प्रतिशत | % | ६० | ७५ | ९० | १०० |
| ४ | नियमित अनुगमन तथा सहजीकरण भएका विद्यालयको प्रतिशत | % | ३० | ८० | ९५ | १०० |
| ५ | सामाजिक परीक्षण तथा सार्वजनिक लेखा परीक्षण सम्पन्न गर्ने विद्यालयको प्रतिशत | % | ६० | ८५ | ९५ | १०० |
| ६ | शिक्षक दरबन्दी व्यवस्थापन तथा पुनर्वितरण गरिएको विद्यालयको प्रतिशत | % | ५० | ७० | ९० | १०० |
| ७ | अभिभावक भेला/सहभागिता नियमित भएका विद्यालयको प्रतिशत | % | २० | ७५ | ९० | १०० |
| ८ | सामुदायिक सिकाइ केन्द्रमार्फत कार्यक्रम सञ्चालन भएका वडाको संख्या | संख्या | ० | ३ | ५ | ८ |
| ९ | विद्यालयमा वित्तीय पारदर्शिता मापदण्ड (आन्तरिक लेखा परीक्षण) पालना गर्ने विद्यालयको प्रतिशत | % | ६० | ८० | ९५ | १०० |
| १० | ICT/डिजिटल सूचना व्यवस्थापन प्रयोग गर्ने विद्यालयको प्रतिशत | % | ३० | ६० | ८५ | १०० |

## ५.३ अनुगमन  तथा  मूल्याङ्कन

### ५.३.१ परिचय

स्थानीय तहले शिक्षा क्षेत्रका कार्यक्रमहरू वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटअनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ। विद्यालय शिक्षा अन्तर्गत आधारभूत तथा माध्यमिक तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउनु आवश्यक हुन्छ। यसका लागि शिक्षा शाखाले आवश्यक प्राविधिक तथा प्रशासनिक सहजीकरण गर्दै कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट, मार्गदर्शन तथा प्रबन्ध सुनिश्चित गर्नेछ।

अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति गठन गरिनेछ। विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति (BMC) तथा प्रधानाध्यापकको नेतृत्वमा नियमित अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण प्रणाली सञ्चालन गरिनेछ। यस प्रक्रियामा विद्यालयका शैक्षिक, प्रशासनिक, वित्तीय तथा भौतिक पक्षहरूको नियमित अनुगमन गरिनेछ।

अनुगमन पश्चात सरोकारवालासँग समीक्षा बैठक सञ्चालन गरी उपलब्धिहरूको विश्लेषण, समस्या पहिचान तथा सुधारात्मक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न पालिका तथा विद्यालय तहमा स्पष्ट कार्यविधि तथा संयन्त्र विकास गरी निरन्तर रूपमा सञ्चालन गरिनेछ।

### ५.३.२ वर्तमान अवस्था

मोदी गाउँपालिकामा शिक्षा क्षेत्रका कार्यक्रमहरूको अनुगमन, नियमन तथा मूल्याङ्कन कार्य शिक्षा शाखा तथा जनप्रतिनिधिहरूको संलग्नतामा सञ्चालन हुँदै आएको छ। विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको नेतृत्वमा आन्तरिक अनुगमन गर्ने अभ्यास विकास भएको छ।

यद्यपि, हालसम्म गरिएको अनुगमन तथा मूल्याङ्कनबाट सुधारात्मक सुझावहरू प्रदान हुने गरे पनि ती सुझावहरूको कार्यान्वयन पक्ष अपेक्षाकृत रूपमा कमजोर रहेको देखिन्छ। प्रभावकारी, नियमित तथा संस्थागत अनुगमन प्रणालीको अभावका कारण अनुगमनलाई परिणाममुखी बनाउन चुनौतीहरू विद्यमान छन्।

त्यसैगरी, सफल अभ्यासहरूको दस्तावेजीकरण, सिकाइको विश्लेषण तथा प्रचार–प्रसार प्रणाली पर्याप्त रूपमा विकसित हुन सकेको छैन। तथापि, ऐन, नियम तथा कार्यविधिअनुसार कार्यक्रमको प्रगति समीक्षा, लक्ष्य प्राप्ति मूल्याङ्कन तथा वित्तीय व्यवस्थापनको लेखाजोखा गर्ने कार्य नियमित रूपमा हुँदै आएको छ।

योजनाको प्रभावकारी कार्यान्वयनका लागि पालिका, वडा, विद्यालय तथा सम्बन्धित समितिहरूबीच समन्वयात्मक बैठक, सूचना आदान–प्रदान तथा सहकार्य प्रणालीलाई क्रमशः सुदृढ बनाउँदै लगिएको छ।

### ५.३.३ उद्देश्य

क) प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संयन्त्र स्थापना गर्नु।
ख) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक, पारदर्शी र उत्तरदायी बनाउनु।
ग) योजना कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको समयमै पहिचान गरी समाधानमार्फत अपेक्षित उपलब्धि हासिल गर्नु।

### ५.३.४ रणनीतिहरू

क) प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संयन्त्र (Monitoring Committee) निर्माण तथा सुदृढ गर्ने ।
ख) शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन (Guidelines) तयार गरी कार्यान्वयन गर्ने ।
ग) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) लाई अनुगमन तथा प्रतिवेदन प्रणालीसँग आबद्ध गर्ने ।
घ) नतिजामूलक (Result-based) अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
ङ) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई नियमित र संस्थागत गर्ने ।
च) अनुगमनबाट प्राप्त निष्कर्षका आधारमा सुधारात्मक योजना निर्माण गरी कार्यान्वयन सुनिश्चित गर्ने ।
छ) अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सरोकारवालाको सहभागिता र पारदर्शिता सुनिश्चित गर्ने ।
ज) राम्रो अभ्यासहरूको दस्तावेजीकरण, सिकाइ आदान–प्रदान तथा प्रचार–प्रसार प्रणाली विकास गर्ने ।

### ५.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धिः**

मोदी गाउँपालिकामा शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत, नतिजामूलक, पारदर्शी र उत्तरदायी भई योजना कार्यान्वयनको प्रभावकारिता उल्लेखनीय रूपमा वृद्धि भएको हुनेछ ।

**ख) नतिजाः**

- अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत र नियमित भएको हुनेछ ।
- विद्यालय तथा शिक्षा कार्यक्रमहरूको कार्यान्वयन स्तरमा सुधार आएको हुनेछ ।
- EMIS तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली सुदृढ भएको हुनेछ ।
- सुधारात्मक कार्य योजना (Corrective Action Plan) कार्यान्वयन हुने परिपाटी स्थापित भएको हुनेछ ।
- सरोकारवालाको सहभागिता र जवाफदेहिता प्रणाली प्रभावकारी भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलापहरू तथा र लक्ष्य**

| क्र.सं. | सूचक | एकाई | वर्ष (२०८३) | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक अनुगमन कार्ययोजना तयार भएका वर्ष | वर्ष | ० | १ | १ | १ |
| २ | नियमित अनुगमन गरिएका विद्यालयको प्रतिशत | % | २० | ८० | ९५ | १०० |
| ३ | अनुगमन प्रतिवेदन तयार गरी कार्यान्वयन भएका विद्यालयको प्रतिशत | % | २० | ७० | ९० | १०० |
| ५ | विद्यालय कार्यसम्पादन मूल्याङ्कन (School Performance Assessment) सम्पन्न हुने विद्यालयको प्रतिशत | % | ० | ५० | ९० | १०० |

| क्र.सं. | सूचक | एकाई | वर्ष (२०८३) | २०८५ | २०८८ | २०९३ |
|---|---|---|---|---|---|---|
| ६ | विद्यार्थी उपलब्धि परीक्षण (Learning Assessment) सञ्चालन भएका विद्यालयको प्रतिशत | % | ० | ५० | ८५ | १०० |
| ७ | सुधारात्मक कार्ययोजना (CAP) लागू भएका विद्यालयको प्रतिशत | % | ० | ६५ | ८५ | १०० |
| ८ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सम्पन्न गर्ने विद्यालयको प्रतिशत | % | १० | ८५ | ९५ | १०० |
| ९ | अनुगमनमा सरोकारवालाको सहभागिता भएको कार्यक्रमको प्रतिशत | % | २० | ७० | ९० | १०० |
| १० | अनुगमन प्रतिवेदनका आधारमा निर्णय कार्यान्वयन हुने दर | % | २० | ६५ | ८५ | १०० |
| ११ | राम्रो अभ्यास (Best Practices) दस्तावेजीकृत भएका विद्यालयको प्रतिशत | % | १० | ५० | ७५ | १०० |
| १२ | त्रैमासिक समीक्षा तथा समन्वय बैठक नियमित हुने संख्या | संख्या/वर्ष | २ | ३ | ४ | ४ |

# परिच्छेद ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

सबै नागरीकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ। आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ। आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ। कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ। एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ। शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन। विभिन्न प्रतिवेदनहरूले कूल बजेटको २०प्रतिशत बजेट शिक्षामा विनियोजन गरीएता पनि सो अनुपातमा पुग्न सकेको छैन। यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभइ हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ। समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ। संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरीएको छ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरीनुले शिक्षामा लगानीको राम्रो अवसर प्रदान गरेको छ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कूल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ। सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन। विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लागनीका अतिरिक्त गाँउपालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रतिविद्यार्थी लागत ६५७६९ रहेको छ।

पञ्चवर्षीय गाँउ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मूख्य स्रोत सङ्घीय,प्रदेश र स्थानीय सरकार रहनेछन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ। शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ। समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन। नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरीनेछ। श्रोतको आँकलन तपसिल बमोजिम रहेको छ।

| वित्तीय स्रोतको व्यबस्थापन | आर्थिक बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | | | | | २०८२/८३ | |
| | स्वीकृत बार्षिक बजेट(हजारमा) | कूल प्रगति(हजारमा) | प्रगति प्रतिशत | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत | स्वीकृत बार्षिक बजेट(हजारमा) | |
| संघीय सरकार | २३०१९७ | २१२९९१ | ९२.५ | ३६३९ | ६५७६९ | २५३४०० | आ.व.२०८२/०८३ मा विशेष अनुदान समेत |
| स्थानीय सरकार | ३११०७ | २२११८ | ७१.१ | | | २७८०० | |
| संघ संस्था र दातृ निकाय | ४२२५ | ४२२५ | १०० | | | २५७९ | |
| जम्मा | २६५५२९ | २३९३३४ | ९०.१३ | | | २८३७७९ | |
| कूल बजेट | ५८३८२४ | ४६८३४३ | ८०.२२ | | | ६३६३८० | |
| शिक्षा क्षेत्रमा बजेटको प्रतिशत | ४५.४८ | | | | | ४४.५९ | |

## ६.३ उद्देश्य

क) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,

ख) पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,

ग) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,

घ) खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.४ रणनीतिहरु

क) सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरीने,

ख) आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच,सहभागीता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरीने,

ग) स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

घ) वार्षिक रूपमा कूल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरीने,

ङ) शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरीने,

च) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरीने,

छ) वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५ उपलब्धि तथा अनुमानित बजेट विवरण

### अपेक्षित उपलब्धि

क) शिक्षामा स्रोतको दिगो व्यवस्थापन भइ शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,

ख) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

**क्षेत्रगत र अन्तर सम्बन्धित विषय क्षेत्र अन्तरगतका क्रियाकलापहरुको लागि अनुमानित बजेट**

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) को बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु. हजारमा | | | | | | स्रोत आँकलन रु.हजारमा | | | |
| क्र.स. | क्षेत्रगत क्रियाकलापहरु | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | प्रारम्भिक वाल विकास र शिक्षा | १७७०६ | २३४२० | २४४५० | २४५५० | २४९०० | ११५०२६ | ६६९२० | १८८० | ४६२२६ | |
| २ | आधारभूत शिक्षा | १९३२८३ | २००५५० | २०३७५० | २०३७५० | २०४२५० | १००५५८३ | ९४७६८३ | १७५० | ५६१५० | |
| ३ | माध्मिक शिक्षा | ५१४४० | ६१७०० | ६३५२० | ६३०२० | ६३०२० | ३०२७०० | २५०७५० | १०६०० | ४१३५० | |
| ४ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ८५० | ३८०० | ४०२० | ४५२० | ४५२० | १७७१० | ८१०० | २५०० | ६०१० | ११०० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ६२०० | ८००० | ८६०० | ८१०० | ८१०० | ३९००० | १८६०० | ३६०० | १६८०० | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ११५० | ४२५० | ४४५० | ४४५० | ४३५० | १८५५० | ४८५० | १४०० | १२३०० | |
| ७ | समता र समावेशीता | ४८३० | ५३५० | ५४७० | ५३७० | ५३७० | २६३९० | ६५०० | १३०० | ६२९० | १२३०० |
| ८ | सूचना तथा सञ्चार प्रविधि | १४३०० | १५२०० | ४२०० | २२०० | १५२०० | ५११०० | २७५०० | ११००० | १२६०० | |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) को बजेट अनुमान | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | क्षेत्रगत क्रियाकलाप हरु | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु. हजारमा | | | | | | स्रोत आँकलन रु.हजारमा | | | |
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | संघ | प्रदेश | स्थानीय तह | अन्य |
| ९ | विद्यालय भौतिक पूर्वाधार विकास | ४९२० | २०६०० | १५९५० | १०४५० | ८५०० | ६०४२० | १८७०० | १३२०० | २८५२० | |
| १० | आपतकालीन अवस्थामा शिक्षा | ८५० | २००० | १९०० | १९०० | २००० | ८६५० | ३३०० | १७५० | ३६०० | |
| ११ | विद्यालय शुसासन व्यबस्थापन /प्रवर्द्धन | ८६९० | १०५५० | १०६५० | १०६५० | १०८५० | ५१३९० | ४२४९० | ५०० | ८४०० | |
| १२ | गाँउ शिक्षा योजना कार्यान्वयन | ८०० | ९०० | ८०० | ७०० | १९०० | ५१०० | ३५०० | ६०० | १००० | |
| १३ | अनुगमन तथा मूल्याङ्कन | २१५० | २९०० | २६०० | ३१०० | २७०० | १३४५० | ८८०० | ७०० | ३९५० | |
| १४ | विद्यालय खेलकुद र क्याम्पस | १००० | ३५०० | ४५०० | ४५०० | ४५०० | १८००० | १५०० | ४५०० | १२००० | |
| जम्मा | | ३०८१६९ | ३६२७२० | ३५४८६० | ३४७२६० | ३६०१६० | १७३३०६९ | १४०९१९३ | ५५२८० | २५५१९६ | १३४०० |

## परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन, समन्वय र सहजिकरण

### ७.१ परिचय

यस गाउँपालिकाले स्वीकृत वार्षिक शिक्षा कार्यक्रम तथा बजेटको अधीनमा रही शिक्षा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी र परिणाममुखी कार्यान्वयन सुनिश्चित गर्नेछ। स्थानीय तह तथा विद्यालय तहबाट सञ्चालन हुने आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्यक्रमहरू निर्धारित कार्ययोजना, समयसीमा र जिम्मेवारी बमोजिम कार्यान्वयन गरीनेछ। कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन, स्रोत व्यवस्थापन तथा प्राविधिक सहजीकरणको जिम्मेवारी गाउँपालिकाको सामाजिक विकास शाखा मार्फत शिक्षा, युवा तथा खेलकुद उपशाखाले वहन गर्नेछ।

कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, प्रगति तथा उपलब्धिको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिका स्तरमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी परिचालन गरीनेछ। त्यसैगरी विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागीतामा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा समीक्षा गरीने व्यवस्था मिलाईनेछ।

गाउँपालिकाबाट विद्यालयहरूको शैक्षिक, प्रशासनिक, व्यवस्थापकीय तथा भौतिक पक्षको नियमित अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण गरीनेछ। अनुगमनबाट प्राप्त सुझाव, सिकाइ र निष्कर्षका आधारमा सरोकारवालासँग समीक्षा बैठक सञ्चालन गरी उत्कृष्ट अभ्यासहरूको प्रचार-प्रसार तथा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी कार्ययोजना निर्माण तथा कार्यान्वयन गरीनेछ।

कार्यक्रमहरूको गुणस्तरीय कार्यान्वयन, जवाफदेहिता अभिवृद्धि तथा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नीतिगत रूपमा पालिका तथा विद्यालय तहमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समितिहरू गठन गरी सक्रिय रूपमा परिचालन गरीनेछ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरीरहेको छ। खासगरी गाँउ पालिकाको शिक्षा उपशाखावाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरीएको र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन गरीएको छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ। कहिलेकाही गरीएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरूनियमित रूपमा भैरहेका छन्। सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन

लेखाजोखा तथा मूल्याङकन गरीने छ। अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ।

## शैक्षिक अनुगमन प्रणाली

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | गाँउ शिक्षा समिति | | संयोजक | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाई | | इकाइ प्रमुख | वार्षिक | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | | वार्षिक | |
| ९ | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| १० | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | मासिक | |

गाँउ शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइ, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाँउपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ। योजनाको कार्यान्वयनको क्रममा गाँउपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ।

### ७.३ उद्देश्य

क) बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु

### ७.४ रणनीतिहरु

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,

ग) शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने,

घ) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,

ङ) योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने,

च) प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,

ज) कूल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने,

झ) सहभागीता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने,

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,

ट) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने।

### ७.५ उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धिः** प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भइ अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भइ आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र. सं. | सूचक | आधार वर्ष | वार्षिक लक्ष्य | आवधिक लक्ष्य |
|---|---|---|---|---|
| १ | नियमित विद्यालय अनुगमनको प्रतिशत | न्यून | ८०-१००% | निरन्तर |
| २ | EMIS अद्यावधिक दर | आंशिक | १००% विद्यालय | वार्षिक |
| ३ | समीक्षा बैठकको संख्या | अनियमित | कम्तीमा ४ प्रति वर्ष | त्रैमासिक |
| ४ | अनुगमन प्रतिवेदन तयारी | सीमित | प्रत्येक अनुगमनपछि | निरन्तर |
| ५ | सुधारात्मक कार्यान्वयन दर | कमजोर | ७०% भन्दा बढी | बढ्दो |

## सन्दर्भ सामग्रीहरु


नेपाल सरकार (२०७२). *नेपालको संविधान,* काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार (२०७४). *स्थानीय सरकार सञ्चालन ऐन, २०७४* काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार (२०७५). *अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५* काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार (२०७५). *बालबालिका सम्बन्धी ऐन, २०७५* काठमाडौं: नेपाल सरकार ।

नेपाल सरकार (२०७७). *अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७* काठमाडौं: नेपाल सरकार ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). *राष्ट्रिय शिक्षा नीति, २०७६* काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९). *विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/२३–२०३१/३२)* काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

राष्ट्रिय योजना आयोग (२०८१). *सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६)* काठमाडौं: राष्ट्रिय योजना आयोग ।

राष्ट्रिय योजना आयोग (२०७९). *दिगो विकास लक्ष्यः राष्ट्रिय मार्गचित्र तथा सूचकहरू* काठमाडौं: राष्ट्रिय योजना आयोग ।

पाठ्यक्रम विकास केन्द्र (२०७६). *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६* भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०८०). *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०८० भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८१). *फ्ल्यास प्रतिवेदन–१, शैक्षिक सत्र २०८०* भक्तपुर: शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८१). *फ्ल्यास प्रतिवेदन–२, शैक्षिक सत्र २०८०* भक्तपुर: शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२). *फ्ल्यास प्रतिवेदन–१, शैक्षिक सत्र २०८१* भक्तपुर: शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८२). *फ्ल्यास प्रतिवेदन–२, शैक्षिक सत्र २०८१* भक्तपुर: शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८३). शिक्षा व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रतिवेदन, २०८२ भक्तपुर: शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६). *राष्ट्रिय बालविकास तथा सिकाइ मापदण्ड* काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७८). *प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी राष्ट्रिय रणनीति* काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, *युवा तथा खेलकुद मन्त्रालय (२०८१) प्रदेश शिक्षा नीति तथा कार्यक्रम* पोखरा: सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय ।

मोदी गाउँपालिका (२०७६). *मोदी गाउँपालिकाको आवधिक विकास योजना* पर्वत: मोदी गाउँपालिका ।

मोदी गाउँपालिका (२०८१). *वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका* पर्वत: मोदी गाउँपालिका ।

मोदी गाउँपालिका (२०८२). *वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिका* पर्वत: मोदी गाउँपालिका ।

## अनुसुचीहरु

१. विनियोजित बजेट र खर्चको अवस्था तथा विद्यार्थी विवरण
२. विस्तृत क्रियाकलाप र लक्ष्य
३. अनुमानित बजेट र लक्ष्य
४. कार्यपालिकाको बैठकको निर्णय
५. योजना निर्माण समितिको गठन
६. योजना निर्माण कार्यदल गठन
७. सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय
८. प्रथम मस्यौदा तयारी
९. योजनाको अन्तिम रुप
१०.योजनाको मूल्यांकन
११.योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

## अनुसुची १

## विनियोजित बजेट र खर्चको अवस्था तथा विद्यार्थी विवरण

***मोदी गाँउपालिकामा शिक्षा शिक्षा तर्फ विनियोजित बजेट र खर्चको अवस्था***

| वित्तीय स्रोतको व्यबस्थापन | आर्थिक बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | | | | | २०८२/८३ | |
| | स्वीकृत बार्षिक बजेट(हजारमा) | कूल प्रगति(हजारमा) | प्रगति प्रतिशत | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत | स्वीकृत बार्षिक बजेट(हजारमा) | |
| संघीय सरकार | २३०१९७ | २१२९९१ | ९२.५ | | | २५३४०० | |
| स्थानीय सरकार | ३११०७ | २२११८ | ७१.१ | | | २७८०० | |
| संघ संस्था र दातृ निकाय | ४२२५ | ४२२५ | १०० | ३६३९ | ६५७६९ | २५७९ | आ.व.२०८२/०८३ मा विशेष अनुदान समेत |
| जम्मा | २६५५२९ | २३९३३४ | ९०.१३ | | | २८३७७९ | |
| कूल बजेट | ५८३८२४ | ४६८३४३ | ८०.२२ | | | ६३६३८० | |
| **शिक्षा क्षेत्रमा बजेटको प्रतिशत** | ४५.४८ | | | | | ४४.५९ | |

***विद्यार्थीको विवरण शैक्षिक सत्र २०८२ र २०८३***

| शैक्षिक वर्ष | विवरण | ECD/PPC | कक्षा १ | कक्षा (१-५) | कक्षा ८ | कक्षा (६-८) | कक्षा ९ | कक्षा १० | कक्षा (९-१०) | कक्षा ११ | कक्षा १२ | कक्षा (११-१२) | जम्मा (ECD सहित) | जम्मा (ECD बाहेक) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **२०८३** | **छात्रा** | १९२ | १३२ | ५६८ | १२९ | ३७३ | ६९ | ११२ | १८१ | ४३ | १२ | ५५ | १३६९ | ११७७ |
| | **छात्र** | २४४ | १७७ | ६५९ | १३७ | ४१३ | ९४ | १३८ | २३२ | ५७ | १५ | ७२ | १६२० | १३७६ |
| | **कूल** | ४३६ | ३०९ | १२२७ | २६६ | ७८६ | १६३ | २५० | ४१३ | १०० | २७ | १२७ | २९८९ | २५५३ |
| **२०८२** | **छात्रा** | ३०२ | १४९ | ६४३ | १२६ | ३८८ | १२८ | १२७ | २५५ | ६२ | ४७ | १०९ | १६९७ | १३९५ |
| | **छात्र** | ३७८ | १३४ | ७०६ | १५७ | ४५१ | १६१ | १५० | ३११ | ५० | ४६ | ९६ | १९४२ | १५६४ |
| | **कूल** | ६८० | २८३ | १३४९ | २८३ | ८३९ | २८९ | २७७ | ५६६ | ११२ | ९३ | २०५ | ३६३९ | २९५९ |

## अनुसुची २

## योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | आधारभूत शिक्षा | जना | २५१ | २५१ | २५१ | २५१ | २५१ | १२५५ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | माध्यमिक शिक्षा | जना | ५३ | ५३ | ५३ | ५३ | ५३ | २६५ |
| ३ | प्रारम्भिक बालविकासका सहजकर्ताहरूको पारिश्रमिक | प्रारम्भिक बालविकास र शिक्षा | जना | ५७ | ५७ | ५७ | ५७ | ५७ | २८५ |
| ४ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | माध्यमिक शिक्षा | जना | २२ | २२ | २२ | २२ | २२ | ११० |
| ५ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | आधारभूत शिक्षा | जना | ६२ | ६२ | ६२ | ६२ | ६२ | ३१० |
| ६ | प्रारम्भिक बालविकासमा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | प्रारम्भिक बालविकास र शिक्षा | जना | ४६० | ४७५ | ४९० | ५०० | ५०० | २४२५ |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| ७ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनःआवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | आधारभूत शिक्षा | जना | ११५० | ११८० | १२०० | १२०० | १२०० | ५९३० |
| ८ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | आधारभूत शिक्षा | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० |
| ९ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | आधारभूत शिक्षा | वटा | १६ | १६ | १६ | १६ | १६ | ८० |
| १० | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | माध्यमिक शिक्षा | जना | ४२६ | ४२६ | ४२६ | ४२६ | ४२६ | २१३० |
| ११ | प्राविधिक विद्यालयका प्रशिक्षक तलब भत्ता अनुदान | माध्यमिक शिक्षा | जना | १० | १० | १० | १० | १० | ५० |
| १२ | प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | माध्यमिक शिक्षा | जना | ४० | ६० | ७० | ७५ | ७५ | ३२० |
| १३ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | माध्यमिक शिक्षा | जना | १२७ | १२७ | १२७ | १२७ | १२७ | ६३५ |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १४ | (कक्षा १-८) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | आधारभूत शिक्षा | जना | ११५० | ११८० | १२०० | १२०० | १२०० | ५९३० |
| १५ | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | माध्यमिक शिक्षा | जना | ४२६ | ४२६ | ४२६ | ४२६ | ४२६ | २१३० |
| १६ | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | माध्यमिक शिक्षा | जना | १२७ | १२७ | १२७ | १२७ | १२७ | ६३५ |
| १७ | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | समता र समावेशीकरण | जना | ५४० | ५४० | ५४० | ५४० | ५४० | २७०० |
| १८ | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | समता र समावेशीकरण | जना | २ | २ | २ | २ | २ | १० |
| १९ | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | समता र समावेशीकरण | जना | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| २० | HIV प्रभावित बालाबालिकाका लागि आवासीय प्रबन्ध सहितको विद्यालय | समता र समावेशीकरण | वटा | ० | ० | १ | ० | ० | १ |
| २१ | सडक बालाबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रवन्धका लागि छात्रवृति | समता र समावेशीकरण | वटा | ० | ० | १ | ० | ० | १ |
| २२ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | समता र समावेशीकरण | जना | १८० | २०० | २०० | २०० | २०० | ९८० |
| २३ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | आधारभूत शिक्षा | वटा | १३ | १३ | १३ | १३ | १३ | ६५ |
| २४ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | आधारभूत शिक्षा | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| २५ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | माध्यमिक शिक्षा | वटा | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| २६ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | माध्यमिक शिक्षा | वटा | ४ | ४ | ४ | ४ | ४ | २० |
| २७ | आधारभूत विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | आधारभूत शिक्षा | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० |
| २८ | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | माध्यमिक शिक्षा | वटा | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| २९ | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | आधारभूत शिक्षा | वटा | ५२ | ५२ | ५२ | ५२ | ५२ | २६० |
| ३० | आवासीय छात्रवृति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान | समता र समावेशीकरण | वटा | २ | २ | २ | २ | २ | १० |
| ३१ | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान | माध्यमिक शिक्षा | वटा | १ | १ | १ | १ | १ | ५ |
| ३२ | हाल सञ्चालनमा रहेका बहुकक्षा MGML सन्चालन अनुदान | आधारभूत शिक्षा | | | | | | | ० |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| ३३ | अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान (कक्षा १-८) | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | वटा | ० | १ | १ | १ | १ | ४ |
| ३४ | अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | वटा | ० | १ | १ | १ | १ | ४ |
| | | | | | | | | | |
| ३५ | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाहलाई विदयालय भर्ना र सिकाइ निरन्तरता ,Equity Index वृद्धिका लागि र लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | संस्थागत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३६ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | वटा | १ | ३ | २ | १ | 1 | ८ |
| ३७ | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | विद्यालय भौतिक पूर्वाधार विकास | वटा | ० | ० | १ | १ | १ | ३ |
| ३८ | समार्ट कक्षा कोठा विकास र विस्तार | सूचना तथा सञ्चार प्रविधि | वटा | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ३९ | कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | पाठ्यक्रम र मूल्याङ्कन | जना | 386 | 400 | 420 | 450 | 500 | २१५६ |

| योजना अवधि ( २०८३/०८४-२०८७/०८८) का प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | क्रियाकलाप विस्तृतीकरण | क्षेत्र | लक्ष्य इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
| | | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| ४० | स्थानीय शिक्षा योजना अद्यावधिक एवम् कार्यान्वयनको लागि स्थानीय तहलाई अनुदान | संस्थागत क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४१ | प्राविधिक धारतर्फ कक्षा ११ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान | माध्यमिक शिक्षा | वटा | १ | १ | १ | १ | १ | ५ |
| ४२ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | माध्यमिक शिक्षा | वटा | १ | १ | १ | १ | १ | ५ |
| ४३ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | विद्यालय स्वास्थ्य, पोषण र सरसफाई कार्यक्रम | जना | 555 | ५८० | ६१० | ६५० | ७०० | ३०९५ |
| ४४ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक व्यवस्थापन र विकास | जना | १० | १२ | १३ | १४ | १५ | ६४ |
